
# संघीय

मासिक

वर्ष - १ अङ्क - ८ पूर्णाङ्क-८ माघ-फागुन, २०६९ (Feb., 2013) किरात येले तङ्गप ५०६३



प्रा. डा. महेन्द्र लावती



# पहिचानसहितको संघीयताको बाटो

## लिम्बुवान आन्दोलन सशस्त्र कि शान्तिपूर्ण ?

- अब पहिचान पक्षधरको मत बढेर संघात्मक व्यवस्था आउने सम्भावना बढेको छ ।
- पहिचानसहितको संघीयताको लागि विद्रोह भएको छः हामीले साथ पाएका छौं ।

- कुमार लिङ्देन 'मिराक'



संघीय
sanghiya.com
Contact Us
About Us
HOME
HEADLINES
NEWS
OPINION
FEDERAL DISCOURSE
LITERATURE
GALLERY
VIDEO
MAGAZINE
ताजा समाचार
लोकप्रिय
ताजा कमेन्ट
इन्ड अफ बाहुनिज्म
मोरङ राजघाटमा लिम्बुवानको क्षेत्रिय आमसभामा सम्पन्न
घोषणा कार्यक्रम
संघीय मासिक वर्ष १, अंक ६/७, पुस-माघ २०६७
Other Magazine
Voice of Indigenous Peoples and Ethnic-Federalists of Nepal
www.sanghiya.com
Visit & remember us for
Federal News, Interviews, Articles, Discourse & Literature, etc.




पान नं.: ३०५२६९०३४
दर्ता नं.: ८७२९०/०६८/०६९
गोल्डेन एप्पल ज्वेलर्स प्रा. लि.
Golden Apple Jewellers Pvt. Ltd.
१) सबै प्रकारका सुन, चाँदीको बिभिन्न डिजाइनका गहनाहरु बनाई बिक्री गरिन्छ ।
२) कमाएको सुन चाँदीका गहनाहरु उचित मूल्यमा खरिद वा साटासाट गरिन्छ ।
३) कमट भएको सुन चाँदीका गहनाहरु उचित मूल्य कायम गरी धरौटी राखिन्छ ।
प्रोप्राइटर: तेजिन्द्र सुब्बा
ललितपुर उ.प.म.न.पा.-१४, सातदोबाटो, ताल्छिखेल
फोन नं.: ०१-५५४७७९४, ९८५११०२४९१, ९८४११७४७६९, ९८१३०७३७५६

## संविधानसभाको विघटन ?




**पहिचानसहितको संघीयताको बाटो** ३
■ मेन्निसाम याम्पी

**पहिचानसहितको संघीयताको लागि विद्रोह भएको छ हामीले साथी पाएका छौं** ९



**कुमार लिङ्देन 'मिराक'**

**लिम्बुवानको आन्दोलन सशस्त्र कि शान्तिपूर्ण !** १३
■ चन्द्रगोपाल चेम्जोङ

१६



**अब पहिचान पक्षधरको मत बढेर संघात्मक व्यवस्था आउने सम्भावना बढेको छ**
प्रा. डा. महेन्द्र लावती

सहमति र गतिरोधको बाधक **एकात्मकवाद** ४२
■ चन्द्रसिङ चेम्जोङ

## संघीय सूची

संघीय रिपोर्ट
**राष्ट्रिय जनगणना २०६८ को मिथ्याङ्क अमान्य** : २५
डीबी आङबुङ

संघीय इतिहास
**आदिकिरात र स्यस्य** : २९
भीम राई

संघीय अदालत
**राजनैतिक जञ्जीरभित्र नेपाल बार एसोसिएसन** : ३३
अमृता थेबे

संघीय अर्थतन्त्र
**एनआरएनको बिद्युत धन्दा भोलामा खोला** : ३५
भवानी बराल

संघीय दस्तावेज
**इन्टरनेट र नेपाली साहित्यको अन्तरसम्बन्ध** : ३७
विश्वासदीप तिगेला

संघीय व्यावसाय
**कृषि व्यवसाय जोखिममा पर्नुको कारण र विकल्प** : ४५
शिशिर निङ्लेकू

संघीय कथा
**निर्दोष साथी** : ४८
लाहाङ लिम्बू

संघीय कलाकर्म
**अब पहिचान र अस्तित्ववादी गीत लिएर आउनेछु** : ५२
भिम मगर

संघीय साहित्य
**लाखौ मानिसहरूलाई सडकमा उत्रन आह्वान** : ५५
माया एन्जेलु

जि. प्र. का. काठमाडौं
दर्ता नं. २११/२०६६/०६७

संघीय
मासिक

वर्ष- १, अङ्क- ८, पूर्णाङ्क- ८,
माघ-फागुन २०६९ (२०१३)
किरात येले तङ्गप ५०७३

**सम्पादक**
दलबहादुर लिम्बू आङ्बुहाङ
**सह-सम्पादक**
मनप्रसाद हेल्लोक 'विवश'
चन्द्रगोपाल चेम्जोङ
दुर्गाराज लिम्बू (ओखाबो)
पदम माबो
रणबहादुर लिम्बू 'शिशिर'
**प्रबन्ध सम्पादक**
रेखा तुम्बाहाङ्फे 'सेमिमा'
**कला संयोजन**
किरण सिगू
**प्रकाशक**
जितेन्द्रकुमार चेम्जोङ
**सह-प्रकाशक**
डम्बर खजुम
किरण देवान
वलजित लिम्बू
गणेश लिम्बू
सुरेन्द्र इङ्नाम
**विशेष सहयोगी**
शिवकुमार पाङ्गेनहाङ
विष्णुकुमार यक्सो
**विशेष प्रतिनिधि**
दीपा लिम्बू
**डिजाइन**
जेरोन इन्फोसिस, ललितपुर
**मुद्रणः**
प्रगति प्रिन्टर्स,
अनामनगर, काठमाडौं
**कार्यालयः**
नयाँ वानेश्वर ३४, मिनभवन
काठमाडौं, नेपाल
फोन नं. ०१-४१०७१५५
मोबाइल नं. ९७७-९८०८७७६१७६
**पत्राचार ठेगानाः**
**संघीय मासिक**
GPO Box No. 8973 NPC 779
Kathmandu, Nepal
**E-mail:**
federalmonthly@gmail.com
**Website:** www.sanghiya.com

■ **सम्पादकीय**

# सशक्त राजनीतिक शक्ति र सञ्चार माध्यम

नेपालमा पहिचानसहितको संघीयता सुनिश्चितताको बाटो एकात्मक षडयन्त्र र जालझेलका कारण अल्मलिएको छ । जनताको आन्दोलन र वलिदानीले प्राप्त संविधान सभालाई जबर्जस्त भङ्ग गरिएको छ । आइसकेको पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानलाई अबरूद्ध गराइएको छ ।

ऐतिहासिक संविधान सभाको विघटनपछि त्यसको हत्यारा प्रमुख एकात्मक दलहरूले संविधान सभाको विघटनको दोषारोपण गर्दै बिताए । एकापसमा दोषारोपण गरेर जनतामाझ केही चोखिएजस्तो भएपछि काम चलाऊ सरकारमै बाझिरहेका छन् । संविधान सभा र व्यवस्थापिका संसदको अस्तित्व नरहँदा पनि तिनै संविधान सभाका हत्यारा एकात्मक दलहरू एकात्मकसत्तामा लुछाचुडी गरिरहेका छन् । मङ्सिरमै गर्ने भनिएको संविधान सभाको पुनःर्चुनाव गर्ने कुराको अत्तोपत्तो छैन ।

एकात्मकवादीहरूको सहजता, नेतृत्व र निर्देशनमा हुने जुनसुकै सत्ता, सरकार र चुनावमा पनि पहिचान र संघीयताका पक्षधरहरूले आफ्नो अस्तित्व कायम गर्न चुनौतीपूर्ण हुनेछ । यसका लागि पहिचान र संघीयताका पक्षधर सम्पूर्ण जातजाति र क्षेत्रका जनताहरू राजनीतिक रूपमै एकतावद्ध हुन आवश्यक छ ।

संविधान सभाको जबर्जस्त विघटनपश्चात पुराना एकात्मक दलमा वर्षौदेखि रहेका पहिचान र संघीयताका पक्षधर आदिवासी जनजाति, मधेशी, मुस्लिम, दलित र महिला लगायतले ती पहिचान र संघीयता विरोधी दलहरूलाई त्याग्ने हिम्मत गरेका छन् । यसपछि, नेपालका पहिचान र संघीयताका पक्षधरहरूको मजबुत र एकीकृत राजनीति शक्ति निर्माण हुने अपेक्षा गरिएको थियो र छ । देश-विदेशमा रहेको अग्रगामी जनताहरूको यो अपेक्षा समय र परिस्थिति सान्दर्भिक छ । तर, ती अपेक्षा र आग्रहहरूलाई समयमै सम्बोधन गरी कार्यान्वयनमा ल्याउने जिम्मेवारी अग्रज नेतृत्वहरूको हो ।

राजनीतिक सङ्गठन निर्माण, विकास र सञ्चालन गर्नु अवश्य सजिलो कुरा होइन । यसका लागि देश, काल, परिस्थिति र वैचारिक हिसाबले परिपक्व सुझबुझको खाँचो पर्दछ । एउटा राजनीतिक सङ्गठन सञ्चालन गर्नको लागि आवश्यक सही नेतृत्वहरूको विकास र आर्थिक, सामाजिक, वैचारिक पक्षहरूको व्यवस्थापनका साथ कार्यकर्ता, सङ्गठन र आन्दोलनको परिचानल गर्नु प्रमुख दायित्व र चुनौतीका विषयहरू हुन् । यी कुरामा चुकियो भने नेतृत्व, सङ्गठन र आन्दोलन नै चुक्दछ ।

संघीयता र पहिचानका पक्षधरहरूले एकात्मक दलले गर्नेभन्दा फरक राजनीतिक संस्कार, विचार र नेतृत्व विकास गरेर अघि बढ्न आवश्यक छ । यसका साथै, समाज र राजनीतिका सबै पक्षहरूमा सही भूमिका निर्वाह गर्ने सञ्चार संयन्त्रको पनि खाँचोपर्दछ । एकात्मक दलमा भरपर्दा धोका पाएजस्तै एकात्मक सञ्चार माध्यमले पनि धोका दिनेछन् भन्ने कुरा बिर्सनु हुन्न । नेपालका पहिचान र संघीयताको पक्षधरहरूको एउटै सशक्त राजनीतिक शक्तिको अपेक्षा गरिएजस्तै सञ्चार माध्यमको अपेक्षा र आवश्यकता छ । यसका लागि सबैले आ-आफ्नो ठाउँबाट सक्दो भूमिका निर्वाह गरी सहकार्य गर्नु सो कार्यको सुरूवात हुनु हो ।

# पहिचानसहितको संघीयताको बाटो

■ मेन्निसाम याप्मी

**सबै एकजुट भएर सङ्घर्ष गरौं**
**गणेश तामाङ**
अध्यक्ष, नेपाली आदिवासी जनजाति मञ्च, अष्ट्रेलिया

**सके एकता नभए मोर्चाबन्दी, सहकार्य र चुनावी तालमेल गरेर जाऔं**
**अशोक राई** अध्यक्ष, संघीय समाजवादी पार्टी, नेपाल

**हामी एक ठाउँमा आउनुको कुनै विकल्प छैन**
**डा. चैतन्य सुब्बा** अध्यक्ष, सामाजिक लोकतान्त्रिक पार्टी

**आ–आफ्नो शक्ति निर्माण गरेर जाऔं**
**कुमार लिङ्देन 'मिराक'**
अध्यक्ष, मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद

**एउटै शक्तिमा आबद्ध भएर अगाडि जानुको कुनै विकल्प छैन**
**बालकृष्ण माबुहाङ** सह-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

२०६९ माघ ७ (जनवरी २०, २०१३) मा नेपालको राजनीतिक गन्तव्य र गतिहीन भइरहेको बेला हाल अष्ट्रेलियामा रहेका आदिवासी जनजातिहरूका साझा संस्था नेपाली आदिवासी जनजाति मञ्च, अष्ट्रेलियाको आयोजनामा नयाँ वानेश्वर, काठमाडौंमा पहिचानसहितको संघीयताका पक्षधर सम्पूर्ण आदिवासी जनजाति लगायतको एकीकृत राजनीतिक पार्टी किन बन्न सकेन र अझै कसरी एकीकृत भएर जान सकिन्छ भन्ने बारे एक अन्तरक्रिया कार्यक्रम भएको थियो ।

नेपालमा संघीयता र आदिवासी जनजातिको मुद्दा र पहिचानको मुद्दालाई आफ्नो सङ्गठनको मुख्य उद्देश्य बनाएर विगतदेखि नै राजनीतिक रूपमा सङ्घर्ष गरिरहेका विभिन्न राजजनीतिक दल, सामाजिक संघ-संस्था र स्वतन्त्र बुद्धिजीबीहरु विशेष



*नेपाली आदिवासी जनजाति मञ्च अष्ट्रेलियाद्वारा माघ ७ गते नयाँ बानेश्वर काठमाडौंमा आयोजित एकीकृत दल निर्माण विषयक अन्तरक्रिया ।*

उपस्थितिमा गरिएको सो अन्तर्क्रिया कार्यक्रमले विगतमा जे जस्तो भए पनि मुद्दा मिल्ने शक्तिहरु भविष्यमा एक हुनपर्ने आवक्यकता औंल्याएको थियो ।

नेपालमा संविधान सभाको विघटन गरिएपश्चात एमाले र कांग्रेस लगायतका विभिन्न संघीयता विरोधी एकात्मक दलहरूलाई परित्याग गरी आदिवासी जनजाति अभियन्ता तथा बुद्धिजीवीहरूको समेत संलग्नतामा एउटै राजनीतिक पार्टी निर्माण गर्न अन्तिम चरणसम्म प्रयास गरिएको थियो । सो प्रयास असफल भई भिन्दा भिन्दै दुई वटा पार्टीहरु संघीय समाजवादी पार्टी, नेपाल र सामाजिक लोकतान्त्रिक पार्टीको गठन भएपछि एउटै पार्टी होस् भन्ने चाहना राख्नेहरुमा निराशा छाएको छ ।

यसै अवस्थामा आयोजना गरिएको सो अन्तर्क्रिया कार्यक्रम नै नयाँ पार्टी गठनपछिको सामूहिक अन्तर्क्रिया थियो । मञ्चका सदस्य नीमा ग्याल्जे शेर्पाद्वारा सञ्चालन गरिएको सो कार्यक्रममा बोल्दै अध्यक्ष गणेश तामाङद्वारा सो कार्यक्रम औचित्य प्रकाश पारिएको थियो ।

अध्यक्ष तामाङले आदिवासी जनजातिको हक-अधिकार सुनिश्चित गर्नका लागि एक्लै एक्लैले लडेर मुद्दाहरूलाई टुङ्गोमा पुऱ्याउन नसकिने बताउनु भयो । वहाँले भन्नु भयो- "हामी सबै एकजुट भएर लडेनौँ भने हामीले जे चाहेका हौँ त्यो प्राप्त गर्न असम्भव छ ।"

एमाले र काङ्ग्रेसमा रहनुभएका हाम्रा अग्रजहरूले जसरी यी पार्टीहरूले हाम्रो माग र मुद्दालाई सम्बोधन गर्दैनन् भनेर ती पार्टीहरु परित्याग गर्नुभएको कदम स्वागतयोग्य भएको पनि अध्यक्ष तामाङले बताए । तर बीचमा आएर उहाँहरु एउटै ठाउँ (पार्टी) मा रहन नसक्नु दुःखको कुरा हो । के कुरा नमिलेर दुई सङ्गठनहरु खडा भए ? मिल्ने अनेक विकल्प र प्रक्रियाहरु छन् । तर तपाईंहरूले कुनै प्रक्रियालाई प्रयोग गरिएको देखिएन भन्दै अब पनि मिलेर जान आग्रह गर्नुभयो । वहाँले थप्नु भयो- "वास्तवमा, यो दल खोल्ने काममात्र भएको देखिन्छ । दल खोलेर मात्र हाम्रो समस्याको समाधान हुँदैन । यदि हामी आदिवासी जनजातिहरु एक ठाउँमा आएनौँ भने हामीले हाम्रो माग पूरा गर्न सक्दैनौं । यसको लागि अझै पनि गम्भीर बहस र छलफल गरेर अघि बढौं भनेर यो अन्तरक्रियात्मक भेटघाट कार्यक्रमको आयोजना गरिएको हो ।"

अन्तक्रिया कार्यक्रममा बोल्दै नव गठित संघीय समाजवादी पार्टी, नेपालका अध्यक्ष अशोक राईले विगतमा जे भएपनि सके एकता, नभए मोर्चाबन्दी, सहकार्य र चुनावी तालमेल गरेर सम्बन्धलाई अत्यन्तै सहिष्णु राखेर अघि बढ्नुपर्ने बताउनु भयो ।

यसैगरी, अन्तरक्रियामा सहभागी हुँदै सामाजिक लोकतान्त्रिक पार्टीका अध्यक्ष डा. चैतन्य सुब्बाले हामीलाई जसले समाप्त पार्न खोजिरहेको छ, त्यसको विरुद्धमा एक भएर जाने कि नजाने भन्ने अहिलेको मूल प्रश्न भएको बताउदै हामी एक ठाउँमा आउनुको कुनै विकल्प नरहेको बताउनु भयो ।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च तथा मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका अध्यक्ष कुमार लिङ्देन 'मिराक' ले लिम्बुवान,

# सबै एकजुट भएर सङ्घर्ष गरौं



**गणेश तामाङ**
अध्यक्ष,
नेपाली आदिवासी जनजाति मञ्च, अष्ट्रेलिया

अहिले अष्ट्रेलियामा पनि गैर-आदिवासी जनजातिहरूले हिन्दू चाडबाडलाई सम्पूर्ण नेपालीको चाड र दौरा सुरुवाललाई सबै नेपालीको राष्ट्रिय पोशाक भनी चिनाउन र प्रचारप्रसारमा लागिपरेका छन् । हामी सम्पूर्ण आदिवासी जनजातिहरूको आ-आफ्नै भाषा, धर्म, भेषभूषा हुँदाहुँदै पनि त्यसलाई गर्वका साथ आफ्नो भन्न र गर्न सकिरहेका छैनौं । यस सवालले पनि भोलि गएर स्थितिलाई गम्भीर नबनाउला भन्न सकिन्न । यसका लागि हामीले हाम्रो आफ्नो श्रम र शक्तिले भ्याएसम्म आफ्नो संस्कृतिलाई बचाएर लैजाऔं । यसका लागि हामी आदिवासी जनजातिहरु एक्लै एक्लैले लडेर हाम्रा सम्पूर्ण मुद्दाहरूलाई टुङ्गोमा पुऱ्याउन सकिँदैन । हामी सबै एकजुट भएर लडेनौं भने हामीले जे चाहेका हौं त्यो प्राप्त गर्न असम्भव छ । यसका लागि अष्ट्रेलियामा पनि सबै आदिवासी जनजातिहरूलाई एकै ठाउँ/सङ्गठनमा आबद्ध होऔं भनेका छौं । एमाले र काङ्ग्रेसमा रहनुभएका हाम्रा अग्रजहरूले जसरी यी पार्टीहरूले हाम्रो माग र मुद्दालाई सम्बोधन गर्दैन भनेर परित्याग गर्नुभयो, जुन कदम अति नै स्वागतयोग्य थियो । तर, बीचमा आएर उहाँहरु एउटै ठाउँमा रहन सक्नुभएन, यो दुःखद् कुरा हो । के कुरा नमिलेर दुई सङ्गठनहरु खडा भए ? मिल्ने अनेक विकल्प र प्रक्रियाहरु छन् । तर, कुनै प्रक्रियालाई पनि प्रयोग गरिएको देखिँदैन । वास्तवमा, यो दल खोल्ने काममात्र भएको देखिन्छ । दल खोलेर मात्र हाम्रो समस्याको समाधान हुँदैन । यदि हामी आदिवासी जनजातिहरु एक ठाउँमा आएनौं भने हामीले हाम्रो माग सम्बोधन हुन्छ भन्ने कुरा कमैमात्र सोचे हुन्छ ।

खम्बुवान, तामाङसालिङ, थरूहट, तमुवान लगायतको आ-आफ्नो शक्ति निर्माण गरेर आ-आफ्नो संविधान जारी गरेर अगाडि बढ्नु नै अहिलेको समयको माग भएको विचार राख्नु भयो । वहाँले अहिले नभए पनि आउने संविधान सभाको चुनावमा पहिचानसहितको संघीयताका पक्षधर शक्तिहरु चुनावी सहकार्य गरेर जाने हो भने जीत निश्चित रहको पनि बताउनु भयो ।

त्रि.वि.का सह-प्राध्यापक वालकृष्ण माबुहाङले "पहिचानसहितको संघीयतालाई स्वीकार्ने पार्टीहरु एकापसमा मेरो यो पार्टी छ । तिमी यहाँ आऊ । हाम्रो यो पार्टी हो । तिमी यहाँ आऊ भनेर जानुभन्दा एउटै शक्तिमा आबद्ध भएर अगाडि जानुको कुनै विकल्प छैन" भन्नु भयो ।

कार्यक्रममा डा. मुक्त सिंह लामा, पासाङ शेर्पा, कुमार फुदोङ, नरेश ताम्राकार, सोनी लामा, डीके बद्धिष्ट तामाङ लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

धेरैजसो वक्ताहरूले यस्तो अन्तर्क्रिया नियमित रूपमा गरेर जानुपर्ने औंल्याएका थिए । अन्तमा, अन्तरक्रिया कार्यक्रममा उठेका विचारहरूलाई डा. कृष्ण भट्टचनले सार सङ्क्षेपीकरण गरी समीक्षासहित प्रस्तुत गर्नुभएको थियो ।

# सके एकता नभए मोर्चाबन्दी, सहकार्य र चुनावी तालमेल गरेर जाऔं



**अशोक राई**
अध्यक्ष, संघीय समाजवादी पार्टी, नेपाल

नेपालका आदिवासी जनजाति राजनीतिकर्मीहरूको एउटै पार्टी हुनुपर्छ भन्ने अत्यन्तै पवित्र आकाङ्क्षालाई हृदयदेखि सम्मान गर्न चाहन्छु । संघीय समाजवादी पार्टी आदिवासी जनजातिहरूको मुद्दामा बोल्ने, सङ्घर्ष गर्ने भनेर जन्मेको पहिलो पार्टी होइन । म यहाँहरूलाई यो निवेदन गर्न चाहन्छु कि योभन्दा अगाडि पनि हाम्रो मुद्दालाई सम्बोधन गर्ने भनेर खुलेका हाम्रो आदिवासी जनजातिहरूले नै नेतृत्व गरेका पार्टीहरु थुप्रै छन् । यो इतिहासको यथार्थ हो ।

पहिला हामी आदिवासी जनजातिहरु एक हुन नसकेकै हो । हामी त्यसतर्फ नजाऔं । तर पछि एमाले र काङ्ग्रेस परित्याग गर्नेहरूको एउटै पार्टी निर्माण होस् भन्ने सबैले अपेक्षा गर्नुभएको थियो । त्यसमा हामी अहोरात्र लागी पर्‍यौं । यसमा आदिवासी जनजाति महासङ्घले निर्माण गरेको कार्यदल थियो । कार्यदलले अत्यन्तै मेहनत गरेको हो ।

प्रकृतिको नियम भनौं कि के भनौं कहिले काहीं एकजना सन्तानको आशमा बस्दा अचानक जुम्लयाहा जन्मी दिन्छ । यसमा हाम्रो केही कमजोरी रह्यो होला । यसको इतिहासले अवश्य पनि समीक्षा गर्नेछ । त्यसैले अब हामीमा दुईवटा पार्टी आए पनि यसलाई हामीले असहज, अस्वस्थ रूपमा हेरिनु हुँदैन । हामीमा एक असल साथीको नाता हुनुपर्दछ । एकले अर्कालाई रिस गर्ने, आक्षेप लगाउने, कुरा काटाकाट गर्नेजस्ता कुसंस्कृतिहरूलाई छोडौं । सक्छौं एकता, त्यसमा भएन मोर्चाबन्दी, त्यसमा पनि भएन सहकार्य र त्यसमा पनि भएन भने चुनावी तालमेल गरेर हाम्रो सम्बन्धलाई अत्यन्तै सहिष्णु राखेर अगाडि बढ्नुपर्दछ । यति हुँदाहुँदै पनि पहिचान सहितको संघीयता र संघीयता सहितको संविधान ल्याउने अटोठ गरेका र प्रतिबद्धता गरेका सबै दलहरूसँग एकताको सम्भावना कतिको छ त ? त्यसको लागि पहल गर्न जरूरी छ । त्यसको लागि तपाईहरूबाट दबाबको अपेक्षा गर्दछौं । हाम्रो दल संघीय समाजवादी पार्टीको तर्फबाट पहिचान सहितको संघीयता चाहनेहरूसँग एकताको लागि विभिन्न वार्ता टोलीहरु निर्माण गरेको कुरा पनि यहाँहरूलाई जानकारी गराउन चाहन्छु ।

# हामी एक ठाउँमा आउनुको कुनै विकल्प छैन



**डा. चैतन्य सुब्बा**
अध्यक्ष,
सामाजिक लोकतान्त्रिक पार्टी

सम्पूर्ण उत्पीडनबाट मुक्त हुनका लागि नयाँ राजनीतिक शक्ति निर्माणको गर्न आदिवासी जनजाति महासङ्घको कार्यदलले बनाएको कार्यदललाई नेतृत्व दिनेक्रममा सबैको राय, सल्लाह, सुझाव अनुसार हामी लागेकै हो । यसमा जसले हाम्रो विरूद्धमा नकारात्मक भूमिका खेल्यो, त्यसको बदला हामीले लिन सक्नुपर्छ भन्ने कुरा हामीमा उठेकै हो । त्यसको लागि हामीले सबैभन्दा पहिले काङ्ग्रेस र एमाले त्याग्नुपर्छ भन्ने निष्कर्षमा पुगेकै हो । त्यसपछि, हामी सबैजना ती संघीय विरोधी पार्टी परित्याग गर्नेक्रम पनि चल्यो ।

त्यसपछि, हामी दुवै दल परित्याग गर्नेबीच एउटै पार्टी निर्माण गर्ने भन्ने कुरालाई चर्को पारेर लग्यौं । तर हामीले एउटै दल निर्माण गर्न सकेनौं । यसमा मैले अनुभव गरेको कुरा एजेन्डाप्रति भित्रै हृदयदेखि समर्पित छैनौं भने त्यसमा हामी अडेर रहन सक्दैनौं । साथै, एजेन्डाले बाँधेर राख्न सकेन भने फेरि आफ्नै आग्रहको लाइनमा फर्केर गइने हो । यसका साथै, त्यस एजेन्डालाई गाइड गर्ने एउटा सामान्य प्रिन्सिपल पनि हुनुपर्ने रहेछ भन्ने धेरै बहस र छलफलले देखाएको छ । हामी आदिवासी जनजातिहरूको लागि त आदिवासीवाद नै हो । यसले मात्र हाम्रो एजेन्डालाई जीवन्त बनाइराख्न सक्छ । यसमा हामी आदिवासी मात्र छैनौं, मधेसी दलित साथीहरु पनि हुनुहुन्छ । त्यसैले हामीले त्यसका लागि बहुल राष्ट्रवादलाई अङ्गालेर जाऔं भनेका हौं । यति हुँदाहुँदै पनि हामीलाई जसले समाप्त पार्न खोजिरहेको छ, त्यसको विरूद्धमा एक भएर जाने कि नजाने ? अहिलेको मूल प्रश्न भनेको यो भएको छ । त्यसैले हामी एक ठाउँमा आउनुको कुनै विकल्प छैन ।

# एउटै शक्तिमा आबद्ध भएर अगाडि जानुको कुनै विकल्प छैन

वि. सं. २०४७ सालमा गोरेबहादुर खपाङ्गी र एमएस थापामगरले आफ्नो जल्दोबल्दो पार्टी छाडेर राष्ट्रिय जनमुक्ति पार्टी निर्माण गर्नुभयो । अहिले २०६९ सालमा आएर अर्को नयाँ पार्टी निर्माण गर्नुपर्ने समयको गाम्भीर्यतालाई बुझ्न जरूरी छ । खपाङ्गी र थापामगर जीले पार्टीको आन्तरिक जीवनमा के-कस्तो उपेक्षा र उत्पीडन बेहोर्नुभएको थियो र त्यसखेरको ३० वर्षे पञ्चायती निरङ्कुशतापछि प्रजातन्त्र पुनःस्थापनाको घडीमा किन जनजातिको पार्टी बनाउन लाग्नुभयो ? त्यसबारेमा उहाँहरूले प्रशस्त व्याख्या र बुझाउन नसकेको कारण पार्टीले उचित गति लिन नसकेको हो । त्यतिखेर जनजातीय उत्पीडनको चेतना नभएर वा जनजातीय पार्टी चाहिन्न भन्ने लागेर हो कि त्यो पार्टीले सोचेजस्तो आकार ग्रहण गर्न सकेन । तर जब माओवादी जनयुद्धपश्चात, संविधानसभाबाट जनताको संविधान बनाउने दौडाहामा पहिचानसहितको संघीयताको बहस संविधानसभामा उच्चतम विन्दुमा पुग्यो । त्यही समयमा वैचारिक रूपले जेजस्तो भए पनि 'ककस' को सक्दो पहलमा एउटा सङ्गीन घडीमा चुनौतीपूर्ण एजेन्डा राख्यो । २०४७ सालदेखि २०६९ सालसम्मको यो सबैभन्दा ठूलो र उपलब्धिमूलक मोड हो । त्यसैले यति लामो समयमा जेजति पहिचानसहितको संघीयतालाई स्वीकार्ने पार्टीहरु बने, तिनीहरूमा एकापसमा मेरो यो पार्टी छ । तिमी यहाँ आऊ । हाम्रो यो पार्टी हो । तिमी यहाँ आऊ भनेर जानुभन्दा एउटै शक्तिमा आबद्ध भएर अगाडि जानुको कुनै विकल्प छैन । कुनै पनि हिसाबले तपाईहरु बीचमा बसेर जान्छु नभन्नुहोस् कि त राजनीति गर्न नै छाडी दिनुहोस् ।



**बालकृष्ण माबुहाङ**
सह- प्राध्यापक,
त्रिभुवन विश्वविद्यालय

# आ–आफ्नो शक्ति निर्माण गरेर जाऔं



**कुमार लिङ्देन 'मिराक'**
अध्यक्ष,
मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद

हामी जहिल्यै जे कुरामा पनि दुई पक्षको मात्र कुरा गर्छौं । तर, वास्तवमा कुनै पनि वस्तुमा दुई पक्षमात्र नभएर तेस्रो पक्ष पनि अस्तित्वमा रहेको हुन्छ । मानौं, तपाईं इजरायलमा जानुभयो भने क्रिश्चियन र मुस्लिम धर्मावलम्बी मात्र छन्जस्तो लाग्छ । तर त्यहाँ बुद्धिष्टहरूको पनि अस्तित्व रहेको छ । हामीले आजसम्म संसारमा पुँजीवाद र साम्यवाद मात्र देख्यौं । तीभन्दा फरक तेस्रो विश्व छ कि छैन भन्ने कुरा हामीले कहिल्यै सोचेनौं । त्यहाँसम्म पुग्नका लागि हामीले निकै अभ्यास गर्नुपर्दछ । जसरी संविधानसभामा संघीयताको कुरा त आयो । तर मुख्य कुरा त्यसको नामाङ्कनमा अड्केको थियो । त्यसरी नै एमाले, काङ्ग्रेस, माओवादी, अहिलेका अग्रगामी नयाँ २ वटा दलले त्यो नामाङ्कनमा जोड दिन्छ कि दिँदैन ? कुरा यहाँनेर अड्केको छ । जस्तै लिम्बुवानको पान्थरमा ठूलो आमसभा गऱ्यो, कसले ? एमालेले, काङ्ग्रेसले, माओवादीले ? अनि लिम्बुवान भूमिको नाम त त्यहाँ आएन । त्यसरी नै काभ्रेमा त्यस्तै कार्यक्रम भयो, त्यसमा पनि तामाङसालीङको नाम आएन । तसर्थ, कुरा यहाँनेर अड्केको छ ।

अब चुनाव भयो भने के कुनै दलको बहुमत आउने सम्भावना छैन । २५ प्रतिशत मधेसीले अरू कसैलाई पनि भोट हाल्दैनन् । ३७ प्रतिशत आदिवासी जनजातिले बाहुन क्षेत्रीलाई भोट हाल्दैनन् । ३० प्रतिशत क्षेत्रीबाहुनले अरूलाई दिने कुरै भएन । त्यस्तो स्थितिमा कसैको पनि बहुमत हुनेवाला छैन । यस्तो स्थितिमा संविधान अवश्य पनि बन्दैन ।

त्यसैले, हामीले लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरूहट, तमुवानको आ–आफ्नो शक्ति निर्माण गरेर आ–आफ्नो संविधान जारी गरेर अगाडि बढ्नु नै अहिलेको समयको माग हो । अर्थात, अहिलेको राजनीतिक दृश्य त्यतातिर अगाडि बढिरहेको छ ।

अब हामी कसरी अगाडि बढ्ने त ? अहिले २ वटा पार्टीहरू बनेका छन् । यसलाई हामीले नकारात्मक रूपमा लिनु हुन्न । किनभने हामीले लिम्बुवान आन्दोलन थालेको ७, ८ वर्ष भयो । त्यहाँ हजारौं लिम्बुवानीहरू सडकमा निस्केका छन् । कोही मरी राखेका छन् । कोही घाइते भइरहेका छन् । यस्तो स्थितिमा हामीले हाम्रै एमालेका लिम्बू साथीहरू हाम्रो आन्दोलनमा लागौं भनेर पटक पटक भन्दा पनि उहाँहरूलाई हामीले हाम्रो पार्टीमा ल्याउन सकेनौं । तर जब माथिबाटै एमाले फुटेर आयो तब उहाँहरु हाँसीखुसी संघीय समाजवादी पार्टीमा प्रवेश गर्नुभयो ।

त्यस्तै, काङ्ग्रेसका साथीहरूलाई पनि त्यसरी नै अनुरोध गऱ्यौं, तर भएन । तर जब काङ्ग्रेस फुटेर आयो, ती काङ्ग्रेसी साथीहरु उही हाँसीखुसी सामाजिक लोकतान्त्रिक पार्टीतिर लाग्नुभएको छ । त्यसैले, अहिले केही हदसम्मका लागि यसरी नै अगाडि बढ्नु एक किसिमले ठीक रहेको छ भने संविधानसभाको चुनाव भयो भने हामीले १ क्षेत्रमा एकजना मात्र पहिचानवादी उम्मेदवार उठाउने प्रतिबद्धता आजै अहिले नै गरौं । यसो गऱ्यौं भने हाम्रो जीत निश्चित छ ।

नेपाली समाचार
NEPALI SAMACHAR National Weekly राष्ट्रिय साप्ताहिक

Email: nepaliSamachar@email.com,
**Facebook/Skype:** nepaliSamachar,
Phone: 9813724165

**नेपाली समाचार** साप्ताहिकको लागि तपाईंको आफ्नो समाचार तथा आफ्नो क्षेत्र (देशविदेश) को समाचार विभिन्न माध्ययबाट हामीलाई पठाउन अनुरोध गर्दछौ । छोटो मिठो विचार प्रधान लेख तथा सिर्जनाहरू पठाई पठाउनुहोस् । प्राप्त समाचार तथा लेखरचनालाई अनुकूलता हेरी अनलाइन र प्रिन्टमा राखिनेछ । न्याय र समानताको निमित्त यो निष्पक्ष र स्वस्थ समाचार अभियानमा सबैबाट सहकार्य तथा सहयोगको आसा गर्दछौं ।

# पहिचानसहितको संघीयताको लागि विद्रोह भएको छ : हामीले साथी पाएका छौं

**कुमार लिङ्देन 'मिराक'**



"हामी लिम्बुवानवासीहरू जति उत्पीडनमा रहेका छौं, त्यति नै तमुवान, खम्बुवान, थरूहट, मैथिल, मगरातलाई पनि उत्पीडन छ । त्यसैले, ती सबैलाई सङ्गठित गर्न सकियो भने विना क्षति यस आन्दोलनलाई पार लगाउन सकिन्छ । यसैले, यस आन्दोलनलाई उग्र गतिमा नभई निरन्तर, सक्रिय र सशक्त रूपमा अघि बढाइरहेका छौं र यसको असर एकात्मक सिंहदरवारलाई प्रत्यक्ष नपरेको जस्तो देखिए पनि भुसको आगो जस्तो भित्रभित्रै सल्काइरहेका छौं ।"

**पहिचान र संघीयताको आन्दोलनलाई नेतृत्व गरेर अघि बढ्नेक्रम्मा अहिले लिम्बुवानमा के गर्दै हुनुहुन्छ ?**

हामीले ऐतिहासिक पृष्ठभूमिको आधारमा पहिचानसहितको संघीयता लिम्बुवान, खम्बुवान(किरात), तामाङसालिङ, थरूहट, नेवाः, तमुवान, मगरातजस्ता राष्ट्र-राज्यहरु हुनुपर्छ भन्ने पक्षमा आजसम्म निरन्तर लडाइँ लडिरहेको, योगदान दिइरहेको कुरा सर्वविदितै छ । विशेष गरेर, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषदले पहिचानसहितको संघीयताको मुद्दालाई बोकेर निरन्तर रूपमा अगाडि बढिरहेको छ । पछिल्लो समयमा एकात्मकवादीहरूले संविधानसभाको हत्या गरेपछि पनि आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम तथा सम्पूर्ण उत्पीडितहरूको हक-अधिकार सुनिश्चित भई पहिचानसहितको संघीयता संस्थागत हुनेभयो भनेर यस मुद्दालाई बिस्तारै सधैँका लागि सुताउने वा खत्तम पार्ने षड्यन्त्र गरिरहेका छन् । त्यसमा यी मुद्दाहरु हराउने, बिलाउने नभएर यी त धरतीका मुद्दाहरु हुन्, भूमिका मुद्दाहरु हुन् । त्यसैले, यी मुद्दालाई टुङ्गोमा पुर्‍याउनका लागि अझ सशक्त रूपमा आन्दोलनका विभिन्न रूपहरूमा अगाडि बढ्नेछ । हामी अहिले यही पहिचानसहितको संघीयतालाई कसरी टुङ्गो लगाउने अर्थात् राज्यपक्षबाट यसको सम्बोधन गराउनका लागि विभिन्न दबाबमुलक कार्यहरु/आन्दोलनहरु सशक्त रूपमा अगाडि बढाउने कार्यमा मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद निरन्तर अगाडि बढिरहेको छ ।

**संविधानसभाको हत्यापछि अन्योलको अवस्था छ, यस्को उत्तम निकास के हुनसक्छ ?**

पहिलो कुरो त, यहाँ जसरी संविधानसभाको हत्या भयो, त्यहाँ नै सबैभन्दा ठूलो षड्यन्त्र भएको छ । संविधानसभाको विघटन हुने भनेर अन्तरिम संविधानको कुनै भाग र धारामा लेखेकै छैन । यो त एकात्मकवादीहरूको एक प्रमुख अङ्ग सर्वोच्च अदालतको बद्नियतपूर्ण षड्यन्त्र र निर्णयले अर्थात भनौं एकात्मकवादीहरूको

साँठगाँठले गर्दा यतिसम्मको दुर्भाग्य हामीले भोग्नुपरेको हो । त्यसरी नै संविधानसभा भनेको संविधान बनाइसकेपछि मात्र त्यसको अन्त्य हुनुपर्ने हो । तर, यसमा नै एकात्मकवादीहरूले ठूलो षड्यन्त्र गरेका छन् । त्यसरी नै यस्ता विभिन्न षड्यन्त्रहरु हुनुमा जुन किसिमले लिम्बुवानबाट उठेको पहिचानसहितको संघीयताको आन्दोलनको ज्वारभाटालाई खत्तम पार्नको लागि पनि हो । अहिले एकातिर चुनाव पनि हुन नसक्ने स्थिति देखिएको छ । अर्कोतिर, एमाले र काङ्ग्रेसहरु सरकार हातमा लिएर कहिल्यै चुनाव नगराउने षड्यन्त्रको तानाबाना बुनिरहेका छन् । बाबुराम नेतृत्वको सरकारलाई पनि तत्कालै चुनाव हुन्न भन्ने थाहा छ । यसरी, यी दुवै नियतहरु बद्नियत भएकाले नै संविधानसभालाई नै केही समय ब्युँताएर त्यहीभित्रबाट सरकारको एउटा कल्प वा विकल्प खोजेर अगाडि बढ्नु नै आजको सबभन्दा उत्तम हो । यसमा पछिल्लो समय, जसरी संविधानसभाको सङ्ख्या ६०१ लाई घटाएर ३०१ बनाउने जुन षड्यन्त्र छ, त्यो हामी कुनै हालतमा पनि मान्दैनौँ । यदि त्यसो गरियो भने देश सिधै गृहयुद्धमा जान्छ ।

**षड्यन्त्रपूर्वक हत्या गरिएको संविधानसभाको दोषी को त ?**

यसमा एमाले र काङ्ग्रेस त पूरै नाङ्गै भएर, ज्यानै दिएर संविधानसभाको हत्याको लागि प्रस्तुत भएकै हुन्, यसमा विवादै छैन । यसमा उनीहरु लाग्नु स्वाभाविक पनि हो । किनभने, संघीयता, पहिचानजस्ता कुराहरु उनीहरूको एजेण्डै होइनन् । उनीहरु भनेका एकात्मकवादी पार्टीहरु हुन् । त्यसरी नै एमाओवादीको घुमाउरो पाराको झन डरलाग्दो षड्यन्त्र छ । मधेसी दलहरूको सत्तालिप्सा र सुवास नेम्बाङको एमालेको अन्धभक्त घोडा भएको कारण संविधानसभाको हत्या भएको हो । संविधानसभाको हत्यामा मुख्यतः यी ५ वटा पक्षको हदैसम्मको दोष रहेको छ ।

**संविधानसभाको हत्यापछि नेपाली राजनीतिमा एक किसिमको ध्रुवीकरणको स्थिति आएको छ, यसलाई कसरी लिनुभएको छ ?**

यो ध्रुवीकरण अति स्वाभाविक छ । २४० वर्षसम्मको घोर अन्याय, अत्याचारपछि यहाँका आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, महिला तथा सम्पूर्ण उत्पीडितहरूले एउटा मुक्तिको आशा गरेका थिए । त्यस आशालाई बीच बाटैमा तुहाउनका लागि यहाँका एकात्मकवादीहरु नाङ्गै भएर लाग्छन् भने त्यसको विरूद्धमा सम्पूर्ण मुक्तिकामी, स्वतन्त्रता, स्वायत्तता तथा पहिचानवादीहरु गोलबन्द हुनु संसारमा कुनै अनौठो र अस्वाभाविक होइन । यो संसारले अँगालेको एउटा सर्वव्यापी चलन हो । अहिले एमाले फुट्नु, काङ्ग्रेस फुट्नु, माओवादी फुट्नु र त्यसबाट छुटेर पहिचानवादीहरु अलग्गिएर एकगठ हुनु भनेको एउटा सकारात्मक मुक्तिको प्रक्रिया नै हो । जसरी हामी आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलितहरूको अधिकार सुनिश्चित गराउने ठाउँ संविधानसभाको हत्यामा एमाले काङ्ग्रेसहरु जोडदार सहभागी भए, त्यसको मूल्य भनेको उनीहरूको पार्टी विस्तारै खिइँदै गएर उनीहरूले चुकाउनु पर्नेछ ।

**मूलतः आदिवासी जनजातिहरुको नेतृत्वमा एउटै पार्टी बन्नेछ भन्ने जुन चाहना पूरा भएन र अन्तमा दुईवटा पार्टी खडा हुनपुगे, यसलाई चाहिँ कसरी लिनुभएको छ ?**

यो २०औँ शताब्दीको सुरूवातदेखि नै विश्व एउटा ठूलो २ ध्रुवमा बाँडियो– पुँजीवाद र साम्यवादमा । यसकारण, विश्वमा ठूल्ठूला युद्धहरु भए, जर्मनी र कोरियाहरु टुक्रिए । लाखौं मानिसको ज्यान गयो । त्यसको सबैभन्दा ठूलो असरचाहिँ नेपालका आदिवासी जनजाति, मधेसी, उत्पीडित जातिहरूमा पर्न गयो । एक खालका उत्पीडितहरु पुँजीवादले हामी सबैको समस्याको समाधान गर्छ भन्नेतिर लागे भने एक खालकाहरु साम्यवादी( कम्युनिष्ट) विचारले मात्र हाम्रा विभिन्न समस्याहरु समाधान गर्नसक्छ भन्नेतिर लागे । त्यसैबीचमा यी दुवै धार/विचारले समाधान दिन सक्दैन भनेर हामीहरूले भने हामी सबैको मुक्ति भनेको संघीय सह-

**संविधानसभाको सङ्ख्या ६०१ लाई घटाएर ३०१ बनाउने जुन षड्यन्त्र छ, त्यो हामी कुनै हालतमा पनि मान्दैनौँ । यदि त्यसो गरियो भने देश सीधै गृहयुद्धमा जान्छ ।**

---

**हामी आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलितहरूको अधिकार सुनिश्चित गराउने ठाउँ संविधानसभाको हत्या गर्न एमाले-काङ्ग्रेसहरू जोडदार लागे । त्यसको मूल्य उनीहरूको पार्टी विस्तारै खिँइदै गएर चुकाउनु पर्नेछ ।**

---

**ढिलै भए पनि, पहिचान सहितको संघीयताको लागि विद्रोह भएको छ, हामीले साथी पाएका छौँ । अबका हरेक यात्रामा सहकार्य गरेर अघि बढ्नेछौँ ।**

---

**हरेक आन्दोलनहरू स्वायत्त/स्वतन्त्र किसिमले गर्दै गइयो भने मात्र त्यो शक्तिशाली हुँदोरहेछ । त्यसैले, हामीले स्वायत्त किसिमले हाम्रो आवाजहरू बुलन्द गरिरहनु पर्छ । यसमै, हाम्रो अस्तित्व र लडाइँको सार्थकता रहेको छ ।**

**यो संघीय सह–अस्तित्ववाद भनेको मार्क्सवाद र पुँजीवादभन्दा फरक धार हो भनेर बुझाउने, सम्झाउने कोसिस गरिरहेका छौँ । जेहोस्, उहाँहरूले लामो समयपछि भएपनि आफ्नो जातीय, भाषिक, सामुदायिक र केन्द्रीकृत राज्यसत्ताबाट मुक्तिको लागि जुन किसिमले पार्टीबाट विद्रोह गर्नुभयो, यो अति नै सराहनीय कुरा हो ।**

अस्तित्ववादले मात्र गर्नसक्छ भन्नेतर्फ लाग्यौँ । तर, अब ३/३ वटा धार आयो भनेर हामीले सानो मन गर्ने हो भने त यो एउटा निराशाबाहेक केही हुँदैन । तर होइन, हिजोसम्म कुनै धार थिएनन् । हामी सबै एमाले–काङ्ग्रेसका गुलाम/दास भएका थियौँ । ५०औँ वर्षसम्म हामीले हाम्रो आँखा खोल्न सकेनौँ । कम्तीमा अहिले आएर यसरी पो हुन्छ कि त्यसरी पो हुन्छ कि भनेर त्यसबाट विद्रोह गरेर केही अभ्यास र प्रक्षेपणहरु भएका छन् । यसलाई हामीले सकारात्मक रूपमा लिनु जरूरी छ ।

अब यहाँ किन २ दल निर्माण भए भन्ने कुरामा विश्वको विभिन्न अभ्यासहरूले यही देखाउँछ कि कम्युनिष्ट विचारधारामा हिँडेकालाई कम्युनिष्टहरूले नै सम्हाल्नुपर्छ र काङ्ग्रेस (पुँजीवादी) धारकालाई काङ्ग्रेसले नै सम्हाल्नु पर्छ । जसरी एउटा मोहनी लगाउनेले जसरी मोहनी लगाएको थियो, त्यो मोहनी फुकाउन त अरूले जान्दैन, भनिन्छ । त्यसैले, हिजो जजसले एमाले र काङ्ग्रेस हुन वैचारिक हिसाबले सिकाएका थिए, त्यस मुन्धुमलाई फुकाउने तरिका त तिनैलाई मात्र थाहा हुन्छ । त्यसर्थ, काङ्ग्रेस (पुँजीवादी)मा रहेका पहिचानवादीलाई सामाजिक लोकतान्त्रिक पार्टीले र एमाले (कम्युनिष्ट)मा रहेकालाई संघीय समाजवादी पार्टीले नै आफ्नो दलमा ल्याउन सफल हुन्छन् । त्यसैले, यी दुईटै धारका पार्टीहरु स्थापना हुन जरूरी थियो र त्यो भएरै छाड्यो । त्यसमा, अझ हामी त के भन्छौँ भने ती दुईटै विचारभन्दा पनि संघीय सह–अस्तित्ववादलाई अँगालेर अगाडि बढौँ भन्छौँ । किनभने, देश त पहिले नै थियो नि, जतिबेला अमेरिका, स्वीजरल्यान्डहरु संघीय राज्य भए त्यतिखेर त मार्क्सहरु जन्मेकै थिएनन् । पुँजीवादका ठूल्ठूला दार्शनिकहरु हौँ भन्नेहरु पनि जन्मेकै थिएनन् । तर त्यतिखेर पनि संघीयता भन्ने त थियो । त्यसैले, हामीहरु यो संघीय सह–अस्तित्ववाद भनेको मार्क्सवाद र पुँजीवादभन्दा फरक धार हो भनेर बुझाउने, सम्झाउने कोसिस गरिरहेका छौँ । जेहोस्, उहाँहरूले लामो समयपछि भएपनि आफ्नो जातीय, भाषिक, सामुदायिक र केन्द्रीकृत राज्यसत्ताबाट मुक्तिको लागि जुन किसिमले पार्टीबाट विद्रोह गर्नुभयो, यो अति नै सराहनीय कुरा हो । अब हाम्रो उहाँहरूसँग विभिन्न मोर्चाबन्दीहरु हुनेछन्, चुनावी तालमेलहरु र सहकार्यहरु हुनेछन् । अबका दिनमा हामी यसरी नै अगाडि बढेर हाम्रो मुद्दालाई टुङ्गो लगाउनेछौँ ।

**संघीय समाजवादी पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी र संघीय सह–अस्तित्ववादी तपाईंहरु एउटै वैचारिक बाटोबाट हिँड्नचाहिँ कतिको सम्भव छ ?**

आजको लोकतान्त्रिक युगमा सबैलाई एउटै पार्टीमा अटाउनु त एकदम गाह्रो कुरा हो । किनभने, पुँजीवादमा विश्वास गर्नेहरूलाई त्यो आफ्नै दुनियाँ राम्रो लाग्छ । त्यस्तै साम्यवादमा विश्वास गर्नेहरूलाई आफ्नै विश्वास लाग्छ । त्यसरी नै, यी दुई धारभन्दा धेरै पहिला स्थापित भएको फरक धार संघीय सहअस्तित्ववाद हो । यस मुद्दामा हामी निरन्तर लागिरहेका छौँ । पुँजीवाद र साम्यवादले हाम्रो मुद्दालाई सम्बोधन गर्दैन । यिनीहरूले त जस्तो, अफ्रिकाको कुनै ठाउँमा एउटा प्रश्न गरियो कि 'नेपालको पान्थरको २ कि ४ वटा खुट्टाहरु छन् ?' भन्ने जस्तै हो । त्यसमा २ र ४ भन्नेमा पूरै मारामार हुन्छ र अन्तमा एकजना दार्शनिक आएर प्रश्न गर्नेलाई भन्छ– "वास्तवमा, नेपालको पान्थर भन्नेको कुनै खुट्टै हुँदैन । त्यो भनेको भूगोलको नाम हो । अनि, त्यसको कसरी खुट्टा हुन्छ त ?" भनेपछि त्यसका प्रतियोगीहरु सबै निराश हुने भए । त्यसैले, जातीय समस्याको समाधान पुँजीवादले गर्छ कि साम्यवादले भन्ने प्रश्न नै गलत छ । यी दुईले गर्ने भए त नेपालमा पुँजीवाद( काङ्ग्रेस) र साम्यवाद(कम्युनिस्ट) भित्रिएको त लगभग ७० वर्ष भयो । खोइ त, नेपालको जातीय समस्याको समाधान गरेको ? त्यसैले, सबैले जब यी दुई धारले हाम्रो समस्या समाधान गर्दैन । त्यसर्थ, तेस्रो धार संघीय सह–अस्तित्ववादले माात्र हाम्रो समस्याको समाधान गर्छ भन्ने बुझिन्छ । तब हाम्रो एउटै सङ्गठन बनाउन प्रक्रिया अगाडि बढ्दछ । त्यसो भन्दैमा, हामी नमिलीकन अगाडि बढ्ने भन्ने कदापि हुन्न । हामी भनेको असल साथीहरु हौँ । हामी सबै संघीयता र पहिचानको मुद्दामा अडिग भएर अगाडि बढ्ने पार्टीहरु हौँ । जसरी पञ्चायत ढाल्न सबै दलहरु मिले । राजतन्त्र फाल्न सबै दलहरु मिले । त्यसरी नै संघीयतालाई कार्यान्वयन गर्नका लागि हामी एक हुनको विकल्प छैन ।

**मधेसवादीहरु संविधानसभा अगावै आफू रहेको पार्टीबाट विद्रोह गरेर आफ्नै दल खोलेर अगाडि बढे । तर आदिवासी जनजातिहरु भने किन**

**अहिले आएर पीडाबोधपछि मात्र दल निर्माण गर्नमा लागे, यसको वास्तविकता के हो ?**

हामी आदिवासी जनजातिहरूको प्रमुख दुर्भाग्य भनेकै यही हो । जुन मधेसीहरूलाई हामीले पिछडा भनेका थियौँ, उनीहरूले नै सबैभन्दा पहिले राजनीतिक रूपमा विद्रोह गरेर आफ्नो राजनीतिक कुशलता, क्षमता प्रदर्शन गरे । त्यसरी नै अशोक राईजी र चैतन्य सुब्बाजीहरूले संविधानसभा चुनावअगाडि विद्रोह गर्नुभएको भए उहाँहरूलाई नेपाली जनताले यति धेरै धन्यवाद दिन्थे कि ! तर, दुर्भाग्य हामीमा भएको एउटा राजनीतिक गुलामी/दास मनोवृत्तिका कारण त्यो हुन सकेन । ढिलै भए पनि, त्यो भएको छ, यसलाई हामीले सकारात्मक रूपमा लिएका छौँ । यसमा हामीले २ वटा चिजलाई विशेष रूपमा लिएका छौँ । एउटा, एकात्मकवादीहरूबाट जहिले पनि अपमानित हुँदै पाखा पारिएको छ भने अर्को हाम्रै समुदायका टाठाबाठा हुँ भन्नेहरूबाट जहिले गद्दारी हुने गरेको छ । त्यस्तै, अर्को कुरा एकजना विद्वान मित्रले के भन्नुभएको छ भने, "जेलको पर्खाल केही पनि होइन तर सबैभन्दा खतरनाक भनेको तिम्रो दिमागमा उभिएको दासताको पर्खाल हो ।" हामीहरु जेलमा परे पनि हाम्रो मनलाई कसैले बन्धक बनाउन सक्दैन । तर, दिमागमा कसैले दासताको पर्खाल उभ्याइदियो भने त्यसले हामीलाई सदियौँसम्म बन्धक बनाउँछ । त्यसैले, पहिलो कुरा त दास मानसिकताबाट मुक्त हुन जरूरी छ । ढिलै भए पनि, पहिचान सहितको संघीयताको लागि विद्रोह भएको छ, हामीले साथी पाएका छौँ । अबका हरेक यात्रामा सहकार्य गरेर अगाडि बढ्नेछौँ ।

**अहिले पहिचानसहितको संघीयताको मुद्दालाई सम्बोधन नगरी किन लम्ब्याइँदै छ ?**

नेपालका एकात्मकवादीहरु "हामी जन्मकै आधारमा संसारका सर्वश्रेष्ठ हौँ" भन्ने एउटा दर्शनबाट निर्देशित भएका छन् । नेपालका आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलितहरूले हकअधिकार पाउनुभन्दा, उनीहरुको हातमुख जोडिनुभन्दा, उनीहरुको ओठमा हाँसो छाउनुभन्दा बरू देशै खत्तम होस् भन्ने सोचाइमा यहाँका एकात्मकवादीहरु रहेका छन् । त्यसैले, हामीले चाहेको यो पहिचानसहितको संघीयता; लिम्बुवान, खम्बुवान(किरात), ताम्सालिङ, तमुवान, मगरात, थरुहटजस्ता स्वायत्त राज्यहरु कुनै हालतमा दिन चाहँदैनन् । यसको अर्थ, हामीले उनीहरूसँग मागेर लिनुको सट्टा स्थापित गर्दै खोसेरै लिने नीति अवलम्बन नगरिञ्जेलसम्म उनीहरूले समयलाई यतिकै लम्ब्याइ रहन्छन् । ७२ प्रतिशत बहुसङ्ख्यक जनताको विरूद्धमा षड्यन्त्र भइरहेको छ भने निश्चय पनि ती जनताहरूले कुरा बुझिरहेका छैनन् वा हामीले बुझाउन सकिरहेका छैनौँ । त्यसलाई अझ भाँड्नका लागि एकात्मकवादीहरुले हाम्रै अनुहारका एकात्मक ब्वाँसाहरु हामीमाँझ पठाएका छन् । जबसम्म तिनीहरूलाई हामी चिनेर बहिष्कृत गर्न सक्दैनौँ र दुईतिहाइभन्दा बढी बहुसङ्ख्यक जनतालाई जब हामी एकीकृत गर्न सफल हुन्छौँ तब हाम्रो यो मुद्दा टुङ्गो लाग्छ ।

**यसको मतलव, राज्यको विभिन्न निकायमा ती उत्पीडित समुदायको सहभागिता नभएसम्म विरोध जारी रहने हो ?**

यो हुन जरूरी छ । हिजो हामीले स्वतन्त्र रूपमा

**"नेपालका एकात्मकवादीहरू "हामी जन्मकै आधारमा संसारका सर्वश्रेष्ठ हौं" भन्ने एउटा दर्शनबाट निर्देशित भएका छन् । नेपालका आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलितहरूले हकअधिकार पाउनुभन्दा, उनीहरूको हातमुख जोडिनुभन्दा, उनीहरूको ओठमा हाँसो छाउनुभन्दा बरू देशै खत्तम होस् भन्ने सोचाइमा यहाँका एकात्मकवादीहरू रहेका छन् । त्यसैले, हामीले चाहेको यो पहिचानसहितको संघीयता; लिम्बुवान, खम्बुवान(किरात), ताम्सालिङ, तमुवान, मगरात, थरूहटजस्ता स्वायत्त राज्यहरू कुनै हालतमा दिन चाहँदैनन् । यसको अर्थ, हामीले उनीहरूसँग मागेर लिनुको सट्टा स्थापित गर्दै खोसेरै लिने नीति अवलम्बन नगरिञ्जेलसम्म उनीहरूले समयलाई यतिकै लम्ब्याइ रहन्छन् ।"**



यसको विरोध गर्न सकेनौँ । अलिकति विरोध गऱ्यौँ- एमाले भएर; अलिकति विरोध गऱ्यौँ- काङ्ग्रेस भएर । अलिकति विरोध गऱ्यौँ- माओवादी भएर । अनि माथि केन्द्रबाट निर्देशन आयो- 'चुप' भनेर, चुप लाग्यौँ । हामीले स्वतन्त्र भएर कहिल्यै पनि विरोध गर्न सकेनौँ, हामी त्यही अन्धगधा मात्र भएर बाँचिरह्यौँ । उदाहरणको लागि मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषदले लिम्बुवानको आवाजलाई एकदम स्वतन्त्र किसिमले बुलन्द गरिरहेको छ । उसलाई कसैले पनि निर्देशन दिन सक्दैन । निर्देशन दिन्छ त त्यहीको केन्द्रीय समितिले मात्र । त्यसैले, हामी आफ्नो आन्दोलनलाई हाँक्नको लागि त स्वतन्त्र भयौँ र छौं । हामीलाई कतिखेर प्रचण्डजीको, कतिखेर सुसीलजीको, कतिखेर झलनाथजीको फोन आउँछ कि भनेर हामीले ढाड खुम्च्याउनु पर्ने त भएन नि । हरेक आन्दोलनहरु स्वायत्त/स्वतन्त्र किसिमले गर्दै गइयो भने मात्र त्यो शक्तिशाली हुँदोरहेछ । त्यसैले, हामीले स्वायत्त किसिमले हाम्रो आवाजहरु बुलन्द गरिरहनुपर्छ । यसमै हाम्रो अस्तित्व र लडाइँको सार्थकता रहेको छ ।

**संविधान सभाको विघटनपछि संघीयताको मुद्दालाई तुहाउने षडयन्त्र भइरहेको बेला पनि लिम्बुवान आन्दोलनलाई सशक्तताका साथ अघि बढाइरहनु भएको छ । यासको खास आधार के छ ?**

पहिलो कुरा त लिम्बुवान आफैमा महान् गौरवशाली इतिहास हो । ऐतिहासिक कालदेखि नै लिम्बुवानी पुर्खाहरूले "लिम्बुवानको आफ्नै पहिचान छ है" भन्दै त्यही अनुसार सङ्घर्ष गर्दै आए । तपाईंले जयस्थिति मल्लकालीन महान् सिरिजङ्गा सिङ्थेबेलाई सम्झिनुभयो भने त्यतिखेर लिम्बुवानमा मुस्लिम, हिन्दू, क्रिस्चियन, बुद्धिष्ट धर्महरूको एकदम चापाचाप रहेको थियो । त्यही समयमा उहाँले "लिम्बुवानको पनि आफ्नै पहिचान र अस्तित्व छ है" भन्ने जुन अवधारण जन्माउनुभयो त्यो आफैमा संसारको कुनै पनि सभ्यताभन्दा कम थिएन । त्यसरी, अभिव्यक्ति दिएवापत नै उहाँलाई मृत्युदण्ड दिइयो । त्यस्तै, त्यसपछि काङ्सोरेको कुरा आयो । उनले पनि लिम्बुवानको आफ्नै अर्थ र महत्व छ भनी यसको पहिचानलाई सुरक्षित राख्न खोज्दा पृथ्वीनारायण साहका सेनाहरूले उनको हत्या गरे । त्यस्तै, फाल्गुनन्द र इमानसिंहको योगदान पनि कम छैन । उनीहरूले विदेशी शिक्षादीक्षा हासिल गरे पनि लिम्बुवानमा आएर कहिल्यै पनि मैले विदेशी ज्ञान हासिल गरेको छ नभनी आफ्नै स्थानीय भाषा, लिपि र ज्ञानलाई प्रयोग गरे । यिनै विविध कारण र आधारहरूले नै लिम्बुवान वि. सं.२०२१ सालसम्म स्वायत्त रहन सफल भयो ।

त्यसरी नै पछिल्लो समयमा २०६२/६३ को आन्दोलन पश्चात मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषदले लिम्बुवानको आन्दोलनलाई नेतृत्व दिइरहेको छ । हामीले प्रस्ट भनेका छौँ कि लिम्बुवान, संघीयता, धर्मनिरपेक्षता जस्ता कुराहरु प्राप्त नभइञ्जेलसम्म हामी सिंहदरबारको सरकारमा नजाने भनेको छौँ । लिम्बुवानलाई संघीय गणतान्त्रिक धारमा उभ्याउने भनेका छौँ । लिम्बुवानको आन्दोलनलाई पृथकतावादी आन्दोलनमा नलाने भनेका छौँ । लिम्बुवान जहिले पनि नेपाल अन्तर्गत नै अरूणपूर्व ९ जिल्ला लिम्बुवान स्वायत्त राज्यको रूपमा रहनेछ भनिरहेका छौँ । यसका साथै लिम्बुवान ९ जिल्लाका सम्पूर्ण आदिवासी जनजाति, उत्पीडितहरूको अधिकारलाई सुनिश्चित गर्दै जानुपर्छ भनिरहेका छौँ । त्यस्तै अहिलेको समयमा दर्शन छाँटेर मात्र पुग्दैन, एकदम क्रियाशील भएर नेता कार्यकताहरु गाउँ गाउँमा खट्नुपर्छ भनेर व्यावहारिक हिसाबले नै हामीले भनिरहेका छौँ । यसका साथै लिम्बुवानी जनता भनेको विश्वका विभिन्न मुलुकमा रहनुभएको छ, उहाँहरूलाई लिम्बुवान आन्दोलनमा सहभागी नगराइकन नहुने भएको छ । त्यसको लागि हामीले देश-विदेशका सबैलाई सक्दो समेट्ने प्रयास गरिहेका छौँ । यसरी देशविदेशका लिम्बुवानी जनतालाई मिलाएर अगाडि लान सफल भएको कारणले नै लिम्बुवान आन्दोलन आज विभिन्न निराशा र बाधाअड्चनका बाबजुद पनि अगाडि बढिरहेको छ ।

**लिम्बुवान आन्दोलन बेजोडका साथ अगाडि बढे पनि सिंहदरबारलाई जसरी धक्का दिनुपर्ने हो, त्यो धक्का पुगिरहेको छैन भनिन्छ नि ?**

त्यो दिन पनि आउँछ, धेरै टाढा छैन । तर त्यहाँ पुग्नुभन्दा पहिले हामीले सहज र मध्यमार्गी ढङ्गले अगाडि बढ्यौँ भने राम्रो हुन्छ भन्ने हेतुले नै अहिले यो संघीय लडाइँलाई त्यति माथि नलगिएको हो । हामी अहिले देशको विरूद्धमा नभएर राज्यको विरूद्धमा लडिरहेको र हामीलाई हाम्रो देशको माया भएकोले भोलि आन्दोलन चर्केर गयो भने भूगोलको कुरा उठ्न सक्छ । त्यसैले, हामी विना आधार हतार गरेर त्यति माथि नपुगौँ पुग्नु नपरोस् भन्ने हाम्रो भित्री चाहना हो । हामी लिम्बुवानवासीहरु जति उत्पीडनमा रहेका छौँ, त्यति नै तमुवान, खम्बुवान, थरूहट, मैथिल, मगरातलाई पनि छ । त्यसैले उनीहरु सबैलाई सङ्गठित गर्न सकियो भने विना क्षति यस आन्दोलनलाई पार लगाउन सकिन्छ भन्ने लाग्छ । त्यसैले नै यस आन्दोलनलाई उग्र गतिमा नभई निरन्तर, सक्रिय र सशक्त रूपमा अघि बढाइरहेका छौँ । यसको असर एकात्मक सिंहदरवारलाई प्रत्यक्ष नपरेको जस्तो देखिए पनि भुसको आगो जस्तो भित्रभित्रै सल्काइरहेका छौं ।

**अन्त्यमा, सम्पूर्ण उत्पीडित जाति, समुदाय र क्षेत्रका जनतालाई के भन्नुहुन्छ ?**

यो संघीय मासिक पत्रिकाको निरन्तताले अत्यन्त हर्षित भएको छु । यसको प्रकाशनले यसरी नै निरन्तरता पाओस् भन्न चाहन्छु । यो पत्रिकामार्फत् देशविदेशमा रहनुभएका सम्पूर्ण पहिचान सहितको संघीयवादी साथीहरूमा नयाँ इच्छाशक्ति बढाओस् र छरिएका भावनाहरूलाई एकीकृत गर्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।●

E-mail: kumarlingden@gmail.com

*(यो अन्तर्वार्ता संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च तथा मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका अध्यक्ष कुमार लिङ्देन 'मिराक'सँग संघीय मासिकका लागि सह-सम्पादक पदम माबोद्वारा लिएको हो । -सम्पादक)*

# लिम्बुवानको आन्दोलन कतातिर ? सशस्त्र कि शान्तिपूर्ण !

■ चन्द्रगोपाल चेम्जोङ

ठूलो आर्मी ब्याग पछाडि भिरेका, दुई साइडमा दुईवटा झण्डा ठड्याएका, सामान्य खाजा पानीको व्यवस्था र राति सुत्नलाई ओड्ने, ओछ्याउने कपडा त्यसैभित्र बोकेर लामवद्ध युवाहरू लिम्बुवानको नारा घन्काउदै सडक र जङ्गल मार्चपासमा हिँड्ने गरेकाछन् । झट्ट देख्दा सैन्य टुकडीजस्तो देखिएता पनि बुढापाका र महिलाहरूको उल्लेख्य सहभागिताले यो मार्चपास सामन्य नै लाग्छ । निरन्तर १४, १५ घण्टा हिँडेर गन्तव्य छिचोल्न लाग्दासम्म पनि उनीहरूमा बाहिरी थकान, भोक र तिर्खा देखिँदैन । बरू, जोस, जाँगर र उर्जा सलबलाएको देखिन्छ ।



*२०६८ मंसिर १० गते लिम्बुवानको विराटनगरमा संघीय लिम्बुवान राज्य परिषदद्वारा आयोजित शाान्तिपूर्ण विशाल आमसभा ।*

## संघीय आवरण रिपोर्ट

**फोटोः आवरणको लागि छानिएको विराटनगर आमसभा र मार्चपासको फोटो**

लिम्बुवान, माघ २०६८ । पूर्वी नेपालको लिम्बुवानमा आन्दोलनरत संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्व संघीय लिम्बुवान राज्य परिषदले मङ्सिर २१ र २२ मा मोरङको उर्लाबारीदेखि सुनसरीको इटहरीसम्म हजारौं संख्यामा उपस्थित भएर दुईदिने मार्चपास सम्पन्न गर्‍यो ।

सैन्य कवचको शैलीमा गरिएको पछिल्लो यो मार्चपास लिम्बुवानको पाचौं पटक हो । यी सबै मार्चपासहरूको नेतृत्व परिषदका अध्यक्ष कुमार लिङ्देन 'मिराक' ले गर्ने गरेकाछन् । यसअघि पनि सडक र जङ्गलमा गरी चारपटक लामो दुरीको मार्चपास सम्पन्न गरेर छुट्टै ढङ्गको राजनीतिक क्रियाकलापको अनुभूत लिम्बुवानले गराएको छ । मोरङको जोगवनीदेखि सुनसरीको धरान बुढासुब्बा खण्ड, झापाको काँकडभिट्टादेखि दमक खण्ड र सुनसरीको चतरादेखि धनकुटाहुँदै सङ्खुवासभाको सभाया खोला खण्ड गरेर पटकपटकमा मार्चपासको कार्यक्रम सम्पन्न गर्दै आइरहेको छ । "संघीयता विरोधी र एकात्मकवादीहरूलाई घेरौं" भन्ने नाराको साथ काठमाडौंको रिङरोडलाई पनि लिम्बुवानी जनताले मार्चपासको तारो बनाउन भ्याइसकेका छन् ।

ठूलो आर्मी ब्याग पछाडि भिरेका, दुई साइडमा दुईवटा झण्डा ठड्याएका, सामान्य खाजा पानीको व्यवस्था र राति सुत्नलाई ओड्ने, ओछ्याउने कपडा त्यसैभित्र बोकेर लामवद्व युवाहरु लिम्बुवानको नारा घन्काउदै सडक र जङ्गल मार्चपासमा हिंड्ने गरेकाछन् । झट्ट देख्दा सैन्य टुकडीजस्तो देखिएता पनि बुढापाका र महिलाहरूको उल्लेख्य सहभागिताले यो मार्चपास सामन्य नै लाग्छ । निरन्तर १४, १५ घण्टा हिंडेर गन्तव्य छिचोल्न लाग्दासम्म पनि उनीहरूमा बाहिरी थकान, भोक र तिर्खा देखिँदैन । बरू, जोस, जाँगर र उर्जा सलबलाएको देखिन्छ ।

कतिपयले भन्ने गरेका छन्– यो मार्चपासको उद्देश्य अर्कै छ । मार्चपास प्रारम्भिक चरणको सैन्य अभ्यास नै हो । कतिपयको यो शङ्का गरिएको वाक्यमा सत्यता पनि देखिन्छ ।

***राज्यको पुनर्संरचना गरिँदा लिम्बुवान राज्यको स्थापना भएन भने के लिम्बुवान सशस्त्र युद्व गर्ने तयारीमा छ ?***

***लिम्बुवानले गर्दै आइरहेको मार्चपास सशस्त्र युद्वको तयारी नै हो त ?***

***संघीय लिम्बुवान राज्य परिषदले गर्दै आइरहेको सडक मार्चपासदेखि जङ्गल मार्चपाससम्मको कार्यक्रहरूको विस्तार हतियार मार्चपाससम्म पुग्दैन होला र ?***

***सडकहरूमा गर्ने गरिएको मार्चपासमा सहभागी एल. भी.का टुकडीहरू सशस्त्र युद्वकालीन टुकडी नबन्ला र ?***

***लिम्बुवान स्वायत्त राज्य स्वीकार हुन्छ भने नेपाललाई स्वीकार गर्ने, होइन भने अन्तिम लडाईं लड्ने***

***पहिचानमा आधारित राज्यको पनःसंरचना भएन भने यत्रो कार्यक्रम गर्ने लिम्बुवानले त्यसै सम्झौता गर्लान ?***

मञ्च सम्बद्व परिषदले युवा दस्ता लिम्बुवान भोल्युण्टियर्स (एल.भी.) को गठन गरेको छ । एल.भी. लिम्बुवानको राजनीतिमा अत्यन्तै शक्तिशाली र सक्रिय छ, जुन अन्य पार्टीमा भन्दा फरक ढङ्गले निर्माण गरेको छ र गोप्य ढङ्गले परिचालन गर्दै आइरहेको छ । यसको आर. एल. भी. र जि. एल. भी. नामका दुईवटा दस्ताहरु छन् । यसका प्रमुखहरूलाई सुप्रिम कमाण्डर, कमाण्डर, फिल्ड कमाण्डर, एरिया कमाण्डर दस्ता सैन्य प्रकृतिका नामहरूले चिन्ने गर्दछन् । एल. भी. का कतिपय विषयमा परिषदका केन्द्रीय सदस्यहरु पनि जानकार हुँदैनन् । एल. भी. को सुप्रिम कमाण्डर परिषदको अध्यक्ष हुने व्यवस्था छ । यो दस्ता अध्यक्षमार्फत गोप्य ढङ्गले परिचालन हुँदै आइरहेको छ ।

राज्यको पुनर्संरचना गरिँदा लिम्बुवान राज्यको स्थापना भएन भने के लिम्बुवान सशस्त्र युद्व गर्ने तयारीमा छ ? लिम्बुवानले गर्दै आइरहेको मार्चपास सशस्त्र युद्वको तयारी नै हो त ? यो जिज्ञासा पक्कै पनि महत्वपूर्ण छ । एल. भी. का तत्कालीन राजनीतिक कमिश्नर प्रेमदीप थाम्सुहाङले काठमाडौंको रिङरोड मार्चपास सम्पन्न गर्ने क्रम्मा सातदोबाटोमा कोण सभालाइ सम्बोधन गर्दै भनेका थिए– "एकात्मक सत्ताका प्रहरी र सेनाको जस्तै एल. भी. हरूको पनि टुकडी र तालिम छ । लड्न तयार छौं । " थाम्सुहाङको भनाइ र एल. भी. हरूका गराईमा केही हदसम्म सत्यता पनि छ । एल. भी. जवानहरु केन्द्रीय कमाण्ड र कमाण्डरहरूप्रति अनुशासित ढङ्गले प्रस्तुत हुन्छन् । कार्यालयमा मेसमा खाना खान्छन् ।

लिम्बुवानको नौवटै जिल्लामा एल. भी. जवानहरु परिचालित छन् । परिषदको केन्द्रीय कार्यालयमा रोटेशनको आधारमा एल. भी. जवानहरु सुरक्षार्थ खट्ने गर्दछन् । कार्यक्रममा जाँदा आउँदा एल. भी.हरूले आफ्ना सुप्रिम कमाण्डर 'मिराक'लाई कडा सुरक्षा घेरामा लाने–ल्याउने गर्ने गरेका छन् । एल. भी.हरूको यो प्रवृत्ति सैन्यउन्मुख छ । एल. भी. का कमाण्डर फक्ताङलुङका अनुसार लिम्बुवानको नौवटै जिल्लामा गोप्य तवरमा दशौंहजार एल. भी. हरु परिचालित

छन् । एल. भी. को सङ्ख्या पचासौं हजार पुऱ्याउने योजना भएको उनी बताउँछन् ।

त्यसो त परिषदको निगरानीमा एल. भी. ले न्यायलय पनि सञ्चालन गर्दै आइरहेका छ । दमकको केन्द्रीय कार्यालयमा कुनै दिन छैन, लिम्बुवानले बहस पैरवी नगरेको । सयौं मानिसहरूले न्यायको लागि केन्द्रीय कार्यालयमा निवेदन हालेका छन् । निवेदनको ठूलो थाक आफूसँग भएको बताउँछन्– एल. भी. का केन्द्रीय कार्यालय इन्चार्ज मेरिङ योङहाङ । मोरङ पथरी निवासी राजकुमार लिम्बूले पनि लिम्बुवानको केन्द्रीय कार्यालयमा बुबासँगको अंशबण्डाको विषयलाई लिएर निवेदन हालेका छन् । लिम्बुवानमै निवेदन किन हालेको भनेर प्रश्न गर्दा, उनी भन्छन्– "हाम्रोतिर भरपर्दो र लिम्बुवानले गरेको निर्णय यहाँका जनताले मान्ने भएको हुनाले मैले पनि निवेदन हालेको हुँ । पालो पर्खिरहेको छु ।" त्यसो त लिम्बुवानले ०६४ र ६५ सालतिर आफ्नै सरकारको अभ्यास गर्ने नीतिअन्तर्गत दर्जन बढी ढाट राखेर कर असुली गर्ने गरेको थियो । पछि एकचरण पूरा भएपछि ढाट हटाउने निर्णय गऱ्यो । पान्थरका तत्कालीन प्रमुख जिल्ला अधिकारी जिल्लाका गाउँका जङ्गलहरूमा मञ्च सम्बद्व लिम्बुवानको एल. भी. को विशेष तालिम भइरहेको सुराकी पाएपछि आफै त्यो स्थान पुग्ने गरेको विशेष सुत्रले बताएको छ । कार्यक्रमहरूमा एल. भी. का खेलाडीहरूले तरवार, लौरो, हात, खुट्टाको खास प्रदर्शन कलात्मक ढङ्गले गर्ने गरेका छन् । यही प्रदर्शनको लागि हो भने जङ्गलको बीचमा तालिम गरिरहनुपर्ने जरूरी देखिन्न ।

त्यसो त, पञ्यायतकालीन डरलाग्दो राजनीतिक सेरोफेरोमा पनि लिम्बुवानजन्य राजनीतिक संगठनले आफ्नो क्रियाकलाप बढाएको थियो । वीर नेम्बाङको नेतृत्वमा लिम्बुवान मुक्ति मोर्चाले लिम्बुवान राज्यको लागि पञ्चायती समयदेखि नै आन्दोलन गर्दै आइरहेको छ । आजसम्ममा, लिम्बुवान जन्य राजनीतिक सङ्गठनहरु आधा दर्जनभन्दा बढी भइसकेका छन् । तीमध्ये स्वतन्त्र लिम्बुवान देशको माग गर्ने संगठन पनि छन् भने स्वायत लिम्बुवानको माग गर्दै सशस्त्र युद्ध सुरूगरेका सङ्गठन लिम्बुवान स्टेट फोर्स पनि छ । लिम्बुवान स्टेट फोर्सले पूर्वमा थुप्रै ठाउँमा बम पड्काउने, गा. वि. स. कार्यलयहरूलाई ध्वस्त गर्नेदेखि लिएर इलाम र पान्थरको सिमावर्ती क्षेत्र पञ्चमीमा चौकी कब्जा गरी हतियार लुटेर लग्नेसम्मको क्रियाकलाप गर्दै आइरहेको छ । फोर्सको सैन्य कमाण्डार खाम्बेक्सा झापामा पक्राउ परेपछि आक्रामक शैलीको क्रियाकलाप बन्द भएपनि शालीनको नामबाट प्रेस रिलिज गरेर सशस्त्र आन्दोनल जारी रहेको बताउँदै आइरहेको छ ।

नेपाललाई छिमेकी मुलुक भनेर सम्बोधन गर्ने पल्लो किरात लिम्बुवानलाई नेपाल सरकारले निषेध गरेपनि बेलावखत विरोधको झण्डाहरु गाड्ने, प्रचार–प्रसार पम्पलेट टाल्ने गर्ने गरेकाछन् । लिम्बुवानजन्य यी सङ्गठनहरुको राजनीतिक क्रियाकलापहरूलाई सूक्ष्म ढङ्गले अध्ययन गर्दा पूर्वका नौवटा जिल्लाहरूमा सशस्त्र आन्दोलनको गन्ध आइरहेको छ । कथम्कदाचित, नेपालमा स्वायत्त राज्यको मागलाई लिएर सशस्त्र युद्वको शुरूवात हुन्छ भने सजिलै ढङ्गले अडकलवाजी गर्न सकिने प्रशस्तै ठाउँ छ कि शुरूहुन्छ– लिम्बुवानमा । मञ्च सम्बद्व संघीय लिम्बुवान राज्य परिषदले गर्दै आइरहेको सडक मार्चपासदेखि जङ्गल मार्चपाससम्मको कार्यक्रमहरूको विस्तार हतियार मार्चपाससम्म पुग्दैन होला र ? सडकहरूमा गर्ने गरिएको मार्चपासमा सहभागी एल. भी.का टुकडीहरु सशस्त्र युद्वकालीन टुकडी नबन्ला र ? लिम्बुवानका दोस्रो श्रेणीका नेताहरूले जतिसुकै डरलाग्दा क्रान्तिकारी भाषण गर्ने गरेता पनि अध्यक्ष कुमार लिङदेन 'मिराक'ले भन्ने गरेका छन्– "हजारौ वर्षसम्म लिम्बुवानको शान्तिपूर्ण आन्दोलन जारी रहनेछ ।" उहाँको भाषणको यो अंशलाई हेर्ने हो भने उहाँको नेतृत्वमा सशस्त्र युद्ध लिम्बुवानमा हुँदैन । शान्तिपूर्ण राजनीतिमा मञ्च सम्बद्व लिम्बुवानको आस्था छ भन्ने बुझिन्छ । मिराकले कार्यकर्ताहरूसँग दोहोऱ्याइरहने वाक्य हो– "शान्तिपूर्ण तर सशक्त कार्यक्रम ।" लिम्बुवानले गर्ने गरेको सडक र जङ्गल मार्चपास कार्यक्रमहरु, त्यही सशक्त शान्तिपूर्ण कार्यक्रम अन्तर्गत हुनसक्छ ।

त्रि. वि. का समाजशास्त्री प्रा. डम्बर चेम्जोङको हेराइमा मञ्च सम्बद्व लिम्बुवान अन्य सङ्गठनहरूभन्दा फरक छ । उहाँ भन्नुहुन्छ– "लिम्बुवानको कार्यक्रमहरु, योजनाहरु र सम्पन्न गर्ने हरेक शैलीहरु आदिवासीवादी छ ।" प्रा. चेम्जोङलाई छुट्टै ढङ्गको अनुभूति भएजस्तै पूर्वका जनताहरूलाई पनि फरक शैलीको अनुभूति भएर पनि होला, प्रायले भन्ने गरेका छन्– के गर्न लाग्यो लिम्बुवानले ? पहिचानमा आधारित राज्यको पुनःसंरचना भएन भने यत्रो कार्यक्रम गर्ने लिम्बुवानले त्यसै सम्झौता गर्लान र ? पूर्वका जानकारहरु प्रश्न गर्छन् । लिम्बुवानमा युवा सहभागिता तीव्र भएको हुनाले विभिन्न किसिमले राजनीतिक शङ्का, उपशङका गर्न मिल्ने आधारहरु छन् । राजनीतिमा असम्भव भन्ने केही हुँदैन । शान्तिपूर्ण भनिएको लिम्बुवानको आन्दोलन ती युवा सहभागिताको बलमा सशस्त्र हुँदैन भन्न सकिन्न । यसो त सप्तकोशीपूर्वका नौवटा जिल्ला भूगोल र सामरिक हिसाबबाट अत्यन्तै संवेदनशील पनि छ । उत्तरमा चीन, पूर्व र दक्षिणमा भारत, भुटान र बङ्गलादेश छन् । भारतमा सशस्त्र हङ्गामा मच्चाइरहेका नक्शलवादी (माओवादी) को प्रभाव क्षेत्र पश्चिम बङ्गाल पनि लिम्बुवानसँग सिमानामा पर्ने हुनाले लिम्बुवान सशस्त्र हुनेतिर संवेदनशील छ ।

अस्तित्व र पहिचानका भोका आन्दोलनकारीहरूले माग्दै आइरहेको लिम्बुवान नेपालभन्दा बाहिर प्राप्त हुने सर्त र त्यो आधारको राजनीतिको विकास हुने संवेदनशीलता पनि छ । यी दुवै किसिमका जोखिम सम्भावनाहरु लिम्बुवानमा छ । किनभने यिनीहरूले नारामा भन्ने गरेका छन्– "लिम्बुवान छैन त नेपाल पनि छैन ।" शासकहरूसँगको सिँगौरी लम्बिने र मागप्रति शासकहरु गैरजिम्मेवार मात्र भैरहने हो भने लिम्बुवानको मनोविज्ञानमा परिवर्तन हुने सम्भावना पनि देखिन्छ । उनीहरूले तताइरहेको लिम्बुवान राज्यको माग गर्न थालेको आधा शताब्दी हुनलाग्यो । उनीहरूको राजनीतिक मनोविज्ञान भनेकै "लिम्बुवान स्वायत्त राज्य स्वीकार हुन्छ भने नेपाललाई स्वीकार गर्ने हो होइन भने अन्तिम लडाईं लड्ने" भन्ने छ । पूर्वको वस्तुस्थितिलाई ख्याल गर्ने हो भने लिम्बुवानको नाममा भइरहेको राजनीति राष्ट्रियता, अखण्डता र संघीय गणतन्त्रको सन्दर्भमा बहुत संवेदनशील भएर गइरहेको छ ।●

# अब पहिचान पक्षधरको मत बढेर संघात्मक व्यवस्था आउने सम्भावना बढेको छ

- नेपालका दुई–तिहाई बहिष्कृत समुदायलाई लामो समयसम्म भुक्याएरै राख्न सम्भव छैन ।
- पहिचानको आधारमा संघीयता नदिएकोले यो मुद्दा झन ठूलो भएर आएको छ ।
- एमाले–कांग्रेसहरू बाहुन–क्षेत्रीकै पार्टी भइसकेका छन् ।
- नेपालमा पहिले जुन पार्टी सिस्टम थियो अब पनि त्यही पार्टी सिस्टमले हुनेवाला छैन ।
- अब एक वा दुईवटा वैकल्पिक पार्टीले नेपालमा सबै कुरा सम्बोधन गर्छन् भन्ने सम्भावना छैन ।
- नेपालमा पनि अब विस्तारै प्रान्तीय पार्टीहरू सशक्त बन्दै जान्छन् ।
- नेपालमा एउटै ठूलो पार्टीले बहुमतको आधारमा राज्य सञ्चालन गर्ने सम्भावना घटेर गएको छ ।
- संघीयता आइसकेपछि त्यहाँ प्रान्तीय पार्टीहरूको सशक्तता थप बढेर जान्छ ।



## प्रा. डा. महेन्द्र लावती

**नेपालको संविधान सभालाई भङ्ग गराइएपछि ८-९ महिनाको राजनीतिक स्थिति कस्तो रहेको छ ? जहाँको तहीँ कि अघि बढेको वा पछि धकिएको छ ?**

यसका दुईवटा पक्ष छ । यसलाई अल्पकालीन र दीर्घकालीन हिसाबले हामी विश्लेषण गर्न सक्दछौं । संविधान सभाबाट तत्कालै संविधान बन्नुपर्ने थियो । त्यो नल्याइकन विघटन भयो । जुन राम्रो कुरा होइन; दुःखद् कुरा भयो । संविधान सभाको ४ वर्षको इतिहास हेऱ्यो भने प्रष्ट हुन्छ, नेपालमा आउनुपर्ने संविधानलाई ल्याइएन । कुनै पनि समाजमा विवादहरु त हुन्छन् । तर, लोकतन्त्रमा त्यस्तो विवादहरु आयो भने कसरी सम्बोधन गर्ने भन्ने प्रक्रियालाई सबैले मानेको हुन्छ, मान्नुपर्ने हुन्छ । नेपालमा

संविधाान निर्माणको काम संविधान सभाले गर्ने भन्ने प्रक्रिया थियो । संविधान सभामा सहमतिमा कुरा मिलेन भने दुई-तिहाई बहुमतले त्यसलाई पारित गरेमा मान्नुपर्ने थियो । तर, आफूले भनेजस्तो संविधान नआउने भएपछि ती यथास्थितिवादी (Status quoist) हरूले लोकतान्त्रिक प्रक्रियालाई गल हत्याए र जबर्जस्त संविधान सभाको विघटन गराइयो ।

**संविधान सभाको विघटनको कारण र यसको अल्पकालीन असर कस्तो छ त ?**

संविधान सभाको समितिले पनि पहिचानमा आधारित संघीयतालाई बुहमतबाट प्रस्ताव गऱ्यो । बुढा पुरुष बाहुन नेताहरूलाई चित्त नबुझेको हुनाले आयोग गठन गरे । आयोगले पनि दुई-तिहाई बहुमतले पहिचानमा आधारित संघीयता नै हुनुपर्छ भन्यो । तर, त्यसलाई पनि मानिएन । यहाँ के याद गर्नुपर्छ भने यदि संविधान सभाको समिति वा अयोगले पहिचानको अधारमा नभएर उनीहरूले भनेको जस्तो ५ विकास क्षेत्रको अवधारणामा खाका ल्याइदिएको भए उहिले मान्थे । उनीहरूले भनेको जस्तो संघीयताको खका नआएकोले उनीहरूले नमानेको हो । उनीहरूले भनेको जस्तो कतैबाट नभएपछि संविधान सभा विघटन गर्नतिर लागे । लोकतान्त्रिक प्रक्रियालाई मान्ने हो भने उनीहरूले त्यो विषयलाई संविधान सभामा मतदानमा लैजानु पर्दथ्यो । त्यसो गरेनन् । संविधान सभाभित्र भोट गरेको भए दुई-तिहाई बहुमतले नै पारित गर्नेगरी पहिचानवादीहरु तयार भएका थिए । यसरी, पहिचानसहितको संघीयताका पक्षमा दुई-तिहाई बहुम जुटिसकेको थियो र पहिचानसहितको संघीयता पासगर्ने अवस्था थियो । त्यो उनीहरूले मान्नुपर्ने प्रक्रिया हो । कुनै कुरामा विवाद भएमा सम्पूर्ण सदस्यको दुई-तिहाई बहुमतले जे भन्छ त्यसलाई मान्ने भन्ने अन्तरिम संविधानमा नै थियो । संविधानमा कसैले भनेको पनि सबै कुरा त आउँदैन । यहाँ त पुरुष बाहुन नेतालाई चित्त बुझ्यो भने जे पनि हुने ! उनीहरूलाई चित्त नबुझे अरूले भनेको केही पनि नहुने ! संविधान सभामा संघीयताको खाकामा मतदान भएको भए नेपाली जनताले संविधान पाइसक्थे । यसरी नेपालमा आइसकेको संविधानलाई ल्याइएन । संविधान केही केही बाहुन नेताहरूले चाहेजस्तो संघीयताको खाका नआउने भएको हुनाले नआएको हो । त्यसले गर्दा अल्पकालीन रूपमा अलिक दुःखदायीजस्तो लाग्छ ।

**संविधान सभाको विघटन र त्यसपछिको स्थितिलाई दीर्घकालीन रूपमा हेर्दाचाहिँ कस्तो देखिन्छ ?**

दीर्घकालीन रूपमा हेर्दा केही घाटा त निश्चित रूपमा छ । तर, घाटैमात्र पनि छैन । अन्ततोगत्वा जुन पहिचानको आधारमा बन्न लागेको संविधानलाई आउन नदिने एमाले र कांग्रेसलाई नै सबैभन्दा बढी घाटा भएको छ । किनभने, एमालेबाट अशोक राई, वरिष्ठ नेता र कार्यकर्ता लगायत ठूलो समूहले पार्टी छोडेका छन् । कांग्रेसमा पनि कुमार राई र दुर्गामणी देवान लगायत ठूलो समूहले पार्टी छोडेका छन् । यदि संविधानमा पहिचानमा आधारित संघीयता आइदिएको भए यी नेता तथा कार्यकर्ताहरूले बीसौं–तीसौं–चालीसौं वर्ष त्याग, तपस्या गरेर निर्माण गरेको पार्टी छोड्ने थिएनन् । यसको प्रत्यक्ष घाटा अबको चुनावमा कांग्रेस र एमालेले व्यहोर्नुपर्नेछ । अहिले त कांग्रेस र एमालेले अनेक भनेर चित्त बुझाइरहेका होलान् । अर्को कुरा, आउँदो चुनावमा नेपालका जातीय वा क्षेत्रीय पार्टीहरूले अझ धेरै भोट पाउँछन् । यसरी दीर्घकालीन रूपमा पहिचानको हिसाबले हेर्दा सारै नराम्रो अवस्था छैन । यथास्थितिवादी पार्टीरू एमाले, कांग्रेसहरूको पहिलाभन्दा धेरै कम मत पाउनेछन् ।

**यसमा, नेपालको विगतको अनुभव र इतिहासचाहिँ कस्तो छ त ?**

नेपालको चुनावी इतिहास हेर्दा दक्षिणपन्थी (राइटिष्ट) पार्टीहरूले समाजमा यथास्थिति नै रहोस् र कुनै परिवर्तन नआओस् भन्ने चाहन्छन् । यस्ता पार्टीहरूले नेपालको चुनावी अभियानमा कहीँ र कहिले पनि राम्रो गरेका छैनन् । सन् १९५९ को गोर्खा दल होस् कि सन् १९९० को दशकका राष्ट्रिय प्रजातन्त्र पार्टी वा सन् २००८ मा होस् उनीहरु जहिले पनि खस्किएर गएका छन् । त्यसले गर्दा, यिनीहरूले चुनावी मैदानमाचाहिँ केही गर्न सक्दैनन् । कांग्रेस र एमाले जति दक्षिणपन्थी र यथास्थितिवादतिर ढल्किन्छन्, त्यति नै उनीहरूको भोट पनि चुहिन्छ । यथास्थितिवादीहरको कर्मचारीतन्त्र, मिडिया र आर्मीमाचाहिँ मजवुत पकड छ ।

मिडियामार्फत अनेक लेख्ने र अनेकन कुराहरु उठाउँदै भ्रम् पार्ने कुराहरु गर्छन् । कर्मचारीतन्त्रले ढिलासुस्ती र आलटाल गर्ने; बजेट नदिने वा ढिलो गरिदिने कामहरु गर्छन् । यसरी असर पार्छन् । तर, जनआन्दोलन गर्ने र मान्छेहरूलाई

**एउटा लोकतान्त्रिक पार्टी जसले पहिचानको कुरा पनि उठाउँछ, देश विकासको आधारहरू देखाउँछ र वर्गीय समस्याहरू पनि समाधान गर्छु भन्ने पार्टी नेपालमा अझैसम्म छैन । साम्यवादी पार्टीचाहिँ छ । माओवादी ती तीन सवालहरू उठाउने साम्यवादी पार्टी हो । तर त्यस्तो लोकतान्त्रिक पार्टी छैन । यस्तो लोकतान्त्रिक पार्टी नभएकोले धेरै मान्छेहरू त्यस्तो पार्टीको खोजीमा थिए र छन् । त्यस्तो पार्टीको राम्रो र दीर्घकालीन भविष्य थियो ।**

आन्दोलनमा उतार्नेक्रम्मा यस्ता कन्जरभेटिभ् पार्टीहरूले नेपालको इतिहासमा कहिले पनि जनताको मजबुत साथ पाएका छैनन् । यो आधारलाई लिएर हेर्न हो भने जुन पार्टी, समुदाय वा समूहहरु परिवर्तनको लागि लडिरहेका छन्, जनताको आकाङ्क्षा वा जनताले के खोजको छ त्यसलाई उठाएको छ, त्यस्ता परिवर्तन चाहने पार्टीहरूले आगामी दिनमा पनि राम्रै गर्छन् । यसले गर्दा परिवर्तन चाहने पार्टी वा समुदायहरु सारै तर्सिनु पर्ने अवस्था छैन ।

**पहिलेकै संविधान सभाबाट संविधान बनेको भए पहिचानवादीहरूले निक्कै कुरामा सम्झौता गर्थे होलान् । तर, अब त्यस्तो कुनै सम्झौताविना पहिचानवादीकै पक्षमा अर्को संविधानसभाबाट संविधान बन्ने सम्भावना छ कि छैन ?**

यसरी पनि हेर्न सकिन्छ– गत जेठ १४ मा पहिचानसहितको संघीयताको संविधान नदिएकोले जुन पार्टीहरूले त्यसलाई रोके अब आउने दिनमा ती पार्टीहरु खस्केर–खिइएर जान्छन् । आगामी नेपालको राजनीतिमा उनीहरूको भूमिका उनीहरूकै विगतको कार्यले गर्दा कम हुन्छ । जस्तो, एमालेले सन् २००८ को चुनावमा लगभग २०/२१ प्रतिशत मत पाएको थियो । अब एमाले लगभग १५ प्रतिशत मत पनि नपाउन सक्छ । किनभने आदिवासी जनजाति तथा केही मधेशी र मुस्लिमहरूको जमातले एमालेलाई छोडेर गएको छ । अर्को, एमालेहरु पहिले परिवर्तनको बाहक हुँ, हामी परिवर्तन गर्छौं भनेर नारा दिन्थे । एक किसिमको मान्छेले पत्याएका पनि थिए । तर, अबभने उनीहरूलाई धेरैले पत्याउन छोडिसके । छुटेर जाने त गए । एमालेमा रहेका र नरहेका मान्छेले पनि एमालेले परिवर्तन गर्छ र यो प्रगतिशील पार्टी हो भनेर विश्वास गर्दैनन् । त्यो विश्वास पनि टुटेर गयो । परिवर्तनको नारा दिएर पहिले पहिले पाउने भोट अब एमालेले पाउनेवाला छैन । यसरी एमाले खस्केर जान्छ । यसरी नै कांग्रेस पनि खिइएर जान्छ । उसले मधेशमा पहिलै गुमाएको भोट अझै पनि उकास्न सक्ने छैन । त्यसमाथि यो साल आदिवासीहरूले पनि छोडे । गतल साल पश्चिममा धेरै थारू र हरूहरूले पनि कांग्रेस छोडे । कांग्रेसको पनि खिइनेक्रम् जारी छ । विगतका ठूला पार्टीहरू यसरी खिइएर गएपछि त्यसको ठाउँ कसले ओगट्ने त ? राप्रपा नेपालले पनि पहिले १ प्रतिशत भोट ल्याएको थियो भने अब २ प्रतिशत भोट ल्याउला । त्यसको मार पनि कांग्रेसलाई नै पर्छ । एमाले र कांग्रेसको ठूलो खिइएको भोटचाहिँ अरू प्रगतिशील नयाँ क्षेत्रीय र प्रान्तीय पार्टीहरु- संघीय मञ्च,-सम्बद्ध पार्टी र संघीय समाजवादी पार्टीलगायतले पाउँछन् ।

पछि गएर पनि राजनीतिक रूपमा कुनै न कुनै सम्झौता त हुन्छ नै । राजनीति सम्झौता पनि हो । तर, अब हुने नयाँ नेपालमा यो नयाँ शक्तिहरूको भूमिका पहिलाको दाँजोमा बढेर गएको छ । यदि एमाले र कांग्रेसले यो पहिचानसहितको संघीयतलाई स्वीकार गरिदिएको भए उनीहरूको भूमिका पहिलेको जस्तै रहिरहन्थ्यो । तर, उनीहरु आफैले गर्दा उनीहरूको भूमिका अब खस्केर जान्छ ।

**नेपालको राजनीति यस्तो हुनुमा खास दोष कस्को ? नेतृत्वको मात्र वा भोट दिने जनताको पनि ?**

यसमा दुई–तीनवटा पक्षहरु हुन्छन् । निश्चिय नै, पहिला जनताहरूले यिनै पुराना पार्टीहरूलाई मत दिएका हुन् । सन् १९९० को दशकमा एमाले र कांग्रेसलाई नै बढी मत दिए । सन् २००८ को चुनावमा माओवादीले धेरै मत पायो । मधेशी पार्टीहरूले पनि निकै मत पाए । तर, यसमा हामीले एउटा के कुरा ख्याल गर्नुपर्छ भने विकल्प छैन भने साधारण जनताहरु भइरहेकै पार्टीमा रहन्छन् । जस्तो, सन् २००७ को मधेशी आन्दोलनपछि, मधेशमा के स्थापित भयो भने अब मधेशी पार्टीको नामबाट चुनाव लडियो भने जित्ने सम्भावना बढेर गयो भन्ने कुरा त्यहाँका नेतृत्वले बुझे । साथै, जनतालाई पनि अबचाहिँ मधेशी पार्टीहरूले चुनाव जित्छन् भन्ने विश्वास भयो र मधेशी पार्टीहरूलाई भोट दिए । अनि मधेशी पार्टीहरूको भोट बढेर गयो । त्यसको सट्टा आदिवासी जनजातिहरूमा त्यस्ता पार्टीहरु सशक्त रूपमा आइसकेको थिएनन् । केही पार्टीहरु भएपनि उनीहरूले जनतालाई हामी सशक्त वैकल्पिक पार्टी हौं भनेर जनतालाई विश्वास दिलाउन सकेनन् । त्यसो हुनाले, उनीहरूले त्यस्तो उल्लेख्य मत पाएनन् । जनताले आखिरीमा आफूले चाहेको जस्तो भएन भने आफूलाई अर्को काम लाग्ने पार्टीलाई भोट दिन्छन् । यसरी हेर्दा, केही मात्रामा जनताको पनि दोष हो कि भन्न मिल्छ । यद्यपि, जनताको लागि अर्को भोट दिने ठाउँ पनि थिएन- विशेष गरी आदिवासी जनजातिहरूको सवालमा । दलितको सवालमा अझै पनि कमै छ । तसले गर्दा, यसमा केही मात्रामा जनताको भूमिका पनि छ । तर, जनतामा तेसको अर्को विकल्प पनि थिएन । अर्को कुरा, यसमा नेताहरूको पनि ठूलो भूमिका छ । किनभने, सीधै नेताहरूकै गतिविधि र उनीहरूकै निर्णयले धेरै कुरामा असर पार्दछ । नेपालमा नेताहरूलाई राजाजस्तै मान्ने राजनीतिक संस्कार छ । कुनै पनि समाजलाई आफ्नो इतिहासले असर पार्दो रहेछ । जस्तो, नेपालमा राजाले आफूले चाहेजस्तो मनपरी गरेको सबले देखेका छन् । चाहे ठूलो वा सानो पार्टी नै किन नहोस् प्रायःजसो धेरैमा पार्टीको अध्यक्ष भएपछि पार्टीमा मैले जे गरेँ त्यै हुनुपर्छ भन्ने धारणाहरु पाइन्छ । यस्तो धारणाले पार्टीमा बहस र छलफल हुने संस्कार, स्वतन्त्र र नयाँ सोच विचार भएका नेताहरु बढ्ने र रहने सम्भावना कम भएर जान्छ । यस्तो नेताले खाली हनुमानहरूलाई आफ्नो पछि लगाउँदछ । जसले हुन्छ मात्र भन्छ र जसले आफ्नो विरूद्धमा कुनै प्रश्न उठाउँदैन । उसलाई मात्र बढुवा दिने र सपोर्ट गर्ने गतिविधिहरु हुन्छ । त्यस किसिमको संस्कार बसिसकेपछि त्यहाँ नयाँ विचारको छलफल हुँदैन । त्यस्तो ठाउँमा नयाँ मान्छेहरु आउन सक्दैनन् । यस्तो भएपछि, तेस्ता नेताहरूले गर्ने निर्णयहरु सङ्कुचित हुन्छ । उनीहरूलाई कतिपय सवालहरू थाहा नै हुँदैन । उनीहरु सल्लाह लिँदैनन् । उनीहरको चासोचाहिँ आफू कसरी पदमा बसिरहने भन्ने मात्र हुन्छ । आफ्नो पार्टी र व्यक्तिगत स्वार्थकै आधारलाई मात्र केन्द्रविन्दुमा राखेर निर्णयगर्ने भएकाले देश र जनतालाई नकारात्मक असर पर्ने गलत निर्णयहरु पनि हुन्छन् । यसरी नेताहरूको

सीधै दोष छ । यो नेपालमा विद्यामान गलत राजनीतिक संस्कारको कारणले पनि भएको हो ।

**पहिचानको मुद्दा, पहिचानको राजनीति भनिन्छ । खासमा, 'पहिचानको मुद्दा' वा 'पहिचानको राजनीति' भनेको के हो ?**

पहिचानको सन्दर्भमा एउटै मान्छेको थुप्रै पहिचानहरु पनि हुन्छन् । जस्तै, म लिम्बू र नेपाली पनि हुँ । म पेशागत हिसाबले प्राध्यापक र वर्गीय हिसाबले हुनेखाने वर्गको मान्छे हुँला । यस्तो विभिन्न पहिचान हुन्छ । जुन पहिचान अन्तर्गत मानिसहरू मार्कामा परकाछन्, त्यही पहिचानको सवाल उठाउँछन् । किनभने मान्छेहरू आफूलाई मर्का परेको हटाउन खोज्छन् । यसरी जोसुकै मान्छेको पनि विभिन्न पहिचान हुन्छ । नेपालको इतिहासमा जंगबहादुरको मुलुकी ऐन् र त्योभन्दा पृथ्वीनारायणको तथाकथित् दिव्योपदेश आदि देखिनै इथ्निक (जातीय) वा काष्ट (जात) आइडिण्टिटी ( पहिचान)को आधारमा विभेद् गरे । मधेशीहरूलाई उनीहरूको आइडिण्टिटीकै आधारमा पक्षपात गरियो । यसरी, विभेद र वहिष्करण गरेर उनीहरूको पहिचानलाई दबाइएको थियो । यही पहिचानहरूको आधारमा मानिसहरूलाई गरिब बनाइएको थियो । उत्पीडनमा परेका थिए । विभिन्न समस्याहरु भोगेका थिए । अहिले नेपालमा उठेको सवालचाहिँ जुन पहिचानले गर्दा मान्छेहरूलाई अन्याय भयो, विभेद गरियो र वहिष्करणमा पारियो । तिनीहरूलाई पूर्णरूपले स्थापित नगरेसम्म अझै पनि ती समुदायहरु पछि पर्छन्, अन्यायमा पर्छन् र वहिष्करणमा पर्छन् भनेर यो पहिचानको सवाललाई मुद्दाको रूपमा उठाइएको हो । जस्तो, हामी लिम्बू हुँ, हामी आदिवासी हुँ भनेर हामी पहिचान किन मागिरहेका छौं भने हामी यही हाम्रो पहिचानको आधारमा पछि पारिएका थियौं । हाम्रो संस्कार, भाषा, धर्म, लवाई-खवाई, विश्वदृष्टिकोणहरु पछि पारिएका थिए । यी पहिचानहरु स्थापित भएपछि मात्र बल्ल हामी अन्य नेपालीहरूसँग समान हुनसक्छौं । किनभने, हाम्रो भाषा र धर्म नै पेलिएको छ । हाम्रो संस्कार पेलिएको छ । खस-बाहुनको भाषा, संस्कार र धर्म त पेलिएको छैन । यस्तो अवस्थमा पेलिएका र नपेलिएकाहरूबीच अन्याय र असमानताका सवालहरूमा समानता नल्याएसम्म समान हुन सक्दैनन् । नेपालमा दुई-तिहाईभन्दा बढी समुदायहरु पहिचानको सवालमा पेलिएको हुनाले उनीहरूको पहिचानलाई समान रूपमा स्थापित गरिसेकपछि मात्र उनीहरु समान नेपाली हुन सक्छन् । त्यसलेगर्दा, पहिचानको मुद्दा ठूलो भएर आएको हो ।

> लिम्बूले खाली बाहुनले भनेजस्तै गरी बाँच्नुपर्छ भन्ने के जरूरत छ ? थारूहरूले बाहुनहरूले नै भनेको नीति नियमहरू सधैंभरि मान्नुपर्छ भन्ने के जरूरत छ ? आजको सन्दर्भमा नेपालमा कस्तो किसिमको नीति-निर्माण हुनुपर्छ भन्ने कुरामा सबै समुदायको भूमिका हुनुपर्‍यो ।

**यो पहिचानको मुद्दासँग संघीयता, स्वायत्तता र आदिवासीय हक-अधिकारका कुराहरु किन र कसरी गाँसिएका हुन्छन् ?**

पहिचानसँग संघीयताका सवालहरु किन र कसरी गाँसिएको हुन्छ भन्नेबारे प्रष्ट पार्न एउटा उदाहरण लिऊँ । जस्तो, हामी लिम्बू होला । कोही मगर र तामाङ आदि होलान् । कोही मधेशी र थारूहरु होलान् । यदि कुनै समुदायहरु वा मान्छेहरु हामी त्यो समुदायका हौं । हामी हाम्रो भाषा र संस्कृति सेयर (साझेदार) गर्दछौं । हाम्रो संसारलाई हेर्ने दृष्टिकोणमा समानता छ भनी यदि कोही मान्छेहरु अरू समुदायहरूभन्दा फरक छौं भनेर भन्छन् भने त्यस्ता पृथक समुदायहरूले उनीहरूको सवालमा आफैले आफ्नोबारे निर्णय गर्‍यो भने बढी ठीक निर्णय गर्न सक्छन् । किनकि, उनीहरूको समस्या के हो, चाहना के हो, उनीहरूलाई नै बढी थाहा हुनछ । त्यसो भन्दैमा, लिम्बूहरूले आफ्नो बाजे-बराजुले जे गर्‍यो वा हलो जोत्यो भन्दैमा त्यही हलो नै जोत्नुपर्छ भन्ने कुरो होइन । भन्न खोजेको- लिम्बूहरु आफैले हलो जोत्ने, नजोत्ने वा के गर्ने ? कुनचाहिँ परिवर्तन ल्याउने भन्ने कुरा आफैले आफ्नो सवालमा निर्णय गर्न पाउनुपर्छ । त्यसरी निर्णय गर्दा, त्यसको अर्थ, हामी नेताहसँग बोल्दै नबोल्ने । बाहुन-क्षेत्रीहरूसँग बोल्दै नबोल्ने । थारूसँग बोल्दै नबोल्ने भनेको पनि होइन । अन्य जाति र समुदायसँग बसेपछि उनीहरूसँग कारोबार हुन्छ । यस्तो कारोबार हुँदा, बाहुनसँग छलफल वा कारोबार गर्दा सबैलाई स्वीकार्य हुने कुरालाई आधार मानेर अगाडि बढ्ने हो । लिम्बूले खाली बाहुनले भनेजस्तै गरी बाँच्नुपर्छ भन्ने के जरूरत छ ? थारूहरूले बाहुनहरूले नै भनेको नीति नियमहरु सधैंभरि मान्नुपर्छ भन्ने के जरूरत छ ? आजको सन्दर्भमा नेपालमा कस्तो किसिमको नीति-निर्माण हुनुपर्छ भन्ने कुरामा सबै समुदायको भूमिका हुनुपर्‍यो । बाहुन र लिम्बूहरूको पनि हुनुपर्‍यो । थारु, लिम्बू, तामाङ र नेवार लगायत बाहुनहरु सबै समुदायले आफ्नोबारे के गर्न चाहन्छन् ? बाहुनहरूले जनाई लगाउन चाहन्छन् वा चाहँदैनन् ? त्यो लिम्बूहरूले निर्णय गर्ने कुरा होइन । एउटा समुदायले आफ्नोबारे निर्णय गर्दा अर्को समुदायलाई मार्का पार्नु भएन । अरूलाई मार्का नपार्ने गरी आफ्नो अधिकार प्रयोग गर्ने कुरा संघीयताले स्वायत्ततामार्फत् व्यवस्था गर्ने हो । यस्तो कार्य तत्काल हुनुपर्ने हो । तर, एक समुदायहरूले जानेर, नजानेर वा बुझ पचाएर हामीलाई घाटा पर्छ वा पहिलेदेखि खाई-पाइआएको, भोगचलन गर्दैआएको मोजमस्तीहरु कम हुन्छ भन्ने बुझ-अबुझ तरिकाले बुझेको हुनाले यस्तो दुर्घटना हुन लागेको हो । पहिचान र संघीयताको मुद्दाले सम्बोधन गर्ने पनि यही सवाल हो ।

**बाहुन-क्षेत्रीहरूको पनि आफ्नै किसिमको पहिचान त हुन्छ नि, होइन ?**

हो, उनीहरूको पहिचान निश्चित रूपमा हुन्छ । तर, खाली भन्न खोजको कुरा के हो भने कुनै पनि पहिचान बोकेको समुदायले अर्को पहिचानवालालाई थिचोमिचो गर्नचाहिँ पाइँदैन । आफ्नो पहिचानले आफू र आफ्नो मसुदायको बारे निर्णय गरेर अगाडि बढ्न पाइन्छ । त्यो समुदाय र विभिन्न समुदायहरु एकै ठाउँमा बस्नुपर्दा सबैलाई स्वीकार्य हुने निर्णय सामूहिक रूपमा सबै मिलेर गर्नुपर्दछ भन्ने मात्र हो ।

**यो पहिचान भन्ने कुरा एक्दैमै तरल हुन्छ, ठोस हुँदैन । यो बगिरहने वा बद्लिरहने हुन्छ पनि भनिन्छ । वास्तवमा, के हो ?**

नेपालमा एक किसिमका व्यक्तिहरूले आधामात्र बुझेर एक किसिमले व्याख्या गर्न सुरूगरेका छन् । निश्चित रूपमा, पहिचान भनेको सधैंभरि जस्ताको तस्तै नै त नरहला । केही न केही पहिचानहरु परिवर्तन भई बस्छन् नै । तर, त्यसो भन्दैमा पहिचानबारे जान्नु हुँदैन, अध्ययन-अनुसन्धान गर्नैहुँदैन भन्ने कुराचाहिँ मुर्खता हो । यो पहिचान बढी तरल हुन्छ, यसो हुन्छ, उसो हुन्छ भन्नेहरूचाहिँ आफूलाई बढी मार्क्सवादी भन्ने एक किसिमका मान्छेहरूले कुरा उठाउँछन् । यदि पहिचान तरल हुन्छ र त्यसको अध्ययन नगर्ने । त्यसको सवालमा नीति निर्माणहरु गर्न नपाउने हो भने त त्यस्ता तर्क गर्ने मार्क्सवादी साथीहरूले के बुझ्नुपर्दछ भने- पहिचानको दाँजोमा वर्गीय कुरा वा सवालहरु अझ धेरै तरल हुन्छ । जस्तो, म महेन्द्र लावती । हामीलाई एक किसिमका मानिसले लिम्बू नै भनेर मेरो जिन्दगीभरि चिन्छन् । तर यो वर्गीय कुरा त कति तरल **हुन्छ** भने एउटा विद्यार्थी उसले आफ्नो पढाई सक्नेबित्तिकै उसको वर्ग परिवर्तन हुन्छ । उसको औकात परिवर्तन हुन्छ । ऊ एउटा गरिव मान्छेबाट धनी मान्छे हुनसक्दछ- राम्रो जागीर पाउने वित्तिकै । अझ बढुवा भयो वा सचिव भयो भने उसको त वर्गीययता नै सम्भ्रान्त परिवारमा पुग्छ । यदि त्यो मान्छेको जागीर कुनै कारणले खुस्क्यो भने ऊ फेरि आजको भोलि गरिब हुन्छ । यसरी, एउटै मान्छेको जीवनमै उसको वर्ग कतिपल्ट बदलिन्छ । वर्गीय तरलत कति धेरै हुनेरहेछ त ? यदि तरलता छ भनेरै पहिचानलाई नमान्ने हो भने त वर्गीय सवालको त झन कुरै गर्नु भएन । यो वर्गीय सवाल त झन एक्दमै तरल छ । गरिब मान्छे भारी बोकेर, लाहुर गएर, पढेर वा अन्य तरिकाले पनि आफ्नो वर्गीय अवस्था परिवर्तन गर्नसक्छ । त्यसैले वर्गीयता एक्दम तरल हुनसक्छ मान्छेको लागि । वर्गको दाँजोमा पहिचान त धेरै कममात्र तरल हुन्छ । यसर्थ, नेपालमा एक किसिमका विद्वान भनाउँदाहरूले कति बुझेका छन् वा छैनन् । यी 'आफ्नो आङ्को हात्ती नदेख्ने र अरूको आङको जुम्रा पनि देख्ने' भनेजस्तै गरेका कुतर्क मात्र हुन् । वर्गीयताको मात्र कुरा गर्नेले पहिचानलाई तरल भन्न पटकै सुहाउँदैन । यस्ता तर्कहरूले आदिवासी जनजाति, मधेशी र दलितलाई कुनै फरक पार्दैन । यिनीहरूले त सदियौंदेखि पेलिएर बस्नुपरेको थियो । यी कुतर्कहरु परिवर्तन हुनु खोज्ने मान्छेहरूलाई रोक्ने दुस्प्रयास मात्र हो । मेरो विचारमा, नेपालमा यो गलत प्रयास त्यति लामो टिक्दैन । सफल हुँदैन । किनभने नेपालमा दुई-तिहाई बहिष्कृत समुदायहरु छन् । यसरी विभिन्न तरिकाले झुक्याएरै लामो समयसम्म राख्न सम्भव हुँदैन । खाली ढिलो चाडोको सवाल मात्र हो । यो परिवर्तन त भएरै छाड्छ ।

**मधेशी दलहरूले जस्तै आदिवासी जनजातिहरूले त्यतिखेरै एकात्मक एमाले-कांग्रेसलाई छोडेर आफ्नै दलमा लागेको भए के हुन्थ्यो ? त्यतिखेर, त्यो हुनुबाट केले रोक्यो ?**

राजनीतिक आन्दोनल गर्ने क्षमता एकै पटकमा सबै सुमुदायमा विकास नहुँदो रहेछ । मधेशीहरूले सन् १९५१ मै 'नेपाल तराई कांग्रेस' खोलेर संघात्मक व्यवस्थाको माग गरिसकेका थिए । भाषिक क्रान्ति गरेका थिए । सन् १९५६ र ५७ मा नेपाली भाषालाई जबर्जस्ती स्कुलहरूमा लाद्दाखेरी आदिवासी जनजातिहरूमा त्यस्तो ठूलो विरोधस्वरूप केही गरेनन् । तर मधेशमा एक वर्षसम्म त्यसको विरोध भयो । हिन्दीमा पनि पढाइ हुनुपर्छ भनेर माग भयो । आमसभा र छलफल भयो । यसको प्रभाव, सन् १९५९ को चुनावमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको घोषणा-पत्र हिन्दीमा जारिगरेका थिए । यसरी मधेशीहरूमा साँस्कृतिक पुँजी- हामी मधेशी हौं; हामीलाई अन्याय परेको छ र हामी अब मजबुत हुनुपर्छ, हामीले आफ्नो मागहरु राख्नुपर्छ भन्ने चेतना आदिवासीभन्दा अगाडि आइसकेको थियो । त्यसरी मधेशमा त्यो साँस्कृतिक पुँजी तयार भइसकेको थियो । हुँदै थियो । बढ्दै थियो । सन् १९९० मा आएर ' नेपाल सद्भावना पार्टी' बन्यो । सन् २००७ मा उपेन्द्र यादवको जनअधिकार फोरमले आन्दोलन गर्‍यो । आन्दोलनमा लाखौं मान्छे सडकमा उत्रे । त्यो घटनाले सामाजिक पुँजी राजनीतिक पुँजीमा परिणत भइको प्रष्ट देखियो । त्यसपछि मधेशी राजनीतिक नेताहरूले 'ए अब हामीले मधेशी पार्टीको नामबाट चुनाव लड्ने हो भने जित्ने सम्भावना बढेरगयो' भन्ने बुझे । मधेशी नेताहरूले पार्टी खोले । गठन गरे र धेरै सीट जिते पनि । सन् २००८ को चुनावमा आदिवासी जनजातिमा त्यस किसिमको साँस्कृतिक पुँजी राजनीति पुँजी बनिसकेको थिएन । मधेशीहरूको सन् १९५१ मा पार्टी खोलिएको थियो भने आदिवासी जनजातिको सन् १९९० मामात्र जनमुक्ति पार्टी, मङ्गोल नेशलल अर्गनाइजेशन लगायत खोलियो । धेरै जनजातिमा पहिलाको दाँजोमा अबचाहिँ राजनीतिक चेतना आएको छ । यो एमाले र कांग्रेसले हाम्रो लागि खास केही नगर्ने रहेछ । 'यो माओवादीको पनि कुनै टुङ्गो छैनजस्तो छ' भन्ने कुराहरु बुझ्दै गएका छन् । मधेशवादी पार्टीहरूको जस्तो सोचाई आएको छ । त्यस्तै किसिमको गतिविधिमा लागेका छन् । **यसरी, पहिचानको आधारमा संघीयता हुन नदिएकोले यो मुद्दा झन ठूलो भएर आएको छ ।** सन् २००७-२००८ मा आदिवासी जनजातिहमा आवश्यक राजनीतिक पुँजी बनिसकेको थिएन । तर, अहिले पहिलेको दाँजोमा धेरै बनिसकेको छ । अबको चुनावमा पहिलाको दाँजोमा निश्चितरूपमा आदिवासी पार्टीहरू धेरै सफल हुन्छन् ।

**नेपालका एकात्मक दलहरु विशेषगरी एमाले र कांग्रेसमा यसंविधान सभाको विघटनपछि ठूलो भूइँचालो आयो ।**

**त्यही भूइँचालोले यिनीहरु ध्वस्त हुन्छन् वा यस्तो अर्को भूइँचालो जान आवश्यक छ ?**

एमाले र कांग्रेसलाई दाँजेर हेर्दा एमालेलाई बढी खतरा छ । एमाले दुईतिरबाट चुडिएर जाँदैछ । वर्गीय सवालमा साँच्चीकै कुरा गर्ने र पत्याउने मान्छेहरु बरू एमालेभन्दा माओवादीतिरै लाग्छन् । एमालेभन्दा बढी वर्गीय हिसाबले जनताको कुरा उठाउने त माओवादीहरु हो । अर्कोतिर, एमालेमा यो पार्टी– 'विभेद्मा पारिएका, शोषित, गरीव र उत्पीडित समुदायहरूको लागि पनि हो' भन्ने कुराको जुन इमेज थियो । त्यो इमेज पनि अब खतम भएर गयो । एमालेलाई आदिवासी जनजाति र मधेशीहरुले छोडिसके । मधेशी त पहिला पनि कमै थिए । आदिवासी जनजातिहरुको ठूलो साथ थियो । तर, अब त्यो पनि खिइयो । एमालेमा अझै पनि वैचारिक विचलन छ । उनीहरुको पार्टीको लक्ष्य के हो भन्नेमा उनीहरु आफै ढुलपुल छन् । यसरी एमाले दीर्घकालीन रूपमा खिइँदै जानेछ । एमालेमा उहिलैदेखि लागेका केही मान्छेहरु जीवनभर एमालेमै बस्लान् । त्यो पुरानो पुस्ता सकिएपछि एमाले खतमै हुने वा साना पार्टीको रूपमा परिणत भएर रहने अवस्था छ ।

**नेपाली कांग्रेसको अवस्थाचाहिँ कस्तो होला ?**

नेपाली कांग्रेसको सवालमा यसले पहिलेदेखि लोकतन्त्रलाई डिफेन्ड गर्दै आएको हो । ऊ अहिले पनि त्यही मुद्दालाई क्याश गर्नचाहिँ खोज्छ । तर, अहिलेको जमानामा सबै लोकतान्त्रिक हुन खोज्दैछन् । एमाले लोकतान्त्रिक हुँ भन्छ । माओवादी लोकतान्त्रिक बन्दैछन् । लोकतन्त्रको सवालमा अब कुनचाहिँ दल लोकतान्त्रिक होइन र ? त्यसैले लोकतन्त्रको सवालले मात्र नेपाली कांग्रेसलाई पहिलाको जस्तो धेरै मत आउँदैन । तर, कांग्रेसले समाजमा रहेका कन्जरभेटिभ तत्वहरु– हिन्दू महासंघलगायतको भोट अझै पनि केही मात्रामा पाउन सक्दछ । कांग्रेस पार्टी त्यसको स्थापनाकाल नाइन्टिन फिफ्टिजभन्दा अहिले धेरै फरक छ । पहिलाको कांग्रेस वर्गीय मुद्दा उठाउँथ्यो । अहिलेको कांग्रेस पहिलाको भन्दा निकै कन्जरभेटिभ बनेको छ । कन्जरभेटिवहरूको लागि के समस्या छ भने, नेपालमा धेरै मान्छेहरु गरीब छन् । त्यसकारण धेरै जनता गरीबी र पहिचानको समस्याहरू सम्बोधन गर्छुभन्ने पार्टीहरूतिर आकर्षण हुन्छन्, न कि कन्जरभेटिव पार्टीप्रति । बाहुनहरु पनि गरिब छन् । उनीहरूले पहिचानको सवाल उठाउने पार्टीलाई भोट नदेलान् । किनकि, उनीहरूलाई पहिचानको ठूलो समस्या छैन । तर, ऊ गरीब भएको कारणले माओवादीलाई भोट दिनसक्छ । पहिचान चाहने उत्पीडितहरूले पहिचानमा आधारित पार्टीलाई भोट दिन्छन् । यसले गर्दा कन्जरभेटिभ मत पनि नेपालमा त्यति ठूलो छैन । यसरी कांग्रेस अबको चुनावमा खुम्चिने नै स्थिति छ । कांग्रेसको भोट बढ्ने अवस्था छैन ।

> **यदि पहिचान तरल हुन्छ र त्यसको अध्ययन नगर्ने । त्यसको सवालमा नीति निर्माणहरू गर्न नपाउने हो भने त त्यस्ता तर्क गर्ने मार्क्सवादी साथीहरूले के बुझ्नुपर्दछ भने– पहिचानको दाँजोमा वर्गीय कुरा वा सवालहरू अझ धेरै तरल हुन्छ ।**

**यी एकात्मक एमाले–कांग्रेसलाई थप धक्का कहिले, कुन अवस्थामा लाग्छ सक्छ ?**

एमाले र कांग्रेस पार्टीलाई नेपालमा संविधान आयो र संघात्मक व्यवस्था भयो भने अर्को भूकम्पको धक्का लाग्नेछ । किनभने, संघात्मक व्यवस्था आइसकेपछि, विभिन्न प्रदेशहरुमा प्रादेशिक पार्टीहरूले चुनावसँगसँगै राज पनि गर्दै जान्छन् । जस्तो, नेपालको सन्दर्भमा लिम्बुवानमा त्यहाँको प्रादेशीक पार्टीले नेपालको प्रधानमन्त्री बन्न नपाए पनि लिम्बुवानको चिफ् मिनिष्टर र लिम्बुवान सरकार बनाउन सक्छ । प्रान्तीय पार्टीले प्रान्तीय सरकार बनाउनसक्छ भनेर जनताले पत्याउँछन् । त्यही सम्भावनाको आधारमा जनताले भोट पनि दिन्छन् । यसरी संघात्मक व्यवस्था आइसकेपछि प्रादेशिक पार्टीहरुको प्रभाव बढ्दैजान्छ । जसले यी मुद्दाहरु उठाउँदैनन् ती पार्टीहरुचाहिँ बिस्तारै कमजोर हुन्छन र हराएर जान पनि सक्छन् ।

**आखिरमा, एमाले–कांग्रेस बाहुनकै मात्र पार्टी हुने सम्भावनाचाहिँ कति देख्नुहुन्छ ?**

अहिले नै बाहुनको पार्टी भइसके । किनभने, दुईवटा कारणले गर्दा । एउटा, उनीहरुको बनौटलाई हेर्न सकिन्छ । कांग्रेसमा एक–दुई नेवार र क्षेत्रीचाहिँ छन् । तर, अधिकांश बाहुनहरूले नै एकछत्र आधिपत्य जमाएका छन् । एमालेमा त झन् त्योभन्दा चौपट छ । खाली बाहुन नै बाहुनमात्र छन् । एकजना अशोक राई थिए । उनी पनि निस्कि हाले । दोस्रो, उँहरूको नीति हेर्दा पनि त्यही छ । यिनीहरूले गैर–बाहुनले मागेका कुरा नीतिका रूपमा लिएका छैनन् । बरू पहिचानसहितको संघीयताजस्ता आदिवासी र मधेशीको पहिचान स्वीकार्ने नीतिको विरोध गरेका छन् । नेपालमा कुनचाहिँ समुदायले पहिचानको आधारमा राजकाज गरेको छ भने यी बाहुन–क्षेत्री समुदायले गरेका छन् । यी पार्टीहरू र तिनीहरूले बनाएको सरकारले बाहुन–क्षेत्रीलाई फाइदा हुने धेरै नीति निर्माण गरेकाछन् । पार्टीको बनोटमा एउटै जातीय समूहले एकछत्र राज गरेको छ । उनीहरुको मुख्य नीति अनुसार उनीहरुको एउटै जातीय

समुदाय (इथ्निक ग्रुप)ले चाहेको अनुसार गरेका छन् । भनेपछि, उनीहरु एउटा जातीय (इथ्निक) पार्टी नै हुन् । अहिले नै एमाले-कांग्रेसहरु बाहुन-क्षेत्रीकै पार्टी भइसकेका छन् ।

**नेपाली जनता र सामाजिक चेतनाको उपज यो अवस्थाको राजनीति भएको हो वा राजनीतिक दल र त्यसका नेतृत्वले यी सबलाई डोऱ्याइरहेका छन् ? यसलाई नेपालको सामाजिक परिस्थितिसँग कसरी दाँजेर हेर्ने ?**

कुनै पनि सामाजिक प्रकृयाहरूमा एउटा पक्षले मात्र योगदान पुऱ्याउँदछ भन्ने हुँदैन । नेपाली समाजमा जुन परिवर्तनहरु आए, आइरहेका छन् । पहिलाको दाँजोमा धेरै परिवर्तन पनि भएको छ । यद्यपि, सबै समुदायका मागहरु प्राप्त भइसकेको छैनन् । राज्य धर्मनिरपेक्ष घोषित भएको छ । मिश्रित चुनाव प्रणालीबाट चुनाव भयो । कम्तीमा, अन्तरिम संविभानमा संघीयता हुने भनिएको छ । हिन्दू राजा खतम भइसके । यसरी पहिलाको दाँजोमा परिवर्तन भएको छ । यस्ता परिवर्तनहरु आउनु र अहिलेको परिस्थितिमा जे भएको छ जुन आफै आएको पनि होइन । यसमा जनता र नेतृत्व दुवै पक्षको भूमिका छ । यो मुद्दाहरु उठाउने चाहे सन् १९९० को दशकमा गोरेबहादुर खपाङ्गीहरु वा मङ्गोल नेशलन अर्गनाइजेशनका गोपाल गुरूङहरु हुन् । विभिन्न जातीय संघ-संस्थामा लागेका हजारौं मित्रहरु हुन्, वा अरू ज-जस्को यसमा लगातार परिश्रम र मेहनत छ । आदिवासीसी जनजाति र मधेशी आन्दोलनमा लागेका सबैको योगदानबाट चेतना बढ्यो । मागहरु स्पष्ट भयो । मानिसहरु सशक्त हुनथाले । यसले गर्दा जनताहरु पनि बढी चेतनशील भएर लागे । जनताहरु चेतनशील हुनुमा अभियानकर्ताहरूको भूमिका पनि छ । त्यसकारण, निकै सकारात्मक कामहरू पनि भएका छन् । हामीले यसलाई बिर्सनु हुँदैन ।

तर, राजनीतिक नेतृत्वहरूकै भूमिकालाई हेर्ने हो भने उनीहरूको भूमिका अझै पनि छ । अझै पनि, राष्ट्रिय मुद्दाहरूमा पुरुष बाहुनहरु बस्छन् । निर्णय गर्छन् । तर अब के प्रष्ट भयो भने उनीहरु मात्र बसेर निर्णय गर्दैमा जनताले स्वीकार्दैनन् भन्ने पनि प्रष्ट भइसक्यो । संघात्मकताको मुद्दामै कुरा गर्दा, गोदावरीमा प्रचण्ड, सुशील कोइराला, झालनाथ खनाल आदि बसेर ६-७ वटा प्रदेश बनाउने भनेर त निर्णय गरेकै हुन् । तर, जनताले नमानेर सडकहरु तातिएपछि यसलाई फिर्ता लिनुपऱ्यो । नेताहरूले पहिलाको जस्तो जे भन्यो त्यही मात्र हुने ग्यारेण्टी चाहिँ छैन । अहिले, सशक्त समुदायले मागेको माग पूरा हुन्छ । त्यसको लागि जनताहरु सडकमा उत्रिन्छन् । तब नेताहरु गलत कुरालाई फिर्ता लिन बाध्य हुन्छन् । जनता, अभियानकर्ता, राजनीतिक नेता सबैले बढीभन्दा बढी प्रभाव जमाउन खोज्छन् । तर, समाजमा जति धेरै मान्छेहरु चेनलशील भएर सक्रिय हुन्छन् । त्यसैको आधारमा निर्णय गर्ने शक्ति पनि फिजिएर जान्छ । नेपालमा पहिलेजस्तो नेताले मात्र जे गर्छु भन्यो त्यही मात्र हुने अवस्था खिइएर गएको छ । जुन लोकतान्त्रीकरणको सवालमा सामाजिक रूपान्तरणको लागि राम्रो पक्ष हो ।

**नेपालको संविधानसभा विघटनपछिको विद्यमान राजनीतिक समस्या अब कसरी अघि बढेर समाधान होला ?**
सजिलोबाटो संविधान सभाको पुनःस्थापना भयो भने राम्रो हुन्थ्यो । सबै कुराको टुङ्गो लगाएर निश्चित थोरै समयको लागि संविधान सभाको पुनर्स्थापना भए सहज हुन्थ्यो । सहमतिबाट भएन भने मतदानबाट मुद्दाहरू टुङ्गो लगाउनु पर्छ । अर्को, नयाँ संविधान सभाको चुनाव हुँदैमा संविधान बन्छ नै भन्ने पनि कुनै ग्यारेण्टी छैन । नेपालको सन्दर्भमा संविधान सभालाई नै ब्युँताएर जुन मुद्दा टुङ्गिएको थिएन । त्यसलाई मतदानमा लगिनु राम्रो हुन्छ । पहिलै मतदान गरेको भए संविधान आउँथ्यो । तर, यो कुरालाई बुझेर नै एक किसिमका मान्छेहरूले त्यो हुन नदिएका हुन् । अब फेरि चुनाव भयो भने पनि एमाले र कांग्रेस नै पछि पर्छन् । उनीहरूलाई माओवादी फुटेको हुनाले माओवादीले कम भोट ल्याउँछ कि भन्ने उनीहरूको अड्कल होला । तर, माओवादीको फुटेर गएको भोटचाहिँ नारायणकाजी र अन्य साना कम्युनिष्ट पार्टीहरूलाई एकीकरण गरेर मिलाएर भरथेग गरेको छ । त्यसैले, माओवादीले सन् २००८ मा जति भोट ल्यायो लगभग तेति नै भोट फेरि पाउँछ । नफुटेको भए माओवादीको भोट अझै बढ्थ्यो । बरू एमाले र कांग्रेस खिइएर जान्छन् । त्यसर्थ चुनावै भयो भने पनि पहिचानसँग सम्बद्ध पार्टीहरूको पनि मत बढेर जान्छ । चुनाव भयो भने संघात्मक व्यवस्था आउने सम्भावना पनि प्रवल छ ।

> कांग्रेसमा एक-दुई नेवार र क्षेत्रीचाहिँ छन् । तर, अधिकांश बाहुनहरूले नै एकछत्र आधिपत्य जमाएका छन् । एमालेमा त झन् त्योभन्दा चौपट छ । खाली बाहुन नै बाहुनमात्र छन् ।

**संविधान सभाको विघटनपश्चात् नेपालमा खुबै राजनीतिक ध्रुवीकरण हुँदैछ र हुनेभो भनियो । त्यो भनिएको राजनीतिक ध्रुवीकरण भइसक्यो कि अब अझै हुन बाँकी छ ?**

यस्तो राजनीतिक ध्रुवीकरण अलिलि त जहाँ पनि हुन्छ । तर, यहाँ जस्तो किसिमले मान्छेहरूले चर्चा गर्छन् त्यस्तो किसिमको राजनीति ध्रुवीकरण नेपालमा हुने सम्भावना कमै छ ।

**अहिले भर्खरै दुईवटा नयाँ पार्टीहरु (संघीय समाजवादी पार्टी र सामाजिक लोकतान्त्रिक पार्टी) को गठन हुनु के ध्रुवीकरण हुनु होइन ?**
नेपालमा धेरै पार्टीहरु भएको हुनाले अरूभन्दा अलिक ठूलो पार्टी माओवादी बन्ला । कांग्रेस र एमालेसँग पनि केही भोट त हुन्छ नै । साथै, यी नयाँ पार्टीहरूले पनि केही भोट

ल्याउलान् । भनेपछि, नेपालको राजनीति अब झन तरल हुनेभयो । ध्रुवीकरण होइन, छरपष्ट हुने सम्भावना छ । छरपष्ट भएपछि कुनै मुद्दामा कुनै पार्टीहरू एकापट्टि लाग्छन् । अर्को मुद्दामा फेरि अर्को पार्टीसँग लाग्छन् । यसलेगर्दा, बरू अहिले जुन पार्टी व्यवस्था नेपालमा विकास हुँदैछ । त्यसले चाहिँ, मेरो विचारमा, ध्रुवीकरणलाई रोक्छ । ती पार्टीहरूले विभिन्न मुद्दाहरू बोकेका छन् । थोरै पार्टी भए पो, कुनै पार्टीको नेताले अब यो गरौं, त्यो पार्टीको अपोजिशनमा लागौं भनेर हुन्छ । धेरै पार्टीहरु भएपछि कोही पार्टीहरु कुनै मुद्दामा एकै ठाउँमा बस्छन् । अर्को मुद्दामा फेरि फरक बस्छन् । यसरी एउटै मुद्दाको आधारमा ध्रुवीकरण हुने सम्भावना कम हुन्छ । अब संघीयताको मुद्दामा ध्रुवीकरण होला । तर, संघीयता आइसकेपछि संघीयताको लागि सँगै लडेका पार्टीहरु आफू-आफैमा प्रतिस्पर्धा गर्न थाल्छन् । यसैले, ध्रुवीकरण हुन्छ भन्छन् त्यो खास के हो ? त्यो मैले बुझेको छैन । त्यो प्रचारमात्र हो कि जस्तो पनि लाग्छ । खाली माओवादी चाहिँ कम्युनिष्टहरु हुन् । यिनीहरूले कम्युनिष्ट तरिकाले नै सत्ता क्याप्चर गरेर एकछत्र राज गर्न प्रयास गर्छन् भनेर त्यसरको विरूद्धमा ध्रुवीकरण हुन्छ भन्ने हो कि ? मचाहिँ त्यो हुने सम्भावना देख्दिन । किनभने, माओवादीले चाहेर पनि एकछत्र राज गर्न सक्दैन । नेपालको परिस्थिति र विश्वको परिस्थितिले नै त्यसो गर्न रोक्छ । यसले गर्दा, ध्रुवीकरण चाहिँ होइन, बरू ध्रुवीकरण कम हुने सम्भावनाहरु बढेर गएको छ । जुन, मेरो विचामा, राम्रै लक्षण हो । अब माओवादी पनि लोकतान्त्रीकरणतर्फ गइसक्यो । यो संसदीय व्यवस्थातिर गइसकेको छ । त्यसले गर्दा, कि त लोकतान्त्रिक र गैर-लोकतान्त्रिकबीच ध्रुवीकरण हुनुपर्‍यो । कि त संघीय पक्षधर र विपक्षबीचमा ध्रुवीकरण हुनुपर्‍यो । यसमा पनि ध्रुवीकरण हुन्छ । तर मेरो विचारमा त्यो संघीयता आउनेबेलासम्म मात्र हुन्छ । सवाल मिलिसकेपछि फेरि एकापसमै प्रतिस्पर्धा गर्छन् ।

**अहिले पछिल्लो अवस्थामा बनेका संघीय समाजवादी पार्टी र सामाजिक लोकतान्त्रिक पार्टीहरूबीच एक भएर जान नसक्नुको कारण के थियो ?**

> **चुनावै भयो भने पनि पहिचानसँग सम्बद्ध पार्टीहरूको पनि मत बढेर जान्छ । चुनाव भयो भने संघात्मक व्यवस्था आउने सम्भावना पनि प्रवल छ ।**

मैले सबै कुरा त बुझेको छैन । तर, के हुँदोरहेछ भने मान्छेहरु विभिन्न पृष्ठभूमिबाट आउँदा आफ्नो इतिहास बोकेर आउँछन् । यसरी आउँदा ती सबै एकैठाउँमा बस्नु चुनौतीपूर्ण हुँदोरहेछ । एमालेबाट आएका मित्रहरु आफ्नै तरिकाले स्कुलिङ भएर आउनु भएको थियो । कांग्रेस छोडेर आउनेहरु पनि आफ्नै तरिकाले स्कुलिङ भएर आएका थिए । त्यसबाहेक, एमाले र कांग्रेस दुबैमा नलागेका स्वतन्त्र तर जातीय सामाजिक मुद्दाहरु बोकेर जातीय संघ-संस्थाहरूमा लागेका साथीहरु पनि आफ्नै प्रकारले वहाँहरूको पनि स्कुलिङ भएको थियो । छोटो समयमा सबैलाई एकै ठाउँमा ल्याउनु पनि कठीन थियो । एउटै भएर आएको भए धेरै राम्रो हुन्थ्यो । तर, आउन सकेनन् । विभिन्न समुदायका व्यक्तित्वहरूको आ-आफ्नो इतिहास भएको हुनाले पनि पहिलाको स्कूलिङ्ले गर्दा धेरै अप्ठ्यारोहरु पर्‍यो । एकै ठाउँमा उभिन सकेनन् ।

**यी नयाँ पार्टीहरूको भविष्य नराम्रै त छैन नि ?**

अब एउटै सशक्त पार्टी भएर गएको भए भविष्य धेरै राम्रो हुन्थ्यो । एउटै पार्टीको रूपमा एउटा लोकतान्त्रिक पार्टी भएर आइदिएको भए भविष्य धेरै राम्रो थियो । नेपालको समस्या भनेको आर्थिक विकास कसरी गर्ने भन्ने पनि हो । किनकि, यहाँ गरिवी छ । अर्को नेपालमा भएका असमानतालाई कसरी हटाउने भन्ने हो । अर्को, पहिचानको मुद्दालाई कसरी सम्बोधन गर्ने भन्ने चुनौतीहरु छन् । नेपालमा देखिएका यी तीनवटै मुद्दालाई जुन पार्टीले सम्बोधन गर्नसक्छु भनेर जनतालाई विश्वास दिलाउन सक्छ । त्यो पार्टीले जनताको सपोर्ट पाउँछ । नेपालमा एउटा लेफ्टिष्ट (वामपन्थी) धारको माओवादी तेस्तो पार्टी छँदैछ । उसले पनि देशको विकास गर्छु भन्छ । उसले वर्गीय मुद्दा र पहिचानको मुद्दा पनि उठाइरहेको छ । लेफ्टिष्ट धारको भोटचाहिँ उत्तापट्टि जाने सम्भावना छ । त्यसको विकल्प भनेको एउटा लोकतान्त्रिक किसिमको पार्टी जसले पहिचानको कुरा पनि उठाउँछ । देश विकासको कुरा पनि गर्छ र वर्गीय समस्याहरु पनि समाधान गर्छु भनेर भन्छ । त्यस्तो पार्टीचाहिँ नेपालमा अझैसम्म छैन । यस्तो पार्टी नभएर धेरै मान्छेहरु त्यस्तो पार्टीको खोजीमा रहेकोले त्यस्तो पार्टीको राम्रो र दीर्घकालीन भविष्य थियो । यदि विभिन्न समुदायहरु मिलेर एकै ठाउँमा आएको भए त्यस्तो पार्टी बन्थ्यो । किनभने, एमालेबाट फुटेर आएकाहरूले वर्गीय मुद्दा उठाइबस्थे । नेपाली कांग्रेस र जातीय संघ-संस्थामा लागेकाहरुले पहिचानको कुराहरु उठाइरहन्थे । उनीहरूको बीचमा जुन टेन्सनजस्तो हुन्थ्यो त्योचाहिँ रचनात्मक खालको, फाइदाजनक हुन्थ्यो । त्यो टेन्सनले उक्त पार्टीले वर्गीय मुद्दा पनि उठाउँछ र पहिचान र देश विकासको मुद्दा पनि सम्बोधन गर्छ भनेर जनतालाई विश्वास दिलाउन सक्थ्यो । तेस्तो लोकतान्त्रिक पार्टीको लागि नेपालमा ठाउँ छ । सबै यसमा आउन सकेको भए त्यो खाली ठाउँलाई ओगट्ने सामर्थ्य बोकेर आउँथ्यो । अहिले चाहिँ एमालेबाट आएका साथीहरु लेफ्टिष्ट नै भएर बस्ने भए । किन नयाँ लेफ्टिष्ट पार्टीलाई भोट दिने ? जनताको आँखाबाट हेर्दा त वर्गीय सवाल र पहिचानको सवाल उठाउने लेफ्टिष्ट पार्टी त माओवादी छँदैछ । नयाँ पार्टीमा गएर किन जूवा हान्ने भन्ने हुन्छ । अर्कोतिर, सामाजिक लोकतान्त्रिक पार्टीमा बढी जातीय संघ-संस्थामा लागेकाहरू छन् । यसमा रहेका साथीहरूमा निश्चित रूपमा केही फुल टाइम समय दिने साथीहरु

पनि छन् । तर सर्सर्ती हेर्दा त्यस्ता प्रभावशाली नेता र कार्यकर्ताहरु नभएकोले त्यो तुरुन्तै त्यति सशक्त हुने अवस्था देखिँदैन ।

**अबको नेपालको राजनीतिक विकासक्रम्मा मुलुकभर सङ्गठन भएको एउटै सशक्त पार्टीको आवश्यकता हो कि भोलिको संघीयताका लागि त्यही संरचनाको लिम्बुवानजस्ता विभिन्न प्रान्तीय वा क्षेत्रीय पार्टीहरूको आवश्यकता हो ?**

नेपालमा पहिले जुन पार्टी सिस्टम थियो अब त्यही पार्टी सिस्टम रहनेवाला छैन । अब एक वा दुईवटा वैकल्पिक पार्टीले सबै कुरालाई सम्बोधन गर्छ भन्ने कुरा मैले नेपालमा देखिरहेको छैन । हामी सामान्यतः भारतमा गएर हेर्‍यौं भने पनि भारतमा ९० को दशकपछि त्यहाँ ठूलठूला पार्टी भनेको इण्डियन नेश्नल कंग्रेस (इन्दिरा कंग्रेस) वा अर्को बीजेपी (भारतीयय जनता पार्टी) हुन् । तर उनीहरूको सबै ठाउँमा पकड छैन । उनीहरु आफैले बहुमत सीट जित्न छोडिसके । उनीहरूले केन्द्रमा सरकार बनाउँदा विभिन्न प्रान्तीय पार्टीहरूलाई साथमा लिई बहुमत पुर्‍याएर केन्द्रमा सरकार बनाउँछन् । मैले नेपालको भविष्यमा पनि तेस्तै हुने अवस्था देखेको छु । किनभने, नेपालमा संघात्मक व्यवस्था नआई त धरै छैन । संघात्मक व्यवस्थामा प्रान्तीय पार्टीहरु सशक्त बन्दै जान्छन् । भारतको सन् १९६० को दाँजोमा १९८० पछि प्रान्तीय पार्टीहरु झन सशक्त भएर गए । १९६०-७० सम्म त नेश्नल कंग्रेसले नै शासन गरेको थियो । नेपालमा पनि अब विस्तारै प्रान्तीय पार्टीहरु सशक्त बन्दै जान्छन् । प्रान्तीय पार्टीहरूले विभिन्न प्रान्तमा भोट लिएर प्रभावशाली बन्दै गएपछि त्यसको मार्का केन्द्रीय पार्टी भन्नेलाई पर्छ । त्यो असर तुरुन्तै एमाले र कांग्रेसलाई पर्नेछ । माओवादीलाई तुरुन्तै त्यति ठूलो समस्या नहोला । तर, एमाले र कांग्रसेको चाहिँ विभिन्न आधारहरु विभिन्न प्रदेशमा छुटेको र सुकेको हुनाले र अहिलेसम्म जनताको पहिचान वा राष्ट्रियताको सवालमा गरेको कुराहरु पूरा नगरेको हुनाले उनीहरूलाई अब आघात पर्छ । नेपालको पार्टी व्यवस्थामा निश्चित रूपमा अरू पार्टीभन्दा यी पछिल्ला पार्टीहरु केही सशक्त हुन सक्छन् । तर एउटै ठूलो पार्टीले बहुमतको आधारमा नेपालमा राज्य सञ्चालन गर्नेवाला छैन । त्यसो हुँदैमा हामीले दुःख मान्नु पर्ने कुरा पनि छैन । इण्डियमा केन्द्रमा संयुक्त गठबन्धन सरकार हुँदा नै द्रुतत्तर आर्थिक विकास भयो । त्यहाँ लोकतन्त्र खतरमा छ भनेर प्रश्न गर्दा छैन भन्छन् । किनभने त्यहाँ जातीय-क्षेत्रीय पार्टीहरूको दबदबा छ । कुनै डिक्टेटरशीप गर्ने पार्टी जन्मियो भने त्यो सबैभन्दा ठूलो सत्रू प्रान्तीय पार्टीहरूको हुन्छ । त्यसैले, त्यहाँका प्रान्तीय पार्टीहरु एकजुट भएर त्यो डिक्टेरशीप गर्ने पार्टीलाई हराएरै छोड्छन् । नेपालमा पनि लोकतन्त्र र लोकतन्त्र स्थापित हुनको लागि प्रान्तीय पार्टीहरु सशक्त भएर आएभने भोलि कुनै एकात्मक पार्टी आएर नेपालमा मनपरी गर्न पाउनेवाला छैन । चाहे प्रचण्ड वा कुनै कांग्रेस एमाललेले जस्तो मनपरी गर्छुभने पनि सक्दैनन् । मिलटिरीको जर्नेलले मनपरी गर्छु भने पनि सक्दैनन् । तर, त्यसको लागि ती प्रान्तीय पार्टीहरु सशक्त भइसकेको हुनुपर्दछ । त्यसको लागि दुई-चारवटा चुनावहरु पार गर्नुपर्ने हुनसक्दछ ।

**नेपालमा त्यसरी प्रान्तीय पार्टीहरु सशक्त भएर आउने केही सङ्केत वा सम्भावनाहरु कति छ ?**

नेपालमा संघीयताको व्यवस्था भएपछि यो स्वतः हुन्छ । यसको अभ्यास संघीयता हुनुअघि पनि देख्न सकिन्छ । तर, संघीयताकाको संवैधानिक सुनिश्चितता भई अभ्यास हुन थालेपछि यसको प्रभाव पनि बढ्दै जान्छ । जस्तो, उदाहरणको लागि लिम्बुवानकै कुरा गरौं । लिम्बुवान भयो रे । यो अरूणपूर्व ९ जिल्ला होस् या नहोस् । तर जेजति भएपनि लिम्बुवान भएपछि त्यहाँ समग्र नेपालको दाँजोमा त्यो लिम्बुवानमा अस्तित्वमा रहेको लिम्बुवान पार्टीहरु पावरमा आउने सम्भावना बढी हुन्छ । ती प्रान्तीय पार्टीहरूले बढी प्रान्तीय सवालहरू नै उठाउँछन् । जनताले पनि केन्द्रस्तरको राष्ट्रिय दल भनाउँदाभन्दा त्यही स्थानीयतहको प्रान्तीय पार्टीहरूलाई नै बढी विश्वास पनि गर्न थाल्छन् । जनताले त्यही पार्टीलाई भोट पनि दिन्छन् । यसरी लिम्बुवानसँग सम्बद्ध पार्टी लिम्बुवान प्रान्तमा सशक्त भएर आउँछ । त्यस्तै, पहिलो चुनावमै तामाङसालीङमा त्यो सम्भावना नहोला । तर, अरू पार्टीले जित्यो भने पनि तामाङसालीङलाई पक्षपोषण गर्नेले नै जित्छ । लोकतन्त्रमा एउटै पार्टीसँग मात्रै जनता खुशी हुँदैनन् । कांग्रसेले पनि तामाङको कुरा उठाउँदैन र एमालेले पनि उठाउँदैन भने कुनै तामाङ वा तामाङसालीङसँग सम्बद्ध पार्टी सशक्त भएर आउँछ । यसमा अहिलेसम्मको अवस्था हेर्दा कि त माओवादी सम्बद्ध ताम्सालिङ पार्टीले जित्ला वा तामाङसालीङको आफ्नै क्षेत्रीय/प्रान्तीय पार्टीले जित्ला । यसो भएमा नेपाली कांग्रेस र एमालेलाई सबैभन्दा बढी समस्या र घाटा हुन्छ । यही कुरा पहिलो चुनावमै हुन्छ भन्ने ग्यारेण्टी त दिन सकिन्न । भारतमा धेरै ठाउँमा प्रान्तीय पार्टीहरू नै छन् । केही समयचाहिँ लाग्छ । तर, संघीयता आइसकेपछि त्यहाँ प्रान्तीय पार्टीहरूको सशक्तता थप बढेर जान्छ ।

**संघीयता आउनुअघि संघीयता ल्याउनको लागि यस्ता प्रान्तीय पार्टीहरूको भूमिका हुनसक्छ कि सक्दैन ?**

भूमिका हुनसक्छ । तर, संघीयता नआएको अवस्थामा ती प्रान्तीय पार्टीहरूको भूमिका कस्तो हुन्छ भने उनीहरूले एक्ला-एक्लैले होइन । सबै प्रान्तीय पार्टीहरु मिलेर कुनै मोर्चाहरु बनाउनु पर्छ । साथै, समान मुद्दामा लागेका अन्य पार्टीहरु, जातीय संघ-संस्थाहरु र विभिन्न पक्षसँग मिलेर सहकार्य गर्दै आन्दोलन गर्ने हो भने निश्चित रूपमा संघीयता हुनभन्दा अगावै संघीयता सुनिश्चिताको लागि पनि प्रान्तीय पार्टीहरूले योगदान पुर्‍याउन भूमिका खेल्न सक्दछन् ।

E-mail: mlawoti@gmail.com

*(यो सामग्री, हाल अमेरिकाको वेस्टर्न मेचिगनल विश्वविद्यालयमा राजनीतिशास्त्र विषयमा प्राध्यापन र अध्ययन अनुसन्धानरत् प्रा. डा. महेन्द्र लावती अमेरिकामै रहेको बेला वहाँसँग संघीय मासिकका सम्पादक डीबी आङ्बुङले नेपालबाटै स्काइपमार्फत् १३ जनवरी २०१३ मा लिएको अन्तर्वार्ता हो । -स.)*

# राष्ट्रिय जनगणना २०६८ को मिथ्याङ्क 'अमान्य

**▪ डीबी आङबुङ**

**'राष्ट्रिय जनगणनाको तथ्याङ्कले आम आदिवासी जनजाति समुदायहरूको दुरूस्त तथ्याङ्क दिन सकिरहेको छैन । यसको पछाडि केन्द्रीय तथ्याङ्क विभाग वा राष्ट्रिय जनगणना मात्रै जिम्मेवार नभएर समग्र राज्यव्यवस्था नै दोषी छ । यसमा एकल जातीय, भाषिक र धार्मिक नीति भएको एकात्मक राज्यव्यवस्था जिम्मेवार छ । यहाँ, अन्य जाति जनजाति, धर्मावलम्बी वा क्षेत्रको संस्कृति र भाषाको तथ्याङ्क लिनु वा निकाल्नु नै अवान्छित कार्य ठानिन्छ । यसर्थ, जनगणनाको मूलभुत दार्शनिक पक्षनै कमजोरी छ ।'**




२०६९ मङ्सिर ११ गते तथ्याङ्क विभागले सावर्जनिक गरेको जनगणनाको रिपोर्टले नेपालमा ऐतिहासिक पहिचान बोकेका जाति, समुदायहरूको सही तथ्याङ्क दिन नसकेको भन्दै लिम्बुवानदेखि नेपालका आदिवासी जनजातिहरूले 'मिथ्याङ्क' भएको भनी अमान्य घोषित गरेका छन् ।

संघीय मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका अध्यक्ष कुमार लिङ्देन 'मिराक'द्वारा मङ्सिर १७ गते लिम्बुवानको तर्फबाट एक प्रेस-विज्ञप्ति जारी सो रिपोर्ट अमान्य भएको जनाएको हो ।

विज्ञप्तिमा ऐतिहासिक पृष्ठभूमिको आधारमा अरूणपूर्व लिम्बुवान स्वायत्त राज्य कायम हुनुपर्छ भनी आन्दोलन चर्किएको ऐतिहासिक भूमि लिम्बुवान क्षेत्रका आदिवासी जनजातिहरूको तथ्याङ्कलाई षडयन्त्रमुलक ढङ्गले तोडमोड गरिएको भनिएको छ ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक धर्म निरपेक्ष राज्य घोषणा भइसकेको अवस्थामा पनि पुरानो एकात्मक राज्यकै संरचना, कर्मचारीतन्त्र, एकात्मक मिशन र सोच अनुसार उक्त जनगणना गरी तथ्याङ्क तयार गरिएको छ । जनगणना लिने र संश्लेषण गर्नेक्रममा पहिचान पक्षधर सरोकारवाला नेपालका

# जनगणनाको मूलभुत दार्शनिक पक्षमै कमजोरी छ

**बालकृष्ण माबुहाङ**
*जनसङ्ख्याविद्*



राष्ट्रिय जनगणनाको तथ्याङ्कले आम आदिवासी जनजाति समुदायहरूको दुरुस्त तथ्याङ्क दिन सकिरहेको छैन । यसको पछाडि केन्द्रीय तथ्याङ्क विभाग वा राष्ट्रिय जनगणना मात्रै जिम्मेवार नभएर समग्र राज्यव्यवस्था नै दोषी छ । यसमा एकल जातीय, भाषिक र धार्मिक नीति भएको एकात्मक राज्यव्यवस्था जिम्मेवार छ । यहाँ, अन्य जाति जनजाति, धर्मावलम्बी वा क्षेत्रको संस्कृति र भाषाको तथ्याङ्क लिनु वा निकाल्नु नै अवान्छित कार्य ठानिन्छ । यसर्थ, जनगणनाको मूलभुत दार्शनिक पक्षनै कमजोरी छ ।

विगतमा जब मुलुकमा लोकतन्त्र आउने अवस्था देखियो वा बहाली भयो त्यतिखेर बहुजाति, बहुभाषा, बहुधर्म र बहुसंस्कृतिलाई राज्यले मान्यता दिन कर लाग्यो । र, तद्नुरूपको तथ्याङ्क आउने गरेको हो । सन् १९९१ मा प्रजातन्त्रको पुनर्स्थापना भएपछि आदिवासी जनजातिहरूको तथ्याङ्क पूर्ण रूपमा नआए पनि केही हदसम्म आयो । तर, विश्वसनीय थिएन ।

अर्कोतिर, जातिहरूको पहिचान हुने गरी उनीहरूको दुरुस्त तथ्याङ्क आउनुपर्ने जिकिर आदिवासी आन्दोलन, समुदाय र सङ्गठनको आग्रह रहँदै आएको छ । २०६८ सालको तथ्याङ्क मिथ्याङ्क हो कि तथ्याङ्क हो भन्ने सवालमा पहिलो कुरा अहिलेसम्मको कुनै तथ्याङ्क पनि वैज्ञानिक र सही तथ्याङ्क आएको छैन । सन् १९९१ को तथ्याङ्कमा पनि सोही समस्या रह्यो । त्यो अघिको पञ्चायतकालमा त आदिवासी जनजातिको तथ्याङ्क नै प्रकाशमा ल्याएन । यसरी अस्वभाविक रूपमा तर स्वभाविक के हुँदै आएको छ भने आदिवासी जनजातिहरूको तथ्याङ्क दुरुस्त रूपमा ल्याउने काम जनगणनाले गरिराखेको छैन ।

मुलुकमा जुन संघीय लोकतान्त्रिक गणतन्त्र निर्माण भयो त्यसको कार्यरूप अहिलेसम्म बनिसकेको छैन । त्यो कार्यान्वयनमा गएको छैन । यस्तो घडीमा सन् २०११ को तथ्याङ्क ल्याउन राष्ट्रिय जनगणना गर्ने काम गरियो । राष्ट्रिय जनगणना आयोजना गरेर तथ्याङ्क निकाल्ने काम सरकारी निकाय तथ्याङ्क विभागले गऱ्यो । पहिलो कुरा त, राष्ट्रिय जनणना लिने पद्धतिको विषयमै केन्द्रीय तथ्याङ्क विभागले दुरुस्त गर्न सकेन ।

सन् २०११ को जनगणना लिँदा पनि पहिले सन् २००१ अथवा १९९१ मा हुने गरेको जस्तै त्यही पद्धतिबाट तिनै प्रश्नावली र तरिकाबाट गर्ने काम भयो । यसमा सानातिना कुरा थपघट भएका होलान् । तर, समग्र प्रकृति वा प्रक्रिया उही पुरानै भयो । जनगणना लिने संस्था, प्रश्नावली, खट्ने कर्मचारीहरूको मनोविज्ञान, उनीहरूको सामाजिक संयोजन वा पृष्ठभूमि एउटै रह्यो । यसमा दुईवटा कुरा रहे । एउटा, समाजमा संघीय लोकतान्त्रिक गणतन्त्र आएर खुला अवसर भएको सकारात्मक पक्षहरु थिए । अर्को, सन् २०११ मा राष्ट्रिय जनगणना हुँदा मुलुकमा विगतजस्तो माओवादी जनयुद्ध थिएन । विगतको जस्तो असाधारण परिस्थिति थिएन । सन् २००१ मा दरवार हत्याकाण्ड त्यतिखेरै भएको थियो । माओवादी जनयुद्ध त्यतिखेरै चलिरहेको थियो । सन् २०११ मा पहिलेको तुलनामा धेरै सहज वातावरण थियो । यसकारण, तथ्याङ्क सही आउँछ भनेर अपेक्षा गर्न सकिन्थ्यो ।

अर्को सकारात्मक के थियो भने हामीले पनि नागरिक समाजको तर्फबाट राष्ट्रिय जनगणना २०६८ पर्यवेक्षण गरेका थियौं । त्यसको अध्यक्ष म आफै थिएँ । लगभग विभिन्न जिल्लाका ८० ठाउँमा पुगेका थियौं । जिल्लामा नभएर हरेक जिल्लाको दुईवटा गाविसमा गएर लगभग १६० गाविसमा मेरै नेतृत्वको त्यो नागरिक समाज पर्यवेक्षण समितिले काम गऱ्यो । हामीले सबैभन्दा बढी जातजातिलाई लक्षित गरी जनगणना स्पष्ट रूपमा लिने काम भएको छ कि छैन भनेर नागरिक पर्यवेक्षण समेत गरेका थियौं । पर्यवेक्षणको सिलसिलामा के पाइयो भने पहिलो कुरा त गणकहरूको चयन गर्ने काम शिक्षकहरूबाट गरियो । शिक्षकमा पनि माओवादी, कांग्रेस, एमालेका थिए । कतिपय ठाउँमा मधेशी दल र राप्रपाका गणकहरु बटवारा गरियो । ती शिक्षकहरु सम्बद्ध पार्टीकै हितानुकूल हुनेभए । यसरी, स्थायी शिक्षक मात्र गणक हुने भन्ने नियमावली भए पनि अर्को गैर-शिक्षकलाई ठेक्कामा गणना गर्न दिएको पाइयो । हामीले जिल्लामा पठाएका पर्यवेक्षकहरूले तत्कालै दिएको रिपोर्टिङ अनुसार जसरी जनगणनामा तथ्याङ्क लिनुपर्ने हो त्यसरी नगरेको, गणकहरु नै फेला नपरेको, गणकहरूसँग दोहोरो संवाद हुन गाह्रो भएको र गणकहरूले पर्यवेक्षकहरूको उपस्थितिलाई झन आवान्छित ठानेको सम्म रिपोर्ट भयो । तथापि, समग्रमा वातावरण सहज भएकोले यो तथ्याङ्क सन् २००१ को तथ्याङ्कभन्दा दुरुस्त रूपमा आउँछ होला भनेर अपेक्षा गरिएको थियो । त्यो अनुरूप नभएको जुन अनुभूति र गुनासो आएको छ । विगत १०० वर्षको इतिहासमा राज्यले दुरुस्त रूपमा जनगणनाको दुरुस्त रूपमा निकाल्ने काम नगरेकोले यो अनुभूति भएको हो । त्यसैले, यो तथ्याङ्क नै 'मिथ्याङ्क' हो भन्ने आम बुझाई रहेको हो ।

आदिवासी जनजाति/मूलवासीहरूलाई सहभागी नगराइएकोमा सोको विरोध गरिएको छ ।

यसैगरी मगरातका आदिवासी मगरहरूले समग्र नेपालको जनसङ्ख्या बढेको तर मगर जातिको चाहिँ घटेकोमा आश्चर्य प्रकट गर्दै गम्भीर प्रश्न उठाएका छन् । मगर जातिहरूले धेरै मानिस रोजगारीको लागि विदेश गएको र सोको तथ्याङ्क लिन विभागले ठोस नीति नलिएकोले पनि मगर जातिको सही तथ्याङ्क नआएको भनेका छन् । मगरका स्वतन्त्र बुद्धिजीवी जेबी पुन मगरका अनुसार यसमा नेपाल मगर संघ जस्ता संस्थाहरु कानमा तेल हालेर बसेकोले पनि यस्तो भएको हो ।

'राष्ट्रिय जनगणना र यसको पर्यवेक्षण' सन्दर्भमा काठमाडौंमा सम्पन्न "डा. हर्क गुरुङ बहस शृङ्खला- ३७" मा पनि पर्यवेक्षण समितिका विभिन्न पदाधिकारी तथा सदस्यहरूसँग बहस र छलफल गरिएको थियो ।

नेपालको ११औं राष्ट्रिय जनगणना २०६८ को तयारी भइरहेको बेला सही तथ्याङ्क लिन र प्रकाशन गर्नको लागि संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्वद्ध संघीय लिम्बुवान राज्य

# जनगणनाको सवालमा केही प्रश्न गर्नुपर्ने ठाउँहरू छ

**डा. महेन्द्र लावती**
*राजनीतिशास्त्री*



जनगणनाको सवालमा केही प्रश्न गर्नुपर्ने ठाउँहरु छ । जस्तै, यसमा मलाई पहिलादेखि नै चित्त नबुझेको कुरा धर्मको सवालमा हो । नेपालमा ५६ प्रतिशत मान्छेले कम्युनिष्ट पार्टीलाई भोट दिएको देखिन्छ । कम्युनिष्टहरु आफूलाई धर्म नमान्ने भन्छन् । त्यसमा भोटरहरु धर्म नमान्ने नभए पनि खुङ्कार कम्युनिष्ट पार्टीका नेताहरु त धर्म नमान्ने नै हुनुपर्ने हो । त्यस्तो अवस्थामा तथ्याङ्क सङ्कलन गर्दा धर्म नमान्नेको पनि महलको व्यवस्था हुनुपर्छ कि पर्दैन ? धर्म नमान्ने कोही पूर्व हिन्दू होला, कोही पूर्व किरात होला । कोही पूर्व बुद्धिष्ट होला । लिम्बू भएको कारणले किरात हुनुपर्ने । कोही बाहुन हुँदैमा ऊ हिन्दू हुनुपर्ने भन्ने छैन । आजभोलि धेरै मान्छे कुनै धर्म नमान्ने पनि हुन सक्छन् । तर, जानेरै जस्तो लाग्छ, धर्म नमान्नेको महल राखिएको छैन । यसको लक्ष्य के हो ? हिन्दू बाबु आमाका छोरा-छोरीहरु कतिपय धर्म नमान्ने छन् । त्यो देखिएपछि हिन्दूहरुको सङ्ख्या त घट्ने भयो । शासकहरुलाई त अत्यधिक बहुमत देखाउनु छ । त्यसले गर्दा, यस किसिमका राजनीतिले पनि भूमिका खेलेको छ । त्यसले गर्दा, यो तथ्याङ्कहरुमा अविश्वास बढेको हो । नत्रभने, धर्मको डेटा लिँदा सबै धर्म मान्ने नै त हुँदैनन् । कतिपय धर्म नमान्ने पनि हुन्छन् । तिनीहरुको पनि सङ्ख्या गन्नुपर्‍यो । त्यसो गरिएको छैन ।




परिषद्, खम्बुवान स्वायत्त राज्य परिषद्, तामाङसालीङ स्वायत्त राज्य परिषद्को तर्फबाट विविध महत्वपूर्ण ४ बुँदामा नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभागको ध्यानाकर्षण गराउन २०६७ चैत्र १७ मा एक ज्ञापन-पत्र समेत बुझाइएको थियो । यसैगरी अन्य विभिन्न आदिवासी जनजाति सम्बद्ध संघ-संस्थाहरूले पनि ध्यानाकर्षण गराएका थिए ।

यति हुँदा हुँदै पनि सरकार र तथ्याङ्क विभागले जनगणना सम्बन्धी लिएको मूलभुत दर्शन र नीति नै गलत भएको कारण २०६८ को ११ औं राष्ट्रिय जनगणनाले नेपालको सही तथ्याङ्क ल्याउन नसकेको ठहर गरिएको छ । मूलभुत रूपमा जनगणना लिने दर्शन र नीति नै गलत हुँदै आएको छ । जनगणना लिने र प्रसोधन गरी प्रकाशन गर्ने प्रक्रिया सबैमा गम्भीर त्रुटि हुँदै आएको छ । यसको विरोधस्वरूप लिम्बुवान देखि नेपाल आदिवासी जनजाति महासंघ लगायतले सो प्रतिवेदन जलाएका छन् । तर, एकात्मक सरकार र तथ्याङ्क विभाग आबानाचाबा भएर रहेको छ ।●

**श्री महानिर्देशकज्यु,**
**केन्द्रीय तथ्याङ्क विभाग**
**रामशाहपथ, काठमाडौं ।**

मिति : २०६७/१२/१७

**विषय : ध्यानाकर्षण गराइएको बारे ।**

महोदय,
राष्ट्रिय जनगणना २०६८, नेपालको एघारौं जनगणनाको रूपमा सञ्चालन हुन लागेको र यसको तयारी व्यापक रूपमा अघि बढिरहेको खबरले हाम्रो पार्टी **संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च** र यो पार्टी सम्वद्ध **संघीय लिम्बुवान राज्य परिषद्, खम्बुवान स्वायत्त राज्य परिषद्, तामाङ्सालीङ स्वायत्त राज्य परिषद्**लगायतका परिषद्हरूको ध्यानाकर्षण भएको छ ।
राष्ट्रिय जनगणना २०६८ को सार्थक सफलताका लागि नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभागलाई एघारौं राष्ट्रिय जनगणना सञ्चालन गर्नुपूर्व हाम्रो पार्टीको तर्फबाट निम्न सवालहरूबारे गम्भीर हुन आग्रह गर्दछौं ।

१. प्रत्येक १०/१० वर्षको अन्तरालमा सञ्चालन हुने राष्ट्रिय जनगणनाले सयवर्षको इतिहास पारगरेको छ । नेपालमा यति लामो जनगणनाको इतिहास पार भइसकेता पनि राष्ट्रिय जनगणना गरी केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गर्दै आएको तथ्याङ्कलाई नेपालका आदिवासी जनजाति संघ-सङ्गठन र बुद्धिजीवी लगायतले तथाङ्कको सङ्कलन, प्रशोधन र प्रकाशनलगायतमा भएको कमीकमजोरी र त्यसप्रति रहेको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा यसको अविश्वसनीयताका कारण मिथ्याङ्क भन्दै आएको सर्वविदितै छ । साथै, हाम्रो पार्टी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले पनि यसलाई अहिलेसम्म सही तथ्याङ्कको रूपमा स्वीकार गर्न सकिरहरेको छैन । सय वर्षको अनुभवपछि सञ्चालन गर्न लागिएको यो एघारौं राष्ट्रिय जनगणनाबाट सही तथ्याङ्क आउँछ भनेर तथ्याङ्क विभागले के, कति र कस्ता आधारहरु तय गरेको छ ? यो एघारौं राष्ट्रिय जनगणनाले दिने तथ्याङ्क सही हो भनेर विश्वस्त हुने विश्वसनीय संयन्त्र के छ ? हाम्रो पार्टीले सही तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रकाशन कार्यसँग सम्बन्धित् उपरोक्त प्रश्नहरूको विश्वासिलो जवाफको अपेक्षा गरेको छ ।

२. दशौं जनगणनाको अवस्था र एघारौं जनगणनाको परिस्थितिमा धेरै परिवर्तन भइसकेको छ । देशमा एकात्मक व्यवस्थाको अन्त्य भई संघीय शासन प्रणाली निर्माणको सङ्क्रमणकालीन समयमा तथ्याङ्क विभागले निर्माण गर्ने तथ्याङ्कको महत्व हाम्रो लागि धेरै छ । तर पुनः मिथ्याङ्ककै पुनरावृत्ति गर्ने हो भने, राष्ट्रिय ढुकुटीबाट सञ्चालित यत्रो परियोजनाको उपादयता के रहन्छ ? हिजो राज्यले आफ्नो स्वार्थ सिद्धि गर्न तथ्याङ्क सङ्कलनका परियोजनाहरू सञ्चालन गर्दथ्यो, भने अबको लोकतान्त्रिक समाजमा आम जनतालाई नै आफ्नो तथ्याङ्क आफैलाई आवश्यक रहने सन्दर्भमा, तथ्याङ्क निर्माणको उपरोक्त क्रियाकलापमा आम जनताको सहभागिता रहने गरी विना आशङ्कारहित एवम्, विना पूर्वाग्रहरहित निष्पक्ष रुपले कसरी गर्ने गराउने योजना तथ्याङ्क विभागको छ ? ।

३. जनगणना गर्दा गणकहरु प्राथमिक विद्यालयका शिक्षक, जो गाउँघरमा एक प्रकारको सामाजिक सेवा प्रदायक मात्र नभई सामाजिक हैकम, हैसियतको, कुनै राजनीतिक दलको र उपल्ला जातको पगरी लिएर बसेकाहरू नै धेरैजसो छन् । उनीहरूले समुदाय, लिङ्ग, जाति, धर्म, वा व्यक्ति विशेषसँगको उसको वैमनश्यता, वा पूर्वाग्रह, वा बवाधाविरोधका कारण कुनै घरपरिवार छुट्न गएको खण्डमा त्यस्तो सम्भावित क्रियाकलाप हुन नदिन आवश्यक अनुगमनको के कस्तो व्यवस्था विभागसँग छ ?

४. विगतका जनगणनामा गणकले सम्बन्धित् व्यक्ति र परिवारको घरदैलोमा नपुगी एक ठाउँमा बसेर टिप्ने तथा कुनै जातिको थर, नाम, ठाउँ आदि गलत टिपोट गरेको व्यापक चर्चा आएको थियो । साथै, जनतासामू पेन्सिलको प्रयोग गरेर सही तथ्याङ्क लिएजस्तो गरेपनि फेरि इरेजरले मेटेर आफूले चाहेको विवरण भर्नेसमेत गरेको चर्चा थियो । त्यसकारण, गणक, सुपरभाइजर र अधिकृतहरूको नियुक्ति जुन जिल्ला र गाउँ/नगरहरूमा जुन जातीय समुदायको बाहुल्यता छ, सोही जातिको गणकहरु नियुक्त गरी जनगणना कार्य निष्पक्षरूपमा अघि बढाउन हामी आग्रह गर्दछौं ।

उपरोक्त सवालहरूका सम्बन्धमा जनगणना कार्यक्रम सञ्चालन गर्नुपूर्व विश्वसनीय वबातावरण सुनिश्चित गरेर मात्र जनगणना कार्यअघि नबढाउन हुन केन्द्रीय तथ्याङ्क विभागको ध्यानाकर्षण गराउन चाहन्छौं । यदि आम जनताको सुसुचित हुन पाउने हकमाथि वेवास्ता गर्दै राष्ट्रिय जनगणना जस्तो महत्वपूर्ण परियोजना विगतको सरकारको सरकारी रवैयाकै आधारमा सञ्चालन गरेमा, त्यसबाट उत्पन्न परिणामको जवाफदेहिता स्वयम् तथ्याङ्क विभाग आफै हुनु पर्नेसमेत सचेत गराउन चाहान्छौं ।
धन्यवाद !

**खगेन्द्र माखिम**
महासचिव
संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च
संघीय कार्य समिति
अनामनगर, काठमाडौं

# आदिकिरात र स्यस्य



भीम राई

वर्तमान नेपाली राजनीतिमा इतिहास र पहिचान कसरी स्थापित गर्ने या लेख्ने भन्ने सवालमा किरात, खसान, मगरात र लिम्बुवानजस्ता क्षेत्रहरूको बहस या कुरा भएपनि त्यतिकै महत्वपूर्ण पहिचान बोकेको "स्यस्याद:"को भने कसैले कुरा या विषय उठान गरेको पाइँदैन । भनिन्छ, नेपालको इतिहास लेखन या विश्लेषण चित्तबुझ्दो छैन । यस लेखमा इतिहासमा बिर्सिएको यस्तै एउटा ऐतिहासिक कालखण्ड, भूगोलको बारे चर्चा गरिन्छ ।

पहिचान या ऐतिहासिक नाम या चिन्हहरु आज किन आवश्यक भयो भन्ने सन्दर्भबारे नेपालका धेरै बाहुन विद्वान भनाउँदा लेखक तथा साहित्यकारहरूलाई "वाहियात" लाग्छ । यसको अर्थ छ । उनीहरूलाई आफ्नो एकल पहिचान स्थापित गरेर अन्य आदिवासीका पहिचान मेटाउनु नै सबैथोक लाग्नु हो । यो तथ्य पृथ्वीनारायण शाह, राणाहरूहुँदै "प्रजातन्त्र"को उदय र फेरि पञ्चायतकालभरि उनीहरूका धर्म, संस्कार, नियम कानुन र त्यतिले पनि नपुगेर विद्यालयका पाठ्यपुस्तकहरूमा बाहुनहरूका एकल पहिचान झल्कने भाषा, धर्म र आदर्श नियमहरु सम्पूर्ण आदिवासीहरूले पढ्नु परेको बिडम्वना हो । किन यसो भयो त ?

जेम्स स्कट, जोन तेहरानियन र जेरेमी म्याथियसले '*द प्रडक्सन अफ् लिगल आइडिन्टिटिज्* (२००१)' नामक पुस्तकमा "नामहरूले पहिचानहरु, साँस्कृतिक सम्बद्धताहरु र ऐतिहासिकताहरूको निर्क्योल गर्न मुख्य भूमिका खेल्छन्, नामहरूले नै जनसमूहलाई फुटाउन, जुटाउन सक्छन् । नामहरूले विचार, ज्ञान अनि सत्ता सञ्चालनसँग सम्बद्ध अभिन्न प्रक्रियालाई प्रतिनिधित्व गर्छन्" भनेका छन् ।

> **पहिचान या ऐतिहासिक नाम या चिन्हहरू आज किन आवश्यक भयो भन्ने सन्दर्भबारे नेपालका धेरै बाहुन विद्वान भनाउँदा लेखक तथा साहित्यकार हरूलाई "वाहियात" लाग्छ । यसको अर्थ छ । उनीहरूलाई आफ्नो एकल पहिचान स्थापित गरेर अन्य आदिवासीका पहिचान मेटाउनु नै सबैथोक लाग्नु हो ।**

यसको सैद्धान्तिक पृष्ठभूमि उनीहरूले राम्ररी बुझे । तर हामीले बुझेनौं । यो लेखको बाँकी स्रोत, सन्दर्भ मार्टिन चौतारीमा भिक्टर प्रधानसँग भएको छलफलमा आधारित छ । उनी त्रिविमा ३० वर्षको प्रध्यापनपछि अवकास प्राप्त नेपाली भाषाका प्राध्यापक हुन् ।

**को हो स्यस्य: या स्यस्याँद ?**

नेपालको इतिहासको अध्ययन गर्दा प्राचीन किरातहरूसँगसँगै स्यस्य:हरूको पनि वर्णन पाइन्छ । अर्थात्, नेवार जातिभित्र नयाँ शब्द/जाति "स्यस्याद:" फेला परेकोछ । इतिहासकार बाबुराम आचार्यले पनि नेपालको इतिहास लेख्दा किरातकाल, मगरात, खसान र स्यस्याँद गरी चारवटा भौगोलिक क्षेत्रको नाम लिएका छन् । सिल्वा लेभिले स्यस्य:हरु किरात हुन् भनेर लेखेका छन् । उनले जर्मन दार्शनिक टोलोमीलाई उद्धृत गर्दै "**स्यस्य**:हरु यो किरात भूमिमा चीनतिरबाट आएका हुन्" भनेका छन् ।

लेभीको अनुसार उनीहरु औषधीको व्यापारी भएकाले "मालाव्याथ्रोन" नामक औषधी नेपालमा ल्याउँथे । सम्भवत: उनीहरूले ती औषधीहरु चीनबाट ल्याउने गर्थे भन्ने छ । यसरी बाबुराम आर्चाय र सिल्वाँ लेभीले स्यस्य:हरु किरात थिए भनेर स्पष्टरूपमा भन्नु र स्यस्य:हरु नेवारी साहित्यमा पनि पाइनु इतिहासमा रोचक पक्ष देखिन्छ । उनीहरूको विचारमा यी स्यस्य:हरु नै पछि नेवारमा परिवर्तन भएका हुन् भन्ने अनुमान छ ।

सिल्वा लेभीले "स्यस्य:"हरूका "स्यस्याँद:" र "व्यसाँदे" गरी दुई भेदहरु रहेका उल्लेख गरेका छन् । तर दुवै उस्ता-उस्तै हुन् । कालान्तरमा दक्षिणरिरबाट आएका आर्यहरूले किरातहरुभित्र रहेको विभेद या उपसमूहहरूलाई वास्तै नगरी सबैलाई सबैलाई किरात भनेका हुन् भन्ने छ ।

यी आर्यहरु सत्ता नजिक कसरी पुग्न सफल भए भन्ने कुराको अलिक भरपर्दो उदाहरणको लागि एक जना "सिंह सार्थवाह" भन्ने दक्षिणतिरबाट आएका एक व्यापारी हुन् । जो अहिले हालको श्रीलङ्काबाट आएको हो भन्ने पनि भनाइ छ । "सिंह सार्थवाहु"

लोककथाअनुसार "सिंह सार्थवा" जसलाई अहिलेका ठमेलका प्रधानहरूका पुर्खा पनि भनिन्छ, यहाँ आएर उनले तिब्बतसँग पनि व्यापार गरेको थियो, भनिन्छ । तर, ऊ यहाँ आएर काठमाडौंको उत्तर-पश्चिम इलाका अर्थात् अहिलेको धर्मस्थली गाउँको गणनायक, या टाकुरे राजा भयो र केन्द्र ( काठमाडौं) नगर राज्यको सेनाधिपति भएको इतिहास छ । अर्थात, उसले "गरूड" मान पदवी लिएको थिए, पाएको थियो । यस अर्थमा उसलाई "गरूड राजा" पनि भनिन्छ । तर, यो कुरा १०औं शताब्दीतिरको हुनुपर्छ किनभने यही अवधिमा ठमेलमा विहारहरु बनिसकेको इतिहास छ । त्यसकारण, यो घटना भएको १० शताब्दी भन्दा बरू ९, ८ या ७ औं शाताब्दीतिरको हुनुपर्छ । तर त्योभन्दा यताको होइन ।

**शाक्यहरूको नरसंहार**

बुद्धको समयमा नै राजसत्तामा स्थापित भइसेकेर यता आएका शाक्यहरु दरवार या सत्ताको नजिक भएनन् । किनकि, बुद्धको अन्तिम समयतिर यी शाक्यहरुको नरसंहार भएको थियो । त्यहीकारण, ती शाक्यहरु श्रीलङ्कातिर, कोही भारतभरि छरिए भने कोही यो हिमालयको पहाडतिर एक टुकडी आएका थिए, भनिन्छ ।

यो प्रशंग किन उठाएको हो भने सँगसँगै आएका "सिंह सार्थवाहु"हरु चाहि जो ठमेलका प्रधानहरुको पुर्खा भनियो उनीहरु चाहि स्यस्यः अथवा प्रधान उपाधि लिइसकेका थिए, भैसकेका थिए । त्यस समयमा नै कोही सत्तासँग नजिक भएको भने कोही नगएको देखिन्छ । यसको अर्थ, हामीले स्यस्यः भनेको के हो भन्ने कुरा बुझ्यौं भने स्पष्ट हुन्छ ।

**को हुन स्यस्यः ?**

यहाँ, स्यस्यः नै को थिए भन्नेवारे कुरा गर्दा अलिक प्रष्ट हुन्छ । स्यस्यःहरु आफूलाई नेवारभित्रको क्षेत्री वर्गलाई भन्छन् । यो भनेका दरवारमा बस्ने क्षेत्रीजस्तो हो । स्यस्यः आफूलाई राजाको पछाडि राख्थे । कोही हिन्दू धर्मालम्बी थिए भने कोही बौद्ध पनि । हिन्दू भएकाले राजोपाध्यय ब्राह्मणहरूको पछाडि यी स्यस्यःहरु आउँथे । यसरी दरवारमा उनीहरु ठूला भए । यी स्यस्यःभित्र पनि पाँचथरे (स्पष्ट छैन) र छथरे भनेर विभाजन छ । तर, छथरीलाई मुख्य मानिन्छ । यो वर्गीकरण राणाकालसम्म पनि यथावत थियो ।

> **स्यस्यःहरू आफूलाई नेवारभित्रको क्षेत्री वर्गलाई भन्छन् । यो भनेका दरवारमा बस्ने क्षेत्रीजस्तो हो । स्यस्यः आफूलाई राजाको पछाडि राख्थे । कोही हिन्दू धर्मालम्बी थिए भने कोही बौद्ध पनि । हिन्दू भएकाले राजोपाध्यय ब्राह्मणहरूको पछाडि यी स्यस्यःहरू आउँथे । यसरी दरवारमा उनीहरू ठूला भए ।**

छथरेहरुमा अमात्य, पधानाङ्ग, कर्माचार्य राजभण्डारी, मास्के र जोशी हुन् । यसमध्ये अमात्य र पधानाङ्ग दरवारका मुख्य मन्त्री हुनेगर्दथे । राजभण्डारीले राज्य/राजाको भण्डार हेर्ने गर्दथ्यो । कर्माचार्यहरु धर्माधिकारीहरु हुन् । अहिले सबै काम राजोपाध्यहरूले गर्छन् र कर्माचार्यहरु उनीहरुको सहायकको रूपमा काम गर्छन् । पहिला धर्मसम्बन्धी सबै कामहरु, उदाहरणको लागि, राजाको धर्म, कर्म, मन्दिरहरुको रेखदेख, आय आयस्था हेर्ने गर्ने यिनै कर्माचार्यहरु थिए । जोशीहरु ज्योतिषको काम गर्दथे । यसमा दरवारको लागि शुभ-अशुभ साइत हेर्ने आदि पर्छन् । त्यपछि, मास्केहरु आउँछन् र यो "महा नसक" अपभ्रंस भएर "मास्के" भएको हो । "महा नसक" भनेको भान्सा हो । उनीहरु भान्साका नाइके हुन् ।

**'शाक्य'हरु र सत्ता**

प्राचीकालकै कुरागर्दा जब दक्षिणतिरबाट "सार्थवाहु" (व्यापारी) आउन थालेका थिए । कालान्तरमा ऊ सत्तामा पुग्यो र स्यस्यः भयो । "शाक्य"हरु सत्तामा गएनन् र स्यस्यः पनि भएनन् । किनभने, उनीहरुलाई सत्ता मोह थिएन । किनकि, एक त उनीहरु राजखलक नै थिए, र राजा भएकैले उनीहरूको कत्लेआम काटिनु परेको थियो, थियो । अर्को उनीहरुमा बुद्ध दर्शनको ठूलो प्रभाव परेको थियो । "कपिलवस्तुको राज्यसत्ता त गयो । अब किन यहाँ राज्य सत्ता चाहियो ? या, संसार नै यस्तै हो भन्ने" बुद्ध दर्शनको कारण उनीहरु सत्तामा गएनन् । र, उनीहरु अर्को वर्गमा गए ।

स्यसाँदः नगरमा टिक्न सक्ने र नसक्ने दुई वर्गको उदय हुँदैथियो । टिक्न नसक्नेहरु परपर सर्द गएका थिए । जो नगरमा टिक्न नसकेर ग्रामतिर पछि हट्दै गए उनीहरु आजका तामाङहरु हुन् भन्नेछ । जो बस्न या टिक्न सफल भए उनीहरु ज्यापू नेवार भए । यसरी, दुई या तीन नगरहरु बन्दै या नगर निर्माण हुँदैजाँदा वर्ग पनि निर्माण हुँदैथियो ।

जंगवहादुरले मुलुकी ऐनमा "मतुवाली महल" बनाएर नेवारलाई पनि हालेका छन् । छ थरीभित्र मल्लहरु किन नपरेको होला ? "मल्ल"हरु नेवार वर्गीकरणभित्र पर्दैनन् या पर्छन् भन्ने सन्दर्भको चर्चा गरौं ।

समान्यतः मल्लहरु पनि नेवारभित्रका एकजाति हुन् भन्ने आम बुझाइ छ । जंगबहादुरको मुलुकी ऐन् होस् या अन्यमा मल्लहरुको कुरा गर्दा के स्पष्ट हुन आवश्यक छ भने मल्लहरु राजधानीमा अलिक पछि आएका हुन् । उनीहरु सत्तावाल अर्थात् ठकुरी

हुन् । त्यही भएर उनीहरूलाई यो छथरीभित्र नहालेको हो । अर्को कुरा जयस्थिति मल्ल नै दक्षिण भारतबाट आएका हुन् । उनी नेवार होइनन् । उनी आफै नै मल्ल हुन् या होइनन् ? शङ्का छ । किनभने, उनले त यहाँको राजकुमारीसँग बिहे गरेका हुन् । यहाँको नेवार राजाको घर ज्वाईं बसेका हुन् । घर ज्वाईं बसेपछि उनी नेवार बनेका हुन् । अर्को कुरा, जयस्थिति मल्ल ज्यादै धूर्त, बदमास थिए । त्यसैले, उनी राजा नै हुन भनी नेपाल आएका थिए ।

"मल्ल"हरु सत्ताधारी या ठकुरी भएकाले जो-जो राजाहरु बिग्रिए उनीहरु ठकुरीबाट झरे । ठकुरीबाट झरेपछि झर्ने उही छथरीमा नै हो । त्यसैले, उनीहरूलाई नेवारभित्रको छथरीभित्र नहालेको हो । त्यसकारण, "धवोडेल" र मल्लहरु छथरीमा परेनन् । अर्को, मल्लहरूले दरवार कब्जा गर्नुपरेन । किनकि, उनीहरु आफै श्रीपेचधारी राजा थिए । जबसम्म उनीहरूको टाउकोमा श्रीपेच थियो, मल्लहरूले छथरीहरूसँग बिहे पनि गरेनन् ।

यी विभिन्न वर्गहरु नै छथरे हुन् र यिनीहरु नै स्यस्यःहरु हुन् । तर, उनीहरूबाहेक अरूचाहिँ स्यस्यः छैनन् भन्ने होइन । जस्तो धवोडेलहरु आदि थुप्रै छन् । यिनीहरूले दरवार कब्जा गेरर बसेका थिए । दरवारसँग बिवाह गरेर बिहेवारी चलाए र दरवारसँग नजिकको साइनो गाँसे ।

यहाँ के महत्वपूर्ण सवाल उठ्छ भने, जसरी युरोपमा धर्माधिकारीहरूले दरवारमा पर्दापछाडि बसेर सत्ता सञ्चालन गर्दथ्ये । नेपालमा पनि ठीक त्यही पारामा यी छथरीका स्यस्यःहरूले पनि राज्य गरेको थिए । यस्तो धर्माधिकारीहरूले कौटिल्यको समयमा भारतमा पनि राज्य सञ्चालन गरेको देखिन्छ । यसको उदाहरण, पाटनका "बदनाम" छ प्रधानहरु हुन् । इतिहासमा उनीहरूले सत्ता कब्जा गरेको इतिहास छ ।

नेपालका मुन्सी "प्रधान"हरूमा मरूहिटीका प्रधानहरु, जो पाटनका छ प्रधानहरूमध्येका एक प्रधान थिए । यिनै प्रधानहरूमध्येका

**"नेपालको इतिहासमा लिच्छबीकालदेखि उताको समयलाई कालो इतिहास भनिन्छ । हिमालय क्षेत्रमा लेखन या लिपीको थालनी भएको वैद्धिक आर्यहरूको आगमनपछि मात्रै भएको इतिहास छ । लिच्छबीहरू चाहि कता गए ? कोबाट पराजित भए ? वा, काम गर्ने वर्गमा फेरिए कि के हो भन्ने सन्दर्भमा उनीहरू पनि कालान्तरमा नेवारै भए भन्नेछ ।"**

पाँच प्रधानहरूलाई पृथ्वीनारायण शाहले हत्या गरेका थिए भने ती पाटनका एक प्रधानलाई चाहिँ साँचेका थिए । यसको भित्री कारण दुई राज्यबीच लडाई हुँदा पृथ्वीनारायण शाहसहित उनका भाइहरु पनि मारिन सक्ने गोप्य सूचना दिई बाँच्न सफल भएकोले हो । यसरी, पछि उनका भाइलाई भगाउन उनीहरु सफल भएको र पाटनमा राजा भएर जाँदा पनि सहयोग गरेकोले पारितोषिक वापत ती प्रधानहरू बाँचे भने उनीहरु बाहेकलाई हत्या गरिएको थियो भन्ने छ ।

ती "मुन्सी प्रधान"हरूको पुर्खा को थिए भन्ने सन्दर्भमा "हरिसिंह देव" अथवा पाटनको एकजना राजाको छोरीसँग बिहे गर्नको लागि भारतबाट एकजना राजकुमार झिकाइएका थियो । ती राजकुमार र पाटनकी राजकुमारीबीच बिवाह भयो । तर ऊ जयस्थिति मल्ल राजा भएजस्तो ती राजकुमार पाटनको राजा हन सकेनन् । किनभने जयस्थिति मल्ल राजा नै हुन भनेर गद्दिनरसिंह रानीसँग बिहे गर्नको लागि भारतबाट नेपाल आएका थिए । यसो गर्न नसकेपछि उनी राजा हुन सकेनन् ।

तिनै राजकुमार राजकुमारीहरूको सन्तान नै पाटनका "मुन्सी प्रधान"हरु हुन् भन्ने मान्यता छ । मुन्सी भएको राणाकालमा हो । उनीहरूले मुन्सीको काम गरेको हुनाले मुन्सी भएका हुन् । राजा हुन नसकेपछि उसले मुन्सी काम गर्न थालेको थियो । त्यही कारण पछि राणाकालसम्म पनि उनीहरूका सन्तान "मुन्सी प्रधान" भएका थिए । तसर्थ, राज्य सत्ता, दरवारबाट झरेपछि उनीहरु पनि स्यस्यः भएका हुन् । यसरी, राजा या ठकुरीबाट झरेपछि स्यस्यः नै हुन्थ्यो । मल्लहरु पनि त्यसरी नै भएका हुन् ।

अर्को, जेन्युन कुरा बैद्यहरूचाहिँ खै त ? ऐतिहासिक रूपमा बैद्यहरु अलिक पछि आएको देखिन्छ । उनीहरु पहिल्यैबाट दरवारमा कब्जा जमाएर बसेका थिए । ऐतिहासिक रूपमा हेर्दा उनीहरूको आगमन अलिक पछि भएको देखिन्छ । उनीहरु आउनुभन्दा अघि स्यस्यःहरु स्थापित भैसकेका थिए । प्राचीन समयमा "बैद्य"हरु किनपनि थिएनन् भने स्यस्यःहरु आफै व्यापारी र विशेषतः औषधीका व्यापारी हुनाले उनीहरु आफै पनि वैद्य या विशेषज्ञ थिए भन्न कारणले हो । त्यसकारण, दरवारमा छुट्टै बैद्यको खाँचो थिएन । यहाँ के भन्न सकिन्छ भने उनीहरु दरवारमा जान चाहेकाले छिट्टै स्यस्यः वर्गमा प्रवेश गरेका हुन् र जसलाई त्यसो गर्न थिएन उनीहरु सिल्पी या अन्य कुनै वर्गमा बसिरहे । यहि स्यस्याँदबाट स्यस्यः अर्थात किरातबाट स्यस्यः वर्ग भएको होला भन्न सकिन्छ

**कता गायो लिच्छबीकाल ?**

नेपालको इतिहासमा लिच्छबीकालदेखि उताको समयलाई कालो इतिहास भनिन्छ । हिमालय क्षेत्रमा लेखन या लिपीको थालनी भएको वैद्धिक आर्यहरूको आगमनपछि मात्रै भएको इतिहास छ । लिच्छबीहरु चाहि कता गए ? कोबाट पराजित भए ? वा,

काम गर्ने वर्गमा फेरिए कि के हो भन्ने सन्दर्भमा उनीहरु पनि कालान्तरमा नेवारै भए भन्नेछ ।

यसको पनि सन्दर्भ जोड्दा आदिकिरातकालसम्म पुग्नुपर्ने हुन्छ । यहाँ के स्पष्ट हुनपर्छ भने यी लिच्छबीहरु ज्यापूमा परिणत भए भन्ने तथ्य सही होइन । तर, भन्न चाहि भनिन्छ । किनभने, जसलाई हामी लिच्छबी भन्छौं उनीहरु पनि सबै लिच्छबी थिएनन् । किनभने, "लिच्छबी" काल भनेर त भनिन्छ तर स्वयम् अंशुवर्मा नै लिच्छबी थिएनन् । फेरि, यो काल द्वैध शासनकाल थियो । कहिले गुप्ता त कहिले लिच्छवीहरु सत्तामा पुग्थे । अंशुवर्मा गुप्त थियो थिएनन् अलि अस्पष्ट छ । तर उनी लिच्छवीचाहिँ कदापि थिएनन् । बरू, लिच्छवीहरूको ज्वाईं थिए । उनी राजा शिवदेवका मन्त्री थिए । शिवदेव बौद्धमार्गी थिए । उनले अंशुवर्मालाई मन्त्री बनाएर राखेका थिए । पछि शिवदेवले स्वैक्षिक अवकास लिएपछि या लिन बाध्य पारिएपछि अंशुवर्मा राजा भएका हुन् ।

त्यसकारण, लिच्छवीहरु कता गए भन्दा गुप्तहरु पनि कता गए भन्ने प्रश्न र सन्दर्भ सँगसँगै आउँछ । गुप्तहरूको बारेमा कुनै इतिहासकारहरूले पनि कुरा उठाउँदैनन् । यो नेपाली इतिहासको नमिल्दो पक्ष हो । यो इतिहासलाई सतही रूपमा हेरेर हचुवाको भरमा विश्लेषण गरिएको प्रमाण हो । त्यसकारण, गुप्तहरु पनि कता गए ? अंशुवर्माकै सन्तान पनि कता गए भन्ने प्रश्न पनि उठाउन सकिन्छ । यति भन्न सकिन्छ कि लिच्छवीहरु पनि स्यस्यःमा गए होला ।

लिच्छवीकालमै मल्लहरु पनि काठमाडौं आइसकेको थिए । तर, त्यसबखत उनीहरु अरूजस्तै साधारण जनता थिए । उनीहरु पाटनका सुनगुठी लगायत साना-साना गाउँ बनाएर बसेका थिए । अर्थात, नयाँ गाउँ बनाउँदै त्यहाँका राजा या नाइके हुन्थे, भए । गाउँको नाइके भएपछि दरवारसँग साइनो-सम्बन्ध हुने नै भयो । उनीहरु कालान्तरमा दरवार पस्न सफल भए । र, ११ औं शताब्दीमा उनीहरु सत्तामा पुगेको देखिन्छ ।

यसरी मल्लहरु विस्तारै राज्यमा पसेको देखिन्छ । लिच्छवीहरु चाहि कहाँ गए भन्न सकिँदैन । अनुमान अनुसार केही लिच्छवीहरु पनि स्यस्यः भइसकेका थिए । यो अनुमान किन पनि गरिएको हो भने पछिका वैश ठकुरीहरूले काठमाडौं र पाटनलाई टोल-टोलमा विभाजन गरेर राज्य गरेका थिए । उनीहरु पछि स्यस्यः र धेरैजसो प्रधानमा प्रवेश गरे ।

> **'बौद्ध साहित्यअनुसार "श्रेष्ठी" पद नगरमा दिइने सबैभन्दा उच्च मानपदवी हो । बुद्धको समयमा कपिलवस्तुमा यो पद नगरका ज्यादै धनी व्यापारीहरूलाई दिइने चलन थियो । उनीहरूको सम्बन्ध, आउ-जाउ भनेको राजपरिवारसँग मात्रै हुन्थ्यो र उनीहरू समान हुने गर्दथो । तर, बिहेवारी भने हुँदैनथ्यो । बिहेका लागि राजपरिवारले अर्कै राज्यको राजकुमार या राजकुमारीसँग गर्दथे । आर्थिक हिसाबले उनीहरू राजपरिवार समान हुन्थे ।'**

यसबारे फेरि लोककथा आउँछ । इटुमवाहालको "गुरूमापा" भन्ने लोककथामा "केशरचन्द्र"को उल्लेख छ । ऊ त त्यहाँको नाइके र ठकुरी थियो । उसैले केशरचन्द्र परावर्तक महाविहारको जिर्णोद्धार गरेको कथा छ । यदि ऊनी बौद्ध मात्रै भएको भएत्यो जिर्णोद्धार गर्ने थिएनन्, भनिन्छ । "केशरचन्द्र"का सन्तानहरु प्रधान र उदासहरु गरी दुई शाखामा विभाजित भएको पाइन्छ । कोही ठकुरीहरु उदासमा गएको पनि पाइन्छ ।

बौद्ध साहित्यअनुसार "श्रेष्ठी" पद नगरमा दिइने सबैभन्दा उच्च मानपदवी हो । बुद्धको समयमा कपिलवस्तुमा यो पद नगरका ज्यादै धनी व्यापारीहरूलाई दिइने चलन थियो । उनीहरूको सम्बन्ध, आउ-जाउ भनेको राजपरिवारसँग मात्रै हुन्थ्यो र उनीहरु समान हुने गर्दथो । तर, बिहेवारी भने हुँदैनथ्यो । बिहेका लागि राजपरिवारले अर्कै राज्यको राजकुमार या राजकुमारीसँग गर्दथे । आर्थिक हिसाबले उनीहरु राजपरिवार समान हुन्थे ।

यो पद स्यस्यःहरूले पनि यो त्यतिखेर नै दिएको हुनुपर्छ । जो बाहिरबाट आएका थिए, दरवारसँग नजिक हुन चाहे र समान हैसियत बनाए उनीहरु स्यस्यःमा गएको हुनसक्दछ । तर, जो दरवार नजिक हुन चाहँदैनथे वा बुद्ध दर्शनका कारण मानेनन् र यो बाटो नै गलत छ भन्ने भए उनीहरु "शाक्य" मात्रै भए । वास्तबमा, हुनुपर्ने स्यस्यः ती "शाक्य"हरु नै हुन् किनकि, उनीहरु त क्षत्रीय नै थिए । "विडुधप" भन्ने राजाले उनीहरूको वंश शाक्यहरूको नरसंहार गरेको हुनाले उनीहरु यता आएका थिए । यस्तो लडाईं झैंझगडामा कति फस्ने भन्ने र बुद्धका मार्ग अपनाएकाले पनि उनीहरु दरवार नजिक हुन चाहेका थिएनन् । त्यसकारण, कोही-कसैलाई पनि नरसंहार गरेर या युद्धमा पराजित गरेर स्यस्यःहरु सत्तामा पुगेका होइनन् ।●

**Email :** rai.bhim45@gmail.com

*(लेखक राई, जनजाति तथा वैकल्पिक विकास अध्ययन केन्द्र,(सिड्स), ललितपुरमा आबद्ध छन् । - स.)*

# राजनैतिक जञ्जीरभित्र नेपाल बार एसोसिएसन

'न्यायपालिका जस्तो संस्थामा राजनीतिक नियुक्ती र सिफारिसले जनतामा यसको प्रत्यक्ष असर पार्दछ । न्याय दिने संस्था र निकायहरू नै राजनीतिक गुलाम बनेपछि सोझा निमुखा जनताहरूले निष्पक्ष र सर्वसुलभ न्याय कसरी पाउन सक्छन् ?'



**अमृता थेबे**

न्यायपालिका स्वतन्त्र हुनुपर्छ । न्यायपालिकाको स्वतन्त्रता कानूनको सर्वमान्य सिद्धान्तभित्र पर्दछ । शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप स्वतन्त्र र सक्षम न्यायपालिका हामी आम नागरिकको चाहना हो । नेपाल बार एसोसिएसन स्वतन्त्र तथा पेशागत कानून व्यावसायीहरूको छाता सङ्गठन हो । तर यस सङ्गठनभित्र विगतको स्थापना कालदेखि नै सर्वमान्य सिद्धान्त विपरीत नेपाल बार एसोसिएसन विभिन्न राजनीतिक पार्टीहरूको क्रिडास्थल बनेको छ ।

लाजमर्दो कुरा, आज नेपाल बार एसोसिएसन राजनैतिक पार्टीहरूको भ्रातृ सङ्गठन जस्तो भान हुन्छ । नेपाल बार एसोसिएसनको केन्द्रीय कार्य समितिमा निर्वाचित हुन राजनीतिक पार्टीको नजीक हुनुपर्छ । पार्टीले टिकट दिएको व्यक्तिले उम्मेद्वारी पाउँदछ । स्वतन्त्र न्यायपालिका र कानूनको शासनको वकालत गर्ने अधिवक्ताहरूले पार्टीमा आवद्ध भएपछि मात्र चुनावमा निर्वाचित हुन लायक हुन्छन् । कुनै पनि पार्टीमा आस्था नराख्ने, एउटा स्वतन्त्र विचारको कानून व्यावसायी नेपाल बार एसोसिएसनको अध्यक्ष भएको यो नेपालको इतिहासमा छैन । अनि कसरी विश्वास गर्ने कि कानून व्यवसायीहरू स्वतन्त्र भएर बहस गरेका हुन्छन् ?

न्यायपालिका जस्तो संस्थामा राजनीतिक नियुक्ती र सिफारिसले जनतामा यसको प्रत्यक्ष असर पार्दछ । न्याय दिने संस्था र निकायहरू नै राजनीतिक गुलाम बनेपछि सोझा निमुखा जनताहरूले निष्पक्ष र सर्वसुलभ न्याय कसरी पाउन सक्छन् ? न्यायपालिका जस्तो जनताको आस्थाको धरोहर आज राजनीतिक भागबण्डाभित्र रूमलिएको छ । जनताले निष्पक्ष न्यायको अनुभूति गर्न पाएका छैनन् । दण्डहीनता मौलाउँदैछ । न्यायालयलाई नयाँ नयाँ चुनौतीहरू थपिँदैछन् ।

हामी गर्वका साथ भन्ने गर्छौं– स्वतन्त्र न्यायलयको स्थापना भएको ५४ वर्ष पुगेको छ । नेपाल बार एसोसिएसनको स्थापना भएको पनि ५० बर्ष पुगेको छ । यी न्यायालयहरूले स्वर्ण महोत्सव मनाइरहँदा यहाँका आदिवासी जनजाति, मधेशी लगायत पिछडिएका वर्गहरूले शोक मनाइरहेको अवस्था छ । एकात्मक न्यायप्रणालीको संरचनाले गर्दा आफ्नो मौलिकता, आफ्नो प्रथाजनित न्यायिक निकायहरू आफ्नै आँखा अगाडि विलिन हुँदै गएको टुलुटुलु हेरिरहन बाध्य छन्– यी समुदायहरू । नेपाल जातीय, धार्मिक , साँस्कृतिक , भाषिक रूप तथा उत्पत्तिको आधारमा विविधता भएको राष्ट्र हो । यो देशभित्र विभिन्न समूहहरूको आ–आफ्नै पृथक पहिचान रहेको छ । नेपाल बार एसोसिएसनको यति लामो इतिहासमा अझै पनि त्यो एकात्मक राज्यसत्ताको राजनीतिक पार्टीहरू नै हावी भइरहेको अवस्था छ । अझै पनि, नेपाल बार एसोसिएसनले ती उपेक्षित वर्ग, समुदायको पीडा बुझ्न चाहेन या सकेन । नेपाल बार एसोसिएसनको आँखाले यो उपेक्षित वर्गको मुद्दा र पीडालाई कहिल्यै देख्न सकेन । किनभने, यो स्वतन्त्र न्यायपालिकाको सिद्धान्तको विपरीत राजनैतिक पार्टीको भ्रातृ सङ्गठन मात्र भएको थियो । त्यसैले, अहिलेसम्म यी पीडा र अन्यायलाई दमन गर्न मात्र लागिरह्यो ।

५६ वर्षको इतिहासमा पहिलो पटक पहिचान एवम् संघीयवादी स्वतन्त्र पेशागत कानुन व्यावसायी समूह, विभेदमा पारिएका मधेशी, मुस्लिम आदिवासी, जनजाति, दलित महिला एवम् पिछडिएका समुदायको पहिचान एवम् मानव अधिकार संरक्षण गर्न, सदियां देखि नियन्त्रणमा रहेको नेपाल बार एसोसिएसनको राजनैतिक सिण्डिकेट प्रणालीलाई चुनौती दिँदैं संघीयवादी कानून व्यवसायीहरूको स्वतन्त्र समूहले यो पटक २०६९ को निर्वाचनमा सम्मानपूर्वक भाग लिएका थिए । प्रत्यक्ष जीतको अनुभूति नगरे पनि पहिचान र संघीयताको वीजारोपण नेपाल बार एसोसिएसनमा गर्न सफल भएको छ ।

न्यायिक क्षेत्रमा सीमित व्यक्तिहरूको एकछत्र हालीमुहाली कायम हुने तथा अन्य पछाडि

पारिएका समुदायलाई यथास्थितिमा राख्ने नेपाल बार एसोसिएसनको मानसिकतालाई परिवर्तन गर्नु आजको आवश्यकता हो ।


महिला, दलित, मधेसी आदिवासी जनजाति अल्पसङ्ख्यक मुस्लिम वर्ग तथा उत्पीडित क्षेत्रलाई समानुपातिक र समावेशीको सिद्धान्त अनुसार मौतिक हक, राजनीतिक, साँस्कृतिक नियोग तथा सामाजिक न्यायको मूल्य मान्यतालाई संस्थागत गराइनु पर्छ । नेपाल बार एसोसिएसनले सबै अन्तर्राष्ट्रिय मूल्य-मान्यतालाई व्यवहारमा लागू गर्न क्रियाशील रहनु जरूरत छ । अदालतमा हुने ढिलासुस्ती र भ्रष्टाचारविरूद्ध सशक्त आवाज उठाउनु पर्दछ । न्यायप्रणालीमा सबै वर्ग, समुदायको समान र सहज पहुँचको लाति नेपाल बार एसोसिएसन कटिबद्ध रहनुपर्दछ । अन्तरिम संविधानद्वारा प्रदत्त नागरिकको मौतिक हकको सम्मान र संरक्षण गर्नुपर्दछ ।

स्वतन्त्र न्यायपालिका, आधारभुत मानवअधिकार, प्रेस स्वतन्त्रता, पेशा व्यावसाय र व्यक्तिगत स्वतन्त्रताको सुरक्षासहित कानूनी राज्यको स्थापना गराउनुपर्दछ । विभेद्मा परिएका समुदायको अधिकार एवम् पहिचान सहितको संघीयताको वकालत तथा नेपाल बार एसोसिएसनको स्वतन्त्र छवी, सक्षम र समावेशी न्यायपालिकाको लागि संघर्षरत रहनु नै संघीयवादी कानुन व्यावसायीहरूको स्वतन्त्र समूहको आगामी कार्यभार र चुनौती रहनेछ ।●

E-mail: amrita.thebe@gmail.com

*(लेखिका थेबे स्वयम् कानुन व्यावशायी अधिवक्ता पनि हुन् । -सं.)*

## ■ संघीय कृति




कृतिः
**[illegible]**
**लिम्बू जातिको चिनारी**
लेखक : **डा. गोविन्दबहादुर तुम्बाहाङ**
प्रकाशक : **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र किरात याक्थुङ चुम्लुङ**
प्रकाशन मितिः **२०६८**

कृतिः **भाषा, संस्कृति र इतिहासका क्यान्सरहरू**
लेखकः **तेजमान आङदेम्बे**
प्रकाशकः **दिलविक्रम आङदेम्बे**
(आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा)
प्रकाशन मितिः **प्रथम संस्करण २०६९**
मूल्यः **रू २५०।-**






कृतिः **किराँती-काँइच (सुनुवार) जातिको चिनारी**
लेखकहरूः
**अन्जनी लुगुन**
**उत्तम कातिचा**
**अतीत क्युँइतिचा-मुखिया**
**डा. लाल-श्याँकारेलु रापचा**
प्रकाशन मितिः **चैत्र २०६८**

# एनआरएनको बिद्युत धन्दा झोलामा खोला

सन् २०१२ डिसेम्बर ३० तारिखको कुरो हो । दक्षिण कोरियामा आयोजित राजनैतिक कार्यक्रमको सिलसिलामा यो पङ्तिकार राजधानी सिउल पुगेको थियो । मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद प्रवाश शाखा दक्षिण कोरियाको कार्यक्रममा सम्बोधन गरिसकेपछि म बाहिर निस्किएँ । कार्यक्रम हल बाहिरको लवीमा तँछाडमछाड गर्दै प्रवासी नेपाली दाजुभाइ दिदिबहिनीहरु फारम भर्ने र पैसा बुझाउने काममा व्यस्त थिए । उत्साहपूर्वक रूपैयाँ बुझाउने ताँती देखेपछि के रहेछ भनेर मलाई उत्सुकता जाग्नु स्वभाविकै थियो । छेउमा पुगेर जब यो रहस्यको जानकारी भयो तब भने सबैभन्दा बढी बेबकुफ बनाउन सकिने समुदाय नेपाली नै हुँदा रहेछन् भन्ने पुष्टी भयो ।

मलाई त्यहाँ हाईड्रो प्रोजेक्टमा लगानी गरेको भन्दै केही उत्साहित हुँदै सुनाउन कस्सिएका थिए । केही खिन्नता, पछुतो र ब्यग्रतापूर्वक यस विषयमा मेरो जवाफ खोजिरहेका थिए । यसमध्ये केहिले लबीको अर्को कुनातिर लगेर नेपालका जलविद्युत आयोजनामा लगानी गर्न उचित हुन/नहुने प्रश्न तेर्स्याए । मैले नेपालको विद्युत आयोजनामा लगानी गर्न नहुने कुरा गर्नु सिद्धान्ततः गलत हुन्थ्यो । र, नेपालको हितमा पनि हुन्थेन । तर, मैले त्यस घटनामाथि सङ्क्षेपमा केही भन्नैपर्ने भयो । जसले ती प्रवासी नेपालीहरूले रगत र पसिनासँग साटेको पुँजी संरक्षण हुन्थ्यो । त्यो राष्ट्रिय पुँजी संरक्षणको लागि र व्यक्तिगत हितका लागि एकै वाक्यमा यसो भनिदिएँ– 'सिद्धान्ततः नेपालको विद्युत आयोजनामा लगानी गर्नु राम्रो कुरा हो, यस्तो क्षमता नेपालीमा विकास हुनुपर्दछ । तर, यतिखेर लगानी गर्नु बालुवामा पानी हालेसरह हुन्छ ।' यति भनी सकेपछि म पुनः कार्यक्रम हलभित्र छिरेँ जहाँ मेरो भूमिका अझै बाँकी थियो ।



भवानी बराल

**नेपालको सङ्क्रमणकालीन राज्य व्यवस्थाको कारण मुलुकको अवस्था गएगुज्रेको छ । सामाजिक अराजकता बढ्दो छ । निर्वाचित निकाय छैन । निर्वाचन हुने छाँट पनि छैन । यस्तो बेलामा दीर्घकालीन महत्वको काम गर्न यसै पनि फलामको च्युरा चपाउनुसरह हुन्छ ।**

कार्यक्रमपछि कोठे बैठकमा कतिपय साथीहरु लगानी गर्न अनिक्षा प्रकट गरेको र कतिपयले प्राविधिक कुरा नबुझी लगानी नगर्ने विचार व्यक्त गरी फर्केको थाहा भयो । यसरी जलविद्युत आयोजनामा लगानी गर्ने नाममा एनआरएनको सम्बन्धित् शाखाले विदेशमा मोटो पैसा उठाउने मेलो पाएको रहेछ । जसको आदि र अन्त्य यसै हुन्छ भन्न सकिन्न ।

नेपालमा भएका विभिन्न अध्ययनहरूले नेपालको जलविद्युत क्षमता करिब ८५ हजार मेगावाट भएको प्रतिवेदन दिएको छ । ब्राजिल पछिको दोस्रो ठूलो जलशक्ति भएको नेपालमा ६ हजार साना ठूला नदीहरु छन् । यसमध्ये अधिकाङ्श नदीहरूको स्रोत उत्तरतिरका हिमालय पर्वतहरु हुन् । यसर्थ, अधिकाङ्श नदी हिमनदी छन् । कोशी, गण्डकी, कर्णाली नेपालका मुख्य धारका नदी हुन् । यसमध्ये, कोशीमा मात्र करिव ३० प्रतिशत पानी छ । ७० प्रतिशत पानी नेपालका अन्य नदीनालामा वितरित छ । यसरी जलविद्युतको असङ्ख्य सम्भावना भएको र सबै पानी उपयोग गर्ने हो भने राष्ट्र विकासको मेरूदण्ड नै जलविद्युत शक्ति उद्योग हुनसक्छ ।

**जलविद्युत नीति र ऐन :**

नेपालमा जलविधुत शक्ति उत्पादन गर्ने ऐन् बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि बनेको सरकारले पहिलो पटक २०४९ मा ल्यायो । यो कानूनलाई विद्युत ऐन् २०४९ पनि भनिन्छ । नेपालका जल सम्पदा कसरी उपयोग गर्ने बारेमा राष्ट्रिय नीति नै नबनी ल्याएको ऐन्कै कारण यो उद्योगमा लगानी अल्मलिएको छ । ऐन् बनेको ९ वर्षपछि अर्थात् वि.सं. २०५८ मा जलविद्युत विकास नीति त बन्यो । तर नीति र ऐन्को तालमेल हुन सकेन (हेर्नुस् विद्युत ऐन् २०४९ र जलविद्युत विकास नीति २०५८) । जलविद्युत नियमावली २०५० पनि बनेको छ । तर नीति, नियमावली र ऐन्को आवश्यक तालमेल नै छैन । यसैकारण, नेपालमा जलविद्युत क्षेत्रमा लगानीको अवसर भएपनि लगानी गर्नु चुनौतीपूर्ण छ । अन्य प्राविधिक अप्ठ्याराहरु त छँदैछ ।

**सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण :**

नेपालका जलविद्युतमा लगानी सजिलो विषय होइन । कुनै कम्पनी खोलेर व्यापार गरेजस्तो छैन । मिसिन विदेशबाट ल्याएर तराईको धान कुटेर चामल बनाएर हाटबजारमा बेचेजस्तो होइन । विद्युत उद्योग स्थापनाको थुप्रै झन्झटिलो प्रक्रिया पार गर्नुपर्छ । जल विद्युत आयोजना सुरू गर्न सुरूमै नेपाल सरकारबाट सर्वेक्षण (अध्ययन) अनुमति प्राप्त गर्नुपर्छ । त्यो सर्वेक्षण (अध्ययन) अनुमति पत्रका सर्तहरु

अनुरूप उल्लेखनीय एवम् गुणात्मक कार्य प्रगति नभए उत्पादन अनुमति सरकारले दिन्न । फेरि, उत्पादन अनुमतिका लागि विद्युत खरिद सम्झौता (पि.पि.ए) गर्नुपर्छ । नेपालमा विद्युत खरिद गर्ने निकाय नेपाल विद्युत प्राधिकरण (एन.ई.ए.) मात्रै हो । प्राधीकरणसँग सम्झौता हुन सकेन भने बिजुली उत्पादनको अर्थ हुन्न । प्रसारण वा वितरण गर्न पनि प्राधीकरण बाहेक अर्को उपाए छैन । किनकि, प्राधीकरणको स्वामित्वमा राष्ट्रिय प्रसारण लाइन (नेसनल ग्रिड) छ ।

**कुल विद्युत उत्पादन :**
हजारौं मेगावाट विद्युत उत्पादनको सम्भावना हुँदाहुँदै पनि विद्युत उत्पादन गर्न नसकिएका विविध कारणमध्ये नीति ऐन्, नियमावलीको झन्झटले हो । ब्राजिलको ब्रास पावर लि., भारतको सतलज निगम लि. चीनको थ्री गर्जैजजस्ता ती देशका सरकारी स्वामित्वका निगमहरूले समेत विद्युत सर्वेक्षण अनुमति लिएर पनि काममा उल्लेखनीय प्रगति गर्न नसकेको तितो यथार्थ हाम्रोसामु छ ।

हालसम्म, नेपालमा कुल विद्युत उत्पादन ७०५.४८ मेगावाटमात्रै छ । यसमध्ये, नेपाल विद्युत प्रधीकरणले ४७७.५४ मेगावाट पानीबाट र ५३.४१ मेगाावाट थर्मल प्लाण्टबाट उत्पादन गर्छ । निजी क्षेत्रले १७४.५३ मेगावाट विद्युत उत्पादन गर्छ । पानीबाट ६५२.०७ मेगावाट कुल विद्युत उत्पादन हुन्छ । नेपालले पानीबाट बिजुली उत्पादन गरेको एकसय वर्ष पुगिसकेको छ । बिजुली उत्पादन गर्ने एसियाकै दोस्रो राष्ट्र नेपाल हो । तर, सय वर्षमा हाम्रो उत्पादन एक हजार मेगावाट पनि पुगेको छैन । यी सबै हुनका पछाडि नेपालको अस्थिर राष्ट्रिय राजनीति, जलनीति, ऐन र पानीमाथिको जलमाफियाको चलखेल मुख्य कारण हो ।

**एनआरएन कोरिया र विद्युत आयोजना :**
गैर-आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कोरिया (एनआरएन कोरीया)ले इन्भेष्टमेण्ट कम्पनीको नाममा यो रकम बटुलेको हो । एनआरएन सदस्यले मात्र लगानी गर्न पाउने नियम राखेर कम्तीमा एक लाखदेखि माथि जतिपनि नेपाली रूपैयाँ उठाउँदै आएको छ । यसैवर्षको जनवरी महिनाभित्र जलविद्युत परियोजनाको सर्वेक्षण गरिसक्ने र त्यस्तो परियोजना २५ देखि ३० मेगावाट बराबरबाट सुरू गरी प्रोजेक्ट थप्दै लैजाने सार्वजनिक गरेको छ । हो यहीँनेर आएर प्रश्नहरु उब्जेको छ । 'एनआरएन'ले नेपालमा जलविद्युत सम्बन्धी कुनै पनि परियोजना पाएको छैन भन्ने यहीबाट पुष्टी हुन्छ । नत्र, उसले सीधै कुनै जल परियोजनाको नाम दिएर सेयर आह्वान गर्न सक्दथ्यो । बीचमा इन्भेष्टमेण्ट कम्पनीको नाम ल्याइरहनु पर्ने जरूरत थिएन । यसरी अमूर्त इन्भेष्टमेण्ट कम्पनी अगाडि सारी रहनु पर्दैनथियो । इन्भेष्टमेण्ट कम्पनीको हैसियत के हो ? कहाँ कुन देशमा कुन कानून अन्तरगत दर्ता छ ? यो कम्पनीको कानूनी आधार के हो ? यसमा सङ्कलन गरिएको रूपैयाँको वित्तीय जमानत कहाँ छ ? एनआरएन त गैर-आवासीय नेपालीहरूको हकहित हेर्ने संस्था मात्रै हो । यसले संसारभरका व्यक्तिहरूबाट उठाएको वित्तीय जमानत बोक्ने हैसियत राख्नसक्छ ? नेपालको सङ्क्रमणकालीन राष्ट्रिय राजनीतिले निकास नपाएको यो अबस्थामा धमाधम रूपैयाँ ऐँठनु पछिको रहस्य निकै अर्थपूर्ण छ । गैर-आवासीय नेपालीहरूको नेपालमा कस्तो हैसियत हुने ?

> **नेपालको अपार जलसम्पदा प्रकृतिले दिएको अनुपम उपहार हो । तर, यो उपहारलाई यस्तै बेलामाा हात हाल्न पाए झोलामा खोला हाल्ने कसैको कुत्सित् उद्देश्य हुँदो हो ।**

केही ठेगान छैन । दोहोरो नागरिकता वा गैर-आवासीय नेपालीलाई नेपालले दिने सेवासुविधा द्विविधामा छ । वर्तमान कम्पनी ऐन् अनुसारनै उनीहरूले लगानी गर्नसक्ने वातावरण नभएको गुनासो एनआरएनकै नेताहरूको छ । अहिलेकै हैसियतमा जलविद्युतमा गैर-आवासीय नेपालीहरूले लगानी गरेर पार लगाउने भए पूर्व एनआरएन अध्यक्ष उपेन्द्र महतोको सानीमा हाईडोपावर कम्पनीले वि.सं. २०६२ साल बैशाख २९ गते अनुमति पाएको १३.४०० मेगावट क्षमताको माइखोला परियोजना कहाँ पुगेको छ ? यस्तै अपरतमोर १०० मेगावाटको ०६३ पुस १३ गते सानीमा हाइड्रो पावर कम्पनी प्रा.लि.ले सर्वेक्षण अनुमति पाएको थियो । यी दुई परियोजनाको हालत बुझे सबैको आँखा खुल्छ । यी त प्रतिनिधि उदाहरणमात्र । यस्ता उदाहरण दिँदै जाने हो भने एउटा लामो फेहरिस्त नै बन्छ ।

**रहलपहल :**
नेपालको सङ्क्रमणकालीन राज्य व्यवस्थाको कारण मुलुकको अवस्था गएगुज्रेको छ । सामाजिक अराजकता बढ्दो छ । निर्वाचित निकाय छैन । निर्वाचन हुने छाँट पनि छैन । यस्तो बेलामा दीर्घकालीन महत्वको काम गर्न यसै पनि फलामको च्युरा चपाउनुसरह हुन्छ । कानूनी शासनको अभाव, सामाजिक अराजकता, विधिविधान निर्माण नै नभइराखेको यो बेलामा रगत र पसिनासँग साटेको सानो पुँजी लगानी गर्नुलाई मैले माथि बालुवामा पानी खन्याउनुजस्तै हो भनेको हुँ । नेपालको अपार जलसम्पदा प्रकृतिले दिएको अनुपम उपहार हो । तर, यो उपहारलाई यस्तै बेलामाा हात हाल्न पाए झोलामा खोला हाल्ने कसैको कुत्सित् उद्देश्य हुँदो हो । त्यसैले, उनीहरु यस्तै सङ्क्रमणकाललाई स्वर्णयुग ठान्छन् । आखिर सोभियत संघ विघटन हुँदा त्यहाँको संक्रमणको फाइदा उठाएका कथित गैर-आवासीय नेपाली नेताहरूले नेपालको सङ्क्रमणको फाइदा जलविद्युत आयोजनाको नाममा गर्न खोजेको तथाकथित् कारोबार पनि त हुनसक्छ ।
E-mail: bhawanibaral@gmail.com

# इन्टरनेट र नेपाली साहित्यको अन्तरसम्बन्ध

(साझा बृहत् पुस्तक प्रदर्शनी तथा कलासाहित्य मेला २०६९, १२-२१ माघ, विराटनगर, मेलाको छैटौं दिन १७ माघमा अनलाइनमार्फत सेरिया ब्रुनाईबाट प्रस्तुत कार्यपत्र)

**विषय प्रवेशः**
समय सधैँ गतिशील र संसार सधैँ परिवर्तनशील हुन्छ । सन् १९६९ मा अमेरिकी सेनाको प्रयोगका लागि इन्टरनेटको विकास नगरिएको भए सम्भवतः अहिलेको यो उत्कृष्ट प्रविधि हामीले उपभोग गर्न पाउने थिएनौं । शिल्पकर्मी भिन्ट कार्फ, बिल गेट्स, स्टीभ जब्स लगायतको योगदान नहुने हो त हामीले यो जमाना उपभोग गर्न अझ केही दशक पर्खनु पर्थ्यो, सायद । जे खोज्यो त्यही पाइने, जे माग्यो त्यही दिने, जसलाई खोज्यो उसँग भेट गराई दिने गुगल, याहू, युट्युव, फेसबुक आदि जस्ता सर्च इञ्जिन, सामाजिक सञ्जाल लगायतका वेबसाइटहरु साँच्चै नै हाम्रो लागि ठूलो वरदान हो । अत्यन्तै शक्तिशाली सूचना प्रविधिको इन्टरनेट माध्ययम्मा समाहित नहुनेहरु अब बिस्तारै पछाडि धकेलिँदै गएको समेत आभाष हुन्छ । प्रत्येक व्यक्ति र संस्था मात्र नभई हरेक सिर्जनाहरु इन्टरनेटको पहुँचसम्म पुग्नैपर्ने बाध्यता बढ्दै गएको छ ।
सूचना प्रविधिलाई उपभोग गर्ने अनलाइनकर्ताहरु पछिल्लो समयमा छापाका पत्र-पत्रिकाहरु भन्दा अनलाइनमै बढी रमाउछन् । फलस्वरूप, विश्वका अति लोकप्रिय केही पत्रिकाहरु बन्द पनि भएका छन् । यसरी इन्टरनेट प्रयोगकर्ताहरु ह्वात्तै बढ्नु र छापाका पत्रिकाहरु बन्दहुँदै जानुको अर्थ साइबर सूचना प्रविधि अत्यन्तै शक्तिशाली रूपमा स्थापित हुनु हो । त्यसैले, यो साइबर प्रविधिको युगमा समाहित हुनु अति अपरिहार्य बनेको छ । अब स्रष्टा स्वयम् र स्रष्टाको सिर्जना साइबर प्रविधिभन्दा टाढा रह्यो भने धेरै अवसरबाट टाढिने देखिन्छ । हाम्रा

**संसार अहिले सानो गाउँको रूपमा परिणत मात्र होइन सोचाई र बुझाईमै ठूलो परिवर्तन आएको छ । सामाजिक सञ्जालमा भेटघाट नहुने स्वयम् आफ्नै आफन्तैहरू पनि बिरानो लाग्न थालेको छ ।**



प्रस्तोताः **विश्वास दीप तिगेला**

आवश्यकताहरु कही न कही साइबर प्रविधिसँग जानेर वा नजानेर अन्तरसम्बन्धित् बनिसकेका छन् । शब्दहरूसँग रमाउने, कलमहरूसँग रमाउने बौद्धिक खेलको लागि यो प्रविधि झनै महत्वपूर्ण हुनु स्वतः सान्दार्भिक देखिन्छ । सूचना प्रविधिको यो महासागरमा नेपाली साहित्यले पनि गरिमामय उपस्थिति जमाइसकेको छ ।

**इन्टरनेटमा नेपाली साहित्यको प्रवेश**
अत्यन्तै सशक्त र शक्तिशाली सूचना प्रविधिसँग नेपाली साहित्यले कहिले, कसरी र कति साइनो जोड्यो ? यसका साथै, यो कस्तो तरिकाले अघि बढिरहेको छ भन्ने सम्बन्धमा यहाँ सङ्क्षिप्त चर्चा गर्न सान्दर्भिक हुन्छ ।
नेपाली साहित्यलाई इन्टरनेट प्रविधिमा पहिलो पटक फ्रिनेपालडटकमले राख्ने काम गऱ्यो र त्यही पहिलो चरण अन्तर्गत कवि विक्रम सुब्बा सम्पादक रहनुभएको नेपालीकविता डटकम, मोमिला सम्पादक रहनुभएको नेपालीकलासाहित्य डटकम, ताइवानबाट कपिल अधिकारी सम्पादक रहनुभएको इपत्रडटकम, बेल्जियमबाट कृष्ण बजगाई सम्पादक रहनुभएको समकालीनसाहित्य डटकम र वेलायतबाट विश्वासदिप तिगेला सम्पादक रहनुभएको नेपालीलिटरेचरडटकम अर्थात् साहित्यघरडटकम पर्दछन् । साहित्यघरडटकमको उद्घाटन वि.स. २०६२ भाद्र ७ गते अनामनगर काठमाडौंमा डा. गोविदराज भट्टराईले गर्नुभएको थियो ।
दोस्रो चरण अन्तर्गतका वेबसाइटहरुः हङकङबाट भोगेन एक्ले सम्पादक रहनुभएको सिर्जनाडटकम, वेलायतबाट केदार सुनुवार सङ्केत सम्पादक रहनुभएको साहित्यसङ्गालोडटकम, इजरायलबाट हरि मानन्धर सम्पादक रहनुभएको साहित्यसंसारडट्कम, विभोर बराल सम्पादक रहनुभएको अनलाइनसाहित्यडटकम, कुमार सिंखडा सम्पादक रहनुभएको मझेरीडटकम, ब्रुनाईबाट सुरेन्द्र इङ्नाम सम्पादन रहनुभएको कलासाहित्यडटकम आदि पर्दछन् ।
नेपाली साहित्यलाई अनलाइनमा लैजाने शुरूवातको चरणमा ठूलो प्रोगामिङ् गरेर वेबसाइट बनाउनु अत्यन्तै महँगो पर्दथ्यो । कुनै वेबसाइटचाहिँ म्यानुअल अपटुडेट

गरिन्थ्यो । जस्तै, नेपालीकविताडटकम, नेपालीकलासाहित्यडटकम आदि । त्यस्तैगरी, उच्च प्रोगामिङ् भएको नेपालीलिटरेचरडटकम् आदि हुन् । पछिल्लो समयमा वर्डप्रेस, जुमला विश्वव्यापी लोकप्रिय वेबसाइटको ट्याम्प्लेट प्रयोग हुन सुरू भएपश्चात भने अनगिन्ति वेबसाइटहरु सञ्चालनमा रहेका छन् । ट्याम्प्लेट प्रयोग गरिएको वेबसाइट कस्टमाइज गर्नु (मिलाएर राख्नु) सजिलो, छिटो र सस्तो हुने गर्दछ । ती ट्याम्प्लेट नै प्रयोग भएका वेबसाइटमा पनि राम्रा सामाग्रीहरु समेत समाहित छन् । यद्यपि, नेपाली साहित्यलाई इन्टरनेटमा लैजाने विषयको चर्चा गर्दा पहिलो चरणमा स्वनिर्मित उच्चप्रोगामिङ् वेभसाइटका सञ्चालक र म्यानुअलकर्मीहरूलाई नसम्फनु अन्याय हुनेछ ।

इन्टरनेटमा नेपाली साहित्य चढाउनको लागि फ्रि ब्लगको पनि अत्यन्तै धेरै प्रयोग भएको पाइन्छ । हङकङबाट साहित्यकार टंक सम्बाहाङ्फेले सञ्चालन गर्नुभएको स्रष्टाडटब्लगस्पटडटकम एक महत्वपूर्ण ब्लग हो । यहाँ धेरै साहित्यकारहरूको विवरण संकलन गरिएको छ । अहिले नेपाली साहित्यको ब्लग कतिवटा सञ्चालनमा छन् यकिन गर्न गाह्रो छ । यी ब्लगहरु बनाउन सजिलो र छिटो हुने भएकोले धेरै स्रष्टाले तत्कालै बनाउँछन् र विर्सन्छन् पनि किनकि यो निःशुल्क प्राप्त हुने गर्दछ । त्यसैले पूर्ण वेबसाइट र ब्लगलाई एकैठाउँमा राखेर हेर्न मिल्दैन ।

**साहित्यिक सिर्जना प्रकाशन गर्ने वेबसाइटका प्रकारहरु**

साहित्यिक वेबसाइटहरु सामान्यतः ६ प्रकारको पाइन्छन् ।

१. वेबसाइट नै मात्र सञ्चालन गर्नेगरी संस्थागत जस्तै, अनलाइन नेपाली साहित्य मञ्चले सञ्चालन गरेको नेपालीलिटरेचरडटकम र नेपालीकलासाहित्यडटकम प्रतिष्ठानले सञ्चालन गरेको नेपालीकलासाहित्यडटकम ।

२. इच्छुक व्यक्तिले स्वतन्त्ररूपबाट सञ्चालन गरेको साहित्यिक वेबसाइट जस्तै, साहित्यिसङ्गालोडटकम ।

३. विभिन्न साहित्यिक संघसंस्थाको आफ्नो संस्थागत वेबसाइटमा सिर्जनाहरु पनि राख्ने गर्दछन् । जस्तै, विश्व नेपाली साहित्य महासङ्घको वेबसाइट जिएफएनएलडटअर्ग आदि ।

४. फ्रि ब्लग बनाउँदै सिर्जनाहरु राख्ने काम हुन्छ । जस्तै, लघुकथाडटवर्डप्रेसडटकम ।

५. समाचार तथा विविध विषय समेटिएको वेब साइटमा एकपेज छुट्याएर साहित्यलाई पनि स्थान दिएको पाइन्छ । जस्तै, एचकेनेपालडटकम ।

६. साहित्यिक प्रिन्ट पत्रिकाको अनलाइन संस्करण । जस्तै, मधुपर्क को गोर्खापत्रडटअर्गडटएनपी ।

**अनलाइन साहित्यिक प्रतियोगिताहरूः**

नेपाली साहित्यको इतिहासमा त पक्कै पनि पहिलो हो । सम्भवतः विश्वको इतिहासमै पनि पहिलो हुन सक्दछ- अनलाइन नेपाली साहित्य मञ्चले वि.स. २०६४ मा अनलाइन विश्व वेबक्याम कविता प्रतियोगिताको आयोजना गऱ्यो । त्यसबेला याहू र हटमेल म्यासेन्जर भर्खर लोकप्रिय बन्दैथियो । त्यही म्यासेन्जरको सम्पर्कमा रही प्रत्यक्ष सिर्जना बाचन गरेको भिडियो र अडियोलाई विशेष प्रविधिबाट रेकर्ड गरी अनलाइनमा राखेर अनलाइनमै मूल्याङ्कन गरी उत्कृष्ट पहिलो, दोस्रो र तेस्रो छुट्याइएको थियो । उक्त प्रतियोगितामा विराटनगरकै कवि नवराज सुब्बा प्रथम हुनुभएको थियो । वहाँले नगद पुरस्कार समेत प्राप्त गर्नुभएको थियो ।

मञ्चले दोस्रो वर्ष पनि विश्वव्यापी वेभक्याम कविता प्रतियोगिता गऱ्यो । उक्त प्रतियोगितामा विश्वभरका ८५ जनाले सहभागिता जनाउनु भएको थियो । प्रतियोगितामा भाषाभाषीको कविता, अंग्रेजी कविता लगायतलाई पनि समावेश गरिएको थियो । विश्वव्यापी भोटिङको समेत व्यवस्था गरिएको थियो । लण्डनका कवि गोपीकृष्ण प्रसाईंले लोकप्रिय कविको उपाधी जित्नुभएको थियो भने अमेरिकाका उत्तमबाबु श्रेष्ठले प्रथम स्थान हासिल गर्नुभई नगद पुरस्कार समेत प्राप्त गर्नुभएको थियो । दुबै वर्षको प्रतियोगिताका कविताहरु अहिले पनि नेपालीलिटरेचरडटकममा सुन्न, हेर्न र पढ्न सकिन्छ ।

तेस्रो बर्ष वि.स. २०६६ मा मञ्चको सह-आयोजना र प्रवासी नेपाली साहित्य समाजको मुख्य आयोजनामा विश्वव्यापी रेडियो गजल प्रतियोगिता सु-सम्पन्न भयो । विश्वभरका १७५ सहभागीमध्ये इजरायलबाट उमा सुवेदीले प्रथम स्थान प्राप्त गर्नुभई नगद २० हजार रूपैयाँ प्राप्त गर्नुभएको थियो । मातृभाषाका गजलहरूको समेत मूल्याङ्कन गरी पुरस्कृत गरिएको थियो । उक्त वर्षको कार्यक्रमलाई नेपालका मुख्य मिडियाहरूले पनि प्राथमिताका साथ चासो दिएको थियो । विविसी नेपाली सेवाले लामो रिपोर्ट नै प्रसारण गरेको थियो ।

वि.सं २०६८ सालमा विश्व नेपाली साहित्य महासङ्घ, केन्द्रीय समितिको मुख्य आयोजना र विभिन्न ६ वटा साहित्यिक संस्थाहरूको सह-आयोजनामा विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता सञ्चालन भएको थियो । उक्त प्रतियोगितामा स्रष्टाको आफ्नै स्वरमा वाचन गरेको अडियो, टाइप गरिएको कविता, फोटो र केही भिडियो समावेश गरिएको थियो । प्रतियोगितामा १९ मुलुक र नेपालका २७ जिल्लाबाट जम्मा १८२ जनाको सहभागिता थियो । उक्त प्रतियोगितामा कतारका कवि चर्चित ढुङ्गेलले प्रथम स्थान प्राप्त गर्नुभई नगद २० हजार हात पार्नु भएको थियो । सो प्रतियोगितामा पनि भाषाभाषी र अंग्रेजी भाषाका कविताहरूलाई पनि समावेश गरिएको थियो । एकै भाषाको ६ वटा भन्दा बढी कविताहरु सहभागी भएकोलाई मात्र सोही भाषाका कविताहरूबीच छनौट गरी पुरस्कृत गरिएको थियो । उक्त वर्ष थारु, मगर, गुरूङ, तामाङ, लिम्बू र राई

बान्तावा भाषाका कविताहरु सहभागी थिए । लिम्बू भाषाको कवितामा धनकुटाका भरत थोक्लेन प्रथम हुनुभएको थियो । त्यसैगरी राई बान्तावा भाषामा इलामका असिम राई प्रथम हुनु भएको थियो । थोरै सहभागिताको कारण बाँकी भाषाहरूको मूल्याङ्कन भएनन् । यही अवसरलाई भाषाभाषीको पहिलो अनलाइन प्रतियोगिता मान्नुपर्दछ । माथिका यी विभिन्न प्रतियोगिताहरूमा साहित्यकर्मी विश्वास दीप तिगेला र सुरेन्द्र इङनामको प्राविधिक संयोजन रहेको थियो । सम्भवतः यो प्रविधिबाट अन्यत्र कतै साहित्यिक प्रतियोगिता भएको पाइँदैन किनकि यो अत्यन्तै मेहनत गर्नुपर्ने तथा उच्च प्रविधिको प्रयोग थियो ।

सन् २०१० मा हङकङबाट सञ्चालित सिर्जनाडटकमले पनि अनलाइन प्रतियोगिताको आयोजना गरेको थियो । उक्त प्रतियोगितामा प्रगति राई प्रथम हुनुभई नगद २५ हजार रूपैयाँ प्राप्त गर्नुभएको थियो । उक्त प्रतियोगिताका सहभागी कविताहरु वेबमा पढ्न मात्र सकिन्थ्यो । केही समय अघि इजरायलका स्रष्टाहरूले फेसबुकमै पढ्नुपर्ने, फेसबुकमै भोट दिनुपर्ने फेसबुक केन्द्रीत विश्वब्यापी नेपाली देशभक्ति गीत प्रतियोगिता पनि सम्पन्न गरेका छन् ।

## अनलाइनमै कृति विमोचन

कृति विमोचन गर्ने धेरै तरिका तथा माध्ययमहरु छन् । यद्यपि, पुरानो चलन र मान्यताहरूलाई अब मान्नैपर्छ भन्ने छैन । इन्टरनेट क्षेत्रमा निक्कै लोकप्रिय स्काइपमार्फत गत ३० चैत्र २०६८ मा 'निष्पक्ष संविधानः समृद्ध राष्ट्र' नामक पुस्तकको विमोचन सु-सम्पन्न भयो । स्काइपले स्रष्टा, अतिथि र सहभागीहरूलाई एकैठाउँ जोडेको थियो भने प्रत्यक्ष भिडियो प्रसारणको सेवा प्रदायक युस्ट्रीमबाट संसारभर प्रसारण गरिएको थियो । काठमाडौंको एककोठामा केही स्रष्टाहरु भेला भएर कृतिको विमोचन गर्नुभन्दा स्काइप र युस्ट्रीममार्फत विमोचन गर्नु सर्वाधिक नयाँ मात्र होइन गुणौं प्रभावकारी पनि बनेको छ । युस्ट्रीमको प्रयोग गरी साहित्यिक वा कुनैपनि वेबसाइटमा प्रत्यक्ष प्रसारण भइरहेको भिडियो राख्न सकिन्छ जसले गर्दा आमन्त्रण गरिएका वा नगरिएका स्रष्टाहरूले विश्वको कुनैपनि कुनाबाट हेर्न, सुन्न र बुझ्न सक्दछन् । उक्त विमोचन कार्यक्रमको भिडियो अनलाइनमै रेकर्डेट हुने भएकोले विमोचनको दिन जेजतिले प्रत्यक्ष हेरेपनि कार्यक्रमको समाप्तिपछि पनि हजारौंले हेर्ने भएकोले यो बढी प्रभावकारी बनेको हो । उक्त विमोचनको भिडियो नेपालीलिटरेचरडटकम मा अहिले पनि हेर्न सकिन्छ । प्रविधिको ज्ञान हुने व्यक्तिले कुनैपनि ठाउँमा पुगेर, इच्छाएको व्यक्तिको हातबाट विमोचन गराउन सकिने भएकोले अब चाडैनै यो पद्धति लोकप्रिय हुने आस गर्न सकिन्छ ।

केही स्रष्टाहरूले फेसबुकमार्फत पनि आफ्नो कृतिहरूलाई सार्वजनिक गर्नुभएको छ । तर प्रत्यक्ष हेर्ने र सुन्ने बानी परिसकेकाले फेसबुकको माध्यम त्यति प्रभावकारी देखिँदैन । तथापि, सजिलो माध्यम भने अवश्य हो । फेसबुकलाई विभिन्न तरिकाबाट प्रयोग गर्ने जमर्को भएको छ । यद्यपि, स्वतन्त्र र पूर्ण वेबसाइटले जति आफ्नो पहुँच राख्छ त्यति चाहिँ राख्न सक्दैन । फ्रेन्ड्स लिष्टमा भएकालाई फेसबुकले जसरी जर्बरजस्त तानेर ल्याउँछ त्यसरी नै वेबसाइटले ल्याउन सक्दैन । कतिपयलाई सामाजिक सञ्जाल फेसबुकमा राखे सबैले देख्छन् भन्ने भ्रम् पनि छ तर त्यो सत्य होइन ।

## ई-लाइब्रेरी ठूलो वरदान

हङकङका स्रष्टा टंक सम्बाहाङ्फेले सुरू गर्नुभएको स्रष्टाडटब्लगस्पटडटकममा धेरै साहित्यकारहरूको व्यक्तिगत विवरण रहेको छ । यही लाइब्रेरीलाई नेपाली साहित्यको पहिलो ब्लग लाइब्रेरी मान्नुपर्दछ । त्यसपछि, नेपालीलिटरेचरडकमले पनि सुरू गऱ्यो । नेपालीलिटरेचरडटकमले साहित्यकारहरूको व्यक्तिगत विवरण र पारिजात सङ्ग्रहालय अन्तर्गत विभिन्न पुस्तकहरूलाई डाउनलोड गरेर हेर्न मिल्नेगरी पुस्तकालयको व्यवस्था गरेको छ । त्यसपछि, पुस्तकालयडटअर्ग लगायतका राम्रा पुस्तकालयहरु पनि अहिले सञ्चालनमा रहेका छन् ।

## अनलाइनमा पुस्तक बिक्रीकक्ष

विदेशी मुलुकहरूमा अनलाइनबाट पुस्तक बिक्रि गरेर प्रशस्तै आम्दानी गरेको पाइन्छ । नफुट्ने, नसड्ने र पोष्ट गर्न सजिलो हुने भएकोले पुस्तकलाई अनलाइनबाट बिक्रि गर्न उपयुक्त बस्तु मानिन्छ । नेपालको विश्वासीलो बैंकले गेटवे पेमेण्ट सिस्टम पेपल, वल्डपे, टुचेकआउट, गुगलचेकआउट, अथोराइजडटनेट आदि जस्ताको पहुँच दिने हो भने कृति किनबेचमा ठूलो परिवर्तन हुनेछ ।

पुस्तक पढ्ने डिभाइस किन्डलमा हेर्न मिल्नेगरी किन्डल भर्सन र कम्प्युटरमा पढ्न मिल्ने पिडिएफ भर्सनलाई अनलाइनमै बिक्रि गर्ने प्रचलन पनि विकसित देशहरूमा लोकप्रिय भइसकेको छ । झमक घिमिरेको चर्चित पुस्तक 'जीवन काँडा कि फूल' पुस्तकको अंग्रेजी संस्करण किन्डल भर्सनमा किन्न पाइन्छ । त्यस्तैगरी, पाण्डुलिपीबुक्सडटकमले पनि अनलाइन मार्फत पुस्तक बिक्रि सुरू गरेको छ । नेपालका केही पुस्तक पसलहरूले पनि अनलाइन बिक्रि शुरू गरिसकेका छन् ।

## अनलाइन रेडियोमा साहित्यिक कार्यक्रम

साहित्य र सिर्जनालाई अभिब्यक्त गर्ने सबैभन्दा प्रभावकारी माध्ययम भनेको रेडियो पनि एक हो । त्यसैले रेकडेट वा प्रत्येक्ष प्रसारण हुने अनलाइन रेडियोहरु पनि संचालनमा रहेका छन् । अमेरिकाको न्यूयोर्कमा बसोबास गदै आउनु भएका सहदेव पौडेलद्वारा संचालित नेपालीरेडियोडटअर्ग सबैभन्दा अगाडि रहेको छ । भने हङकङबाट देवराज राईले संचालन गर्नुभएको आलोपालोडटकम, साउदी अरेबियाबाट सागर श्रेष्ठले संचालन गर्नुहुने पिएनएन अनलाइन रेडियो, वेलायतबाट योगराज राईद्धारा संचालित सुन्नुहोसडटकम पनि निक्कै लोकप्रिय रहेका छन ।

नेपालमा संचालित झण्डै ४ सयभन्दा बढि एफएम रेडियोहरु मध्ये केहीले अनलाइन प्रसारण पनि गर्दै आएका छन । यसरी रेडियोहरु आफै अनलाइनमा प्रवेश गर्नु र स्वतन्त्र अनलाइन रेडियोहरु समेत अनगिन्ति संचालनमा आउनुले नेपाली भाषा साहित्यलाई ठूलो योगदान पुगेको छ । नेपाली भाषाको रेडियोहरु मध्ये अनलाइनबाट प्रत्येक्ष प्रसारण गर्ने पहिलो रेडियो बिएफबिएस गोर्खा रेडियो (बिट्रीस फोर्सेस ब्रोडकाष्टिङ सर्भिस) हो । यसले सन २००० बाट प्रसारण आरम्भ गरेको थियो । वेलायत, ब्रुनाई र नेपालमा प्रसारण स्टेसन रहेको यस रेडियोले विदेशमा साहित्यको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

नयाँ प्रविधिको विकास संगै एप्पल र रिकु प्रविधिबाट अनलाइन टेलिभिजन प्रसारण समेत शुरू भइसकेको छ । यसले पनि नेपाली साहित्यलाई थप मद्दत पुऱ्याउने छ ।

### विविध गतिविधि

संसार अहिले सानो गाउँको रूपमा परिणत मात्र होइन सोचाई र बुझाईमै ठूलो परिवर्तन आएको छ । सामाजिक सञ्जालमा भेटघाट नहुने स्वयम् आफ्नै आफन्तैहरु पनि बिरानो लाग्न थालेको छ । कहिल्यै नचिनेका नभेटेकाहरु तर समाजिक सञ्जाल फेसबुक, ट्वीटर र स्काइप आदिमा मात्र भेटभएकाहरु पनि नजिक र वर्षौं पुरानो चिनजानजस्तो लाग्दछ । संसारको लगभग प्रत्येक देशमा पुगेका नेपाली स्रष्टाहरु स्काइपमा बैठक बस्छन्, बहस गर्छन र सामूहिक निर्णय गर्दछन् । उदाहरणको लागि विश्व नेपाली साहित्य महासङ्घ प्रत्येक महिनाको २८ तारिखको दिन स्काइपमा बैठक बस्छन् । उक्त भेलामै उनीहरु कहिले सिर्जनाहरु सुन्ने र सुनाउने कार्यक्रम पनि राख्ने गर्दछन् ।

भर्खरै मात्र शब्दहार क्रिएसनका रमेश कँडेल, मनु लोहरूङ लगायतले फेसबुक र वेभसाइटमार्फत धेरैलाई स-सानो सहयोग मागेर लाखौं रकम जम्मागरी कृतिहरु प्रकाशन गर्न थालेका छन् । यसले के देखाउँदछ भने धन भएका, मनभएका र दिनसक्नेसँग पनि यो साइबरले सबैलाई जोडिदिएको छ । यसअघि कहिल्यै नगरिएका नौला कामहरु गर्न सकिने यो साइबर प्रविधिसँग अथाह सम्भावना देखिन्छ ।

### अनलाइनमा आफ्नो सिर्जनाहरु कसरी राख्ने ?

अहिले प्रत्येक व्यक्तिको लागि इमेल अति आवश्यक बस्तु हो । यही इमेलबाट हामीले साथी, सर्वसाधारणदेखि प्रधानमन्त्रीसम्मलाई अर्थात जो कोहीलाई सम्पर्क गर्न सक्दछौं । त्यसैले आफ्नो सिर्जनालाई नेपाली वा युनिकोड नेपालीमा टाइप गरेर वेब सञ्चालकलाई इमेलमार्फत पठाउन सक्दछौं । अर्थात, कुनैकुनै उच्च प्रोगामिङमार्फत तयार गरिएको वेब साइटमा आफैले अपलोड गर्न सकिन्छ । नेपालीलिटरेचरडटकममा यो सुविधा रहेको छ । तपाइँले अपलोड गर्नुभएको सिर्जनालाई सम्पादकले एप्रुभ् गर्ने बित्तिकै

> **कहिल्यै नचिनेका नभेटेकाहरू तर समाजिक सञ्जाल फेसबुक, ट्वीटर र स्काइप आदिमा मात्र भेटभएकाहरू पनि नजिक र वर्षौं पुरानो चिनजानजस्तो लाग्दछ । संसारको लगभग प्रत्येक देशमा पुगेका नेपाली स्रष्टाहरू स्काइपमा बैठक बस्छन्, बहस गर्छन र सामूहिक निर्णय गर्दछन् ।**

अनलाइनमा तुरून्त जो कसैले हेर्न सक्दछ । पछिल्लो समयमा फेसबुकको नोटमा पनि आफैले राख्ने प्रचलन छ । यद्यपि, फेसबुकमा राखिएको आफ्नो सिर्जना सिमित व्यक्तिले मात्र हेर्न सक्दछ । तर वेबसाइटमा राखिएको सिर्जना जो कसैले सजिलै हेर्न र प्रतिक्रिया दिन सक्दछ ।

नेपाली टाइप गर्ने ज्ञान नभएको खण्डमा स्क्यान गरेर, डिजिटल क्यामेराले फोटो खिचेर वा स्मार्ट मोबाइलबाट सीधै फोटो खिचेर इमेल वा फेसबुकमार्फत पठाउन सकिन्छ । यदि यी माथिका प्रविधि छैन भने फोनबाट टिपाएर पनि आफ्नो सिर्जना अनलाइनमा राख्न सकिन्छ ।

वेब क्यामेरा भएको खण्डमा आफ्नो सिर्जना बाचन गरेको भिडियो युट्युव जस्ता भिडियो सेयरिङ वेबसाइटमा राख्न सकिन्छ । समय यति परिवर्तन भइसक्यो कि आफ्नो कुरा, आफ्नो कला, आफैले भन्न सकिन्छ । तर त्यसको लागि सामान्य कम्प्युटर ज्ञान भएपुग्छ । इमेल, फेसबुक, युट्यव र ब्लग चलाउनको लागि सामान्य रूचिभए जो कसैले चलाउन सक्दछ । आफ्नो इच्छा र क्षमतालाई आफैले युट्युवमा चढाएकै कारण धेरैले ठूल्ठूला अवसरहरु प्राप्त गरेका प्रशस्त उदाहरणहरु छन् । त्यसैले नयाँ प्रविधिहरूले मनोरञ्जन मात्र होइन अवसरहरु पनि ल्याएका छन् । उक्त अवसरहरूलाई पकड्ने कोसिस गर्नुपर्दछ । अब इन्टरनेटको माध्ययमबाट भित्रिएका अनेक प्रविधि पछाडि फर्कने अवस्था छैन र यही माध्ययमलाई टेकेर अरूअरू प्रविधिहरु भित्रिने सम्भावनाहरु छन् । तसर्थ आजैबाट इमेल, वेबसाइटसँग नजिक हुनु जो कोहीको लागि अत्यावश्यक भइसकेको छ । किनकि आखिर भोलि पनि यो प्रविधि चलाउन बाध्य हुनै पर्नेछ । यदि यो नयाँ प्रविधिदेखि टाढा रहियो भने लगभग समाजबाटै अलग्गिएको जस्तो हुनेछ ।

### केही महत्वपूर्ण तथ्याङ्कहरु

१. नेपाली साहित्यलाई सबैभन्दा पहिला अनलाइनमा राख्ने काम रसियाबाट

डा. मधु माधुर्यले सञ्चालन गर्नुभएको फ्रिनेपालडटकमले गऱ्यो । सन् १९९८ मा शुरू भएको उक्त वेबसाइट केही वर्षपछि समाचारमुलक साइटमा परिणत भयो ।

२. पहिलो चरणका लोकप्रिय वेवसाइट परदेशडटकम, मनतरङ्गडटकम र सुस्केराडटकम बन्द भएको कारण विशुद्ध साहित्यको जेठो वेबसाइट इपत्रडटकम हो । यो सन् २००३ बाट सुरूभएको थियो ।

३. अनलाइन नेपाली साहित्य मञ्चले सञ्चालन गरेको नेपालीलिटरेचरडटकमको वि.स. २०६२ भाद्र ७ गते उद्घाटन भएको थियो र अहिलेसम्म निरन्तर चलिरहेको साहित्यको ठूलो भण्डार तथा लोकप्रिय विशुद्ध साहित्यिक वेबसाइट हो ।

४. नेपालीले सञ्चालन गरेको पहिलो वेबसाइट दनेपालडाइजेष्टडटअर्ग हो र सन् १९९८ बाट सुरूभएको थियो ।

५. नेपालीभाषाको पहिलो वेबसाइट नेपालीपोष्टडटकम हो । यसको शुरूवात सन् २००१ को सेप्टेम्बरबाट भएको थियो ।

६. अनलाइन नेपाली साहित्य मञ्चले आयोजना गरेको 'अनलाइन विश्व वेभक्याम कविता प्रतियोगिता २०६४' नै अन्लाइनमा सञ्चालित पहिलो नेपाली साहित्यको प्रतियोगिता हो ।

**७. अनलाइनमा कुनकुन प्रतियोगिताहरू भए ?**

(क) विश्व वेभक्याम कविता प्रतियोगिता २०६४, अनलाइन् नेपाली साहित्य मञ्च, प्रथम पुरस्कार रू ५ हजार नगद

(ख) विश्व वेभक्याम कविता प्रतियोगिता २०६५, अनलाइन् नेपाली साहित्य मञ्च, प्रथम पुरस्कार रू १० हजार नगद

(ग) विश्वव्यापी रेडियो गजल प्रतियोगिता २०६६, प्रवासी नेपाली साहित्य समाज, प्रथम पुरस्कार रू २० हजार नगद

(घ) विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८, विश्व नेपाली साहित्य महासङ्घ, प्रथम पुरस्कार रू २० हजार नगद ।

(ङ) विश्वब्यापी अनलाईन कविता प्रतियोगिता सन् २०१०, सिर्जनाडटकम, प्रथम पुरस्कार रू २५ हजार

(च) विश्वव्यापी नेपाली देशभक्ति गीत प्रतियोगिता सन् २०१३, इजरायलका स्रष्टाहरूबाट, परिणाम आउन बाँकी

**केही महत्वपूर्ण साहित्यिक वेवसाइटहरू**

www.nepaliliterature.com
www.sahityasangalo.com
www.shrijana.com
www.samakalinsahitya.com
www.nepalikalasahitya.com
www.kalasahitya.com
www.pandulipibooks.com
www.pustakalaya.org
www.pallawa.com.np
www.freenepal.com
www.majheri.com
www.khasskhass.com
www.nai.com.np
www.aswikrit.com
www.srasta.blogspot.com
www.laghukathaa.wordpress.com
www.aksharcreations.com
www.pravasi.com.np
www.gfnl.org
www.inls.org
www.nepaliradio.org
www.sunnuhos.com
www.alopalo.com
www.nepalipost.com
www.nepalacademy.org.np

सूचना प्रविधि अन्तगर्तको इन्टरनेटको तीब्रत्तर विकासलाई हेर्दा नेपाली साहित्यको लागि नयाँ तरिकाले केही गर्न सकिन्छ कि भनेर प्रत्येक दिन सम्भावनाहरु खोज्नुपर्ने अवस्था आएको छ । नयाँ जमानालाई पछ्याउनको लागि नयाँनयाँ चीज-बस्तुहरूको पनि प्रयोग गर्नुपर्ने आवश्यक देखिन्छ । सूचना प्रविधिको सिद्धान्ततः प्रत्येक ५ वर्षमा ठूलो परिवर्तन हुन्छ भन्ने मान्यता राख्नुपर्दछ । सैले त्यस्ता वर्षहरु निरन्तर आउनेछन् । सुधार, विकास र परिवर्तनहरु निरन्तर रहनेमा विश्वस्त हुँदै आफू स्वयम्लाई पनि तयारी गर्नुपर्ने हुन्छ ।

विश्वव्यापी खुल्ला अडियो कविता प्रतियोगिता २०६८ को पुरस्कार वितरण समारोहमा प्राज्ञ कुलपति बैरागी काइँला र प्राज्ञ सदस्य डा. वेन्जु शर्माले देशविदेशका सबै स्रष्टाहरूलाई समेट्नको लागि नेपाल प्रज्ञा प्रतिष्ठानले पनि साहित्यिक प्रतियोगिताहरु गर्दा अनलाइन माध्ययमा गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । अन्ततः प्रज्ञा प्रतिष्ठान पनि आफ्नो वेबसाइट, इमेल र फेसबुक सम्म अघिबढिसकेको छ । त्यस्तैगरी साझा प्रकाशन लगायतका साहित्य संग सम्बन्धित निकायहरु पनि नेपाली साहित्यको लागि इन्टरनेट प्रयोग गर्न सक्षम भईसकेकोले आगामी दिनमा अझ धेरै प्रगति हुनेमा आस गर्न सकिन्छ । यसरी नयाँ प्रविधिले स्वागत गरिसकेको अवस्थामा किमार्थ हामी ओभानो बस्नु हुँदैन ।

अन्तमा, केही समयअघिसम्म काठमाडौंलाई साहित्यको केन्द्र मानिन्थ्यो । तर प्रविधिको विकास र समयको परिवर्तनसँगै अब बहुकेन्द्रित साहित्य निर्माण भइसकेको छ । अब साहित्यकार बन्नको लागि मञ्च धाउनु पर्दैन, काठमाडौं सम्झनु पर्दैन; सिर्फ उत्कृष्ट सिर्जना गर्न सक्नेभए पुग्छ । यसका लागि प्रविधिलाई सदुपयोग गर्न सकौं । बस तपाइँको कृतिको प्रभावसँगै सर्म्पक र सहयोगको हातहरु बढ्नेछन् । तब कृति प्रकाशनको लागि हिजो जसरी खेती बेच्नु पर्दैन । यसरी समयलाई चिनौं र प्रविधि सँगसँगै अघि बढौं ।

जय नेपाली साहित्य ! ●

*biswasdip@ymail.com*
*ब्रुनाई, ३० जनवरी २०१३*
*लेखकः गैर आवासीय नेपाली संघ, केन्द्रीय समिति साहित्य कार्यदलका सदस्य हुन् ।*

# सहमति र गतिरोधको बाधक

# एकात्मकवाद

**'हामीले चुनावबाट पहिचान पाउन सक्दैनौं । संघीयता पाउन सक्दैनौं । संविधान सभाको पुनर्स्थापना पनि आन्दोलनको बलले मात्र हुनसक्छ । तबमात्र पहिचान र संघीयता सम्भव छ ।'**



**चन्द्रसिङ चेम्जोङ**

नेपालको राजनीतिमा सबैभन्दा धेरै उच्चारण हुने ध्वनी हो- सहमति र गतिरोध । नेपालको सार्वभौमिकतामाथि सहमति र गतिरोधले नै प्रमुख भूमिका खेलिरहेको छ । २०६२ र ०६३ को जनआन्दोलनको मर्म र जनचाहनाको औचित्यलाई कुठाराघात गर्दै तीन शीर्ष भनाउँदा दलहरुको नाटकको पात्र बनिरहेका छौं- नेपाली जनताहरु ।

अहिले नेपाली राजनैतिक सङ्कटले नेपाल राष्ट्र नै सङ्कटमा परिरहेको छ । अहिलेको वर्तमान राजनैतिक सङ्कटले मात्र नेपाल यो अवस्थामा पुगेको अवश्य होइन । यसबारे, सबै जानकार सर्वसाधारणलाई समेत छर्लङ्ग अवगत छ । यसमा नेपालका उत्पीडित, उपेक्षित आदिवासी जनजाति, दलित मुस्लिमहरूलाई साँक्षीको रूपमा लिन सकिन्छ । हरेक चेतनलशील प्राणी या अर्धचेतनशील प्राणीलाई समेत थाहा हुने कुरा हो- उत्पीडन र उपेक्षा । एउटा जनावर गोरू वा राँगालाई समेत थाहा हुन्छ- "मलाई मानिसले कुट्छन् र नै हलो तान्नु पर्छ; मलाई नाक छेडेर एताउता बल गरेमा दुख्ने बनाएका छन् ।"

नेपालको इतिहासमा जित्नेको मात्र इतिहास बन्छ, हार्नेको इतिहास हुँदैन । मत्लव गोरू चुट्नेको मात्र सत्य हुने । चुटाई खानेको पीडा भने कसैले नसुन्ने प्रवृतिले जरो गाडेको छ । दशौंवर्ष माओवादीले जनयुद्ध गर्‍यो । त्यसले पनि हजारौं सर्वसाधारणको रगत र वलिदान पचायो । तर, खास केही उपलव्धी हासिल गर्न सकेको छैन । एमालेले दशकौंसम्म वर्गीय शोषण र उत्पीडनको कुरा गर्‍यो । अन्ततः ऊ लफ्फावाजीमै सिमित हुनपुग्यो । नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद फेद न टुप्पोको सामन्त र दक्षिणपन्थीहरूको सेवा मै लङ्गडो बन्यो । त्यसमा कहाँ त्रुटि भयो ? के कुरामा ध्रुवीकरण भयो ? सम्झौता र सहमति किन कार्यान्वयन हुन सक्दैन ? गतिरोधको गाँठो कहाँनेर अवरोध हुनपुग्यो ? यिनीहरूको खोजी गर्नु हरेक नेपाली नागरिकको व्यक्तिगत अधिकार हो ।

हालसम्म भएका आन्दोलन, घट्ना परिघट्नाहरुको लम्बेतन इतिहास कोट्याइरहनु आवश्यक छैन । हामी सबैमा जगजाहेर छ । खास कुरा केमा अड्किरहेको छ त भन्दा चारवर्षे संविधान सभादेखि अहिलेसम्म सहमति र गतिरोधबारे समीक्षा गरौं । ६०१ सेता हात्तीहरु र तीन काला हात्तीहरूले संविधान सभा विघटनसम्म गर्न भ्याए र सेता हात्ती नै नभएको प्रमाणित गरे । देश अन्तरिम संविधानले चलिरहेको छ । नेपाली जनताहरु मनोमानी ढङ्गले चलिरहेका छन् । विज्ञ भनाउँदा कागहरु जहिल्यै पाहुना बोलाउने सङ्केत गरिरहेका छन् । तर, नेपालमा कोही पाहुनाहरूको आवश्यकता पनि छैन । कसैले चाहेका पनि होइनन् । कालान्तारमा, संविधान सभाको म्याद पटक-पटक थपिँदै भएपनि नेपाली नागरिकहरु संविधानबाटै सम्मानित हुन चाहन्थे । तर, राज्यसत्ता सञ्चालनमा हालीमुहाली गरेर बस्नेहरूबीच अहङ्कारवादी एकात्मकवादको सोचको विकास हुँदै जानाले आदिवासी जनजाति, उत्पीडित, दलित तथा मुस्लिमहरूले अपमानित हुने आशङ्का गर्नथाले । त्यसैको प्रतिफलस्वरूप स्वतःस्फुर्त आन्दोलनहरु उठ्न थाले । नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गर्न आनाकानी भइरहेको बेला मधेश आन्दोलन र लिम्बुवानी आन्दोलनको हुरीले मात्र त्यो सम्भव भएको कसैले नकार्न सक्दैन । तत्पश्चात, मात्र सबै कुरामा समान हक-अधिकार र समानुपातिक समावेशी अधिकारहरूको लेखाङ्कन भएको तितो सत्य हामीमाझ ताजै छ ।

यसरी, उत्पीडित समुदायले आन्दोलन उठाउनु पर्ने बाध्यता सिर्जना भयो । वाध्यताको कसीमा राज्यपक्षले विखण्डनकारी, जातिवादी भन्दै लाञ्छनाहरु लगाउन थाल्यो । त्यही लाञ्छनाहरुको जगमा उभिएर पहिचानको ठाडो (पाट्रेट) लडाइँ चुलिदै गयो । त्यतिबेला जुन थात्थलो खुलेकाहरूको परिचय दिलाउन वा गराउनको लागि पहिचानको मात्र कुरा उठेको हो । त्यसले कुनै जातिलाई धपाउनु पर्छ भन्ने कुरा थिएन । त्यो पनि राज्यलाई पचेन । वर्गीय विभेद्को अन्त्य गरी समाजवाद र साम्यवादको नारा जप्नेहरूले समेत कुनै जात नै एउटा वर्ग हो भन्ने कुरा बिर्सन पुगे । सिद्धान्तमा एउटा वर्गले व्यावहारमा वर्गीय दरिद्रता देखाउनु आफैमा उपयुक्त हुँदैन । सच्चा कम्युनिष्ट हुँ भन्ने एमालेहरूले क. पुष्पलाल श्रेष्ठको "साम्राज्यवाद र सामन्तवादको विरूद्धमा इलाकीय र स्थानीय सरकारको स्थापना गर्ने कार्यक्रम" कम्युनिष्ट पार्टीको पहिलो प्लेनममा यस्तो प्रस्ताव पारित गरेका थिए । "सबै जातिलाई

आत्मनिर्णयको अधिकार दिने । नेपालमा बस्ने सबै जातिहरूको आपस्तको फाइदाको निम्ति कर, बल र छलले होइन, सबैको मनोमानी राजीखुशीले एउटा साझा राज्य, नयाँ जनवादी राज्यको स्थापना गर्ने" भनेर आठौं बुँदामा पारित गरेका थिए । तर एमालेमा कतै त्यसको छनकसमेत पाइएन । मनोमानी राजीखुशीले होइन दल विशेषले दिने कुरामा अडिन पुग्यो । त्यहीबाट सुरूभयो– दल विशेषको होइन; पहिचानमुखी र पहिचान विरोधीको दुई कित्ता बीच ध्रुवीकरण हुनपुग्यो ।

राज्यसत्तामा हालीमुहाली गरेर बस्नेहरु पहिचानको विरोध गर्ने र नेपाली नागरिक भएर पनि अनागरिकजस्तो भएर बसेकाहरूले आफ्नो परिचय, पहिचान नछाड्ने । यही नै प्रमुख गतिरोध हो । सहमतिको विन्दुमा पुग्ने प्रमुख गाँठो पनि यही नै हो । यसको नजीर संविधान सभा पुनर्स्थापना होस् या निर्वाचन; यो उत्पीडित जातजातिले उठाइरहने र प्राप्ति नहुञ्जेलसम्म आन्दोलन गरिरहने हो । विरोध गर्ने, आन्दोलन गर्ने भनेको सेतोले कालोलाई हो, कालोले कालोलाई होइन । कालो त त्यसैमा मिसिन्छ । नेपालमा त कालोले कालोलाई विरोध गर्ने, निषेध गर्ने परिपाटी पनि चलेको अनौठो दृष्यहरु पनि देखियो । जब जब संविधान सभाको अन्तिम मिति आइपुग्थ्यो तबतब अखण्ड सुदुर पश्चिमको आन्दोलनहरु सर्पको टाउको झैँ ठुँग्न उठे । ब्राह्मण, क्षेत्री, दशनामी लगायत कही नभएका पार्टीहरु पनि सडकमा देखा पर्न थाले । ब्राह्मण-क्षेत्रीहरु समेत संयुक्त राष्ट्र संघ, आई.एल.ओ. या कुनै विद्वानहरूले प्रमाणित नगरेको, सम्बोधन नै नगरेको आदिवासी जनजातिमा दर्ज हुन पुगे । त्यो हाँस्यास्पद दृष्य थियो । जगत हसाउने कुरा भयो । कुनै पनि चिजलाई ठोकुवा गरेर सर्वमान्य, सर्वस्वीकार्य चिजमात्र 'नाम' वा जात (जाति) हुन्छ भन्ने कुरा पनि नेपाली नेताहरूलाई थाहा छैन भने समानता र आत्मसम्मान कहाँ छ ? त्यसको कुनै जाति जनजातिले विरोध गरेका थिएनन् । त्यतिले मात्र भएन महिनौंसम्म सुदुर पश्चिम बन्द गरे । त्यहाँका आदिवासी थारूहरूको सम्मानमा चोट पुऱ्याए । झडपको वा जातीय दङ्गाको संघारमा नेपालले टेकिसकेको थियो । भलै, त्यो हुन भएन । त्यो सम्भावना मध्यपश्चिम छिचोल्न खोज्दै थियो । तर, सम्भावना क्षीण भएपछि पूर्व टेक्न सकेन । तैपनि नवलपरासीमा थारु सङ्ग्रहालय जलाउन भ्याए । यसमा आदिवासी थारूहरूले संयमता अपनाए । त्यही संयमताका कारण अखण्ड पूर्वको प्रवेशमा रोक लाग्यो । तर अखण्ड पूर्वलाई लिम्बुवानी जनताहरूले पक्कै लोप्पा खुवाउने या त मृत्युवरण गर्न तयार भइसकेका थिए ।

यस्ता आन्दोलनहरु कुनै जातिवादी नभई क्षेत्रीय आन्दोलनहरु हुन् । खासगरी, एमाले–कांग्रेसहरूको लाचारीपन ठूलो अवरोधको रूपमा देखा पर्नाले नै यसो भएको हो । एउटा जातिको पहिचान नस्वीकार्दा त्यसको परिणामहरु भयानक बन्दै जानु कुनै अनौंठो होइन । त्यसका असरको रूपमा पार्टी/दल परित्यागहरु नै पहिलो नमूना हुन । एमाले कांग्रेसमा चारदशक काम गरेका सहपाठीहरूले दल त्यागगर्नु मामुली कुरा भने पक्कै होइन । त्यसको पूर्ण असर हेर्न त बाँकी छ । एमाले-कांग्रेसका कारण संविधान बनेन । तिनीहरूकै कारण अझै देश द्वन्द्वको अवस्थामा जाने परिदृष्य नेपाली जनताहरु माझ स्फटिकको खम्बा भएर उभिएको छ । त्यो निर्वाचन नै किन नहोस्; दुर्घटना अवश्यम्भावी छ । त्यसको ज्वलन्त उदाहरण जेष्ठ ३ गते ब्राह्मण, क्षेत्री समाजले नेपाल बन्दको आह्वान गर्दा काठमाडौंको कोटेश्वरमा दुईजना आदिवासी सभासदहरूले निर्घात कुटाई खानु परेको छ । "जातीय संघीयता मलाई" लेखेर कुकुरको घाँटीमा झुण्ड्याइएको दृश्यहरु देखिएका थिए । त्यसलाई प्रतिशोधको रूपमा आदिवासी जनजातिले लिएको भए कस्तो अवस्था हुन्थ्यो ? परिकल्पना गरेर हेर्नुपर्छ । तर, त्यसलाई प्रतिशोधको रूपमा लिएनन् । बरू, मिडियाहरूले त्यसलाई एकात्मक रूपमा नेपालमा हामी बाहेक कोही छैनन् भने झैं आदिवासी जनजातिलाई प्रहार गर्दै प्रसारण गरिरह्यो । त्यसले अझ आदिवासी जनजाति, उत्पीडित, दलित, मुस्लिम, महिलाहरु अझ जागरूक भए । साँच्चै, संविधानले हामीलाई अधिकार दिँदैन भन्ने निन्क्यौलमा पुगे । झनै सशङ्कित हुँदै जेष्ठको ७, ८, ९ गते नेपाल महाबन्दको आह्वान गरे । त्यतिबेला उनीहरूले प्रतिशोधको रूपमा लिएको भए कैयौं स्थानहरूमा रक्तपात तथा भागमभागको अवस्था सिर्जना हुन्थ्यो । तर त्यो हुन पाएन । बरू एकात्मक मिडियाहरूमाथि भने जनजातिहरु खनिन पुगे । राष्ट्रिय मिडिया भनाउँदाहरूले सत्यतथ्य कुरा प्रसारण गर्न नचाहनु नै प्रमुख दोषी हो । उनीहरु खाली सत्ता र एकात्मकवादको पृष्ठपोषण गर्दै आदिवासी जनजाति, उत्पीडित, उपेक्षित, दलित मुस्लिमहरूको आत्मामा चोट पुग्यो । तैपनि, आदिवासी जनजातिको माग पूरा हुने सम्भावना छैन । एकात्मकवादीहरु एउटा पुस गयो भनेर आनन्दमा बसेका छन् ।

> **'एमाले-कांग्रेस परित्याग गर्नेहरूलाई हात्तीको शरीरको धुलो भनेर सङ्केत गर्नेहरू हजारौं वर्ष पहिचान सहितको संघीयताको विरूद्धमा लाग्ने शङ्खघोष गरिरहेका छन् । यदि त्यो त्यसलाई गलत सावित गर्ने हो भने सम्पूर्ण संघीयवादी र पहिचानवादीहरूले यसैबेला आन्दोलन उरालेर त्यो वाक्यलाई परास्त गरी सत्ता र कुर्सीमा पुग्दैमा जनताको चाहनालाई लोप्पा खुवाउनेहरूको हविगत सद्धाम हुसेन तथा मुअम्मर गद्धाफीको स्वाद चखाउन सक्नुपर्दछ ।'**


उनीहरूलाई खबरदारी स्वरूपको आन्दोलन पुगेन । यति बुझ्दा बुझ्दै पनि आदिवासी जनजातिहरूको आन्दोलन धराशयी होला भन्ने आम जनताहरूलाई छ । हाल आएर विभिन्न पार्टी खोल्दै बहकिने प्रवृत्तिले अझै आदिवासीले बर्षौं कुर्नुपर्ने हो कि भन्ने आशङ्का उब्जेको छ ।

पहिचान र संघीयवादीहरूले जेष्ठ ७, ८ र ९ को जस्तो आन्दोलन मात्र १५ दिन गरेको भए संविधान सभा पनि ढल्ने थिएन र आदिवासी जानजाति तथा संघीयवादीहरूको माग अवश्य पूरा गर्न बाध्य पार्न सकिन्थ्यो । तर, आदिवासी नेताहरु पनि विक्षिप्त हुन थाले । यसको फाइदा कसलाई पुगिरहेको छ भन्ने कुरा प्रष्ट हुँदैछ । एउटा लिम्बू भाषाको मिथकको सार के छ भने "दाजुभाइ बीच सानो जग्गा विवादमा काटाकाट गर्ने गरेको इतिहास छ । र त लिम्बूहरूलाई सडकमा उतार ।" यसलाई आधार मान्ने हो भने आदिवासी जनजाति आन्दोलन अझै पुगेको छैन । अब आदिवासी जनजातिले कहिल्यै जित्ने छैन- यदि यसैगरी मानसिक विक्षिप्त हुने हो भने । आदिवासी जनजाति तथा उत्पीडित, दलित, मुस्लिम लगायतले अधिकार पाउने छैन । आन्दोलनले मात्र पराजित गर्दछ । हामी किन डराउँछौं आन्दोलन गर्नलाई ? आन्दोलनले नै नेता जन्माउँदछ, शहीदले नै अधिकारको बाटो देखाउँछ । यसर्थ, शहिद हुन पनि डराउनु हुँदैन । आफ्नो अधिकार प्राप्तिको लागि मार्गदर्शनको पथप्रदर्शक नै शहीद हो ।

हामीले चुनावबाट पहिचान पाउन सक्दैनौं । संघीयता पाउन सक्दैनौं । संविधान सभाको पुनर्स्थापना पनि आन्दोलनको बलले मात्र हुनसक्छ । तबमात्र पहिचान र संघीयता सम्भव छ । एमाले-कांग्रेस परित्याग गर्नेहरूलाई हात्तीको शरीरको धुलो भनेर सङ्केत गर्नेहरु हजारौं वर्ष पहिचान सहितको संघीयताको विरूद्धमा लाग्ने शङ्खघोष गरिरहेका छन् । यदि त्यो त्यसलाई गलत सावित गर्ने हो भने सम्पूर्ण संघीयवादी र पहिचानवादीहरूले यसैबेला आन्दोलन उरालेर त्यो वाक्यलाई परास्त गरी सत्ता र कुर्सीमा पुग्दैमा जनताको चाहनालाई लोप्पा खुवाउनेहरूको हविगत सद्धाम हुसेन तथा मुअम्मर गद्धाफीको स्वाद चखाउन सक्नुपर्दछ । त्यही पदचापको निमन्त्रणा भइरहेको छ । गफमा सहमति त्यही सहमतिमा गतिरोधको अन्त्य बोलीमा मात्र भइरहेको अवस्था छ । वास्तवमा, जहाँका बासिन्दा, उनीहरूको सम्मानस्वरूप पहिचान सहितको संघीयता, संघीयता सहितको संविधानविना हाम्रो देश नेपालले निकास पाउन सक्दैन । अधिकार मागेर पाईंदैन खोसेर लिनुपर्छ भन्ने सिद्धान्तबाट दीक्षित राजनैतिक पण्डितहरूले बुझ्दा फरक नपर्ला । कि त निर्वाचन या त संविधान सभाको पुनर्स्थापना हुनुपर्दछ । तबमात्र सहमति र गतिरोध वास्तविक अन्त्य हुन्छ ।

Email : chemjong72@yahoo.com

*(लेखक चेम्जोङको "को के हो ? आदिवासी जनजाति" भन्ने पुस्तकका लेखक हुन् । -सं.)*




लिम्बुवान आन्दोलनको
सम्पूर्ण गतिविधि सम्प्रेषित
**साझा लिम्बुवान**
खोजी खोजी पढौं ।

साथै लेख रचना र समाचारहरू पठाउनको लागि
**पत्राचार ठेगाना :**
**साझा लिम्बुवान**
दमक-१३ (लिम्बुवान कार्यालय) झापा लिम्बुवान
मोवाइल : ९७४२६१००२७
इमेल : sajha.weekly@gmail.com

# कृषि व्यवसाय जोखिममा पर्नुको कारण र विकल्प



शिशिर निङ्लेकू

**नेपालको कृषि व्यवसायमा देखिएका तमाम् समस्याहरूको जरा मुलुकमा सदियौंदेखि चलेको एकात्मक शासन व्यवस्था र केन्द्रीकृत राज्य संरचना पनि हो। यो संरचनालाई भत्काएर संघीय शासन प्रणाली अन्तर्गत विभिन्न स्वायत्त राज्यहरूको व्यवस्था गरी सो ठाउँमा त्यही नै नीति निर्माण र कार्यान्वयन गर्ने आधार बनाउन सके यसको स्थायी समाधान हुनेछ।**

**पृष्ठभूमि**

नेपाल कृषिप्रधान देश हो । पछिल्ला तथ्याङ्क अनुसार कुल जन सङ्ख्याको ७५ प्रतिशत जनता कृषि पेशामा आश्रित छन् । कृषि अन्तर्गत खेती, पशुपालन, फलफूल तथा तरकारी खेती, मौरीपालन जस्ता कार्यहरु पर्दछन् । नेपाली अर्थतन्त्रमा कृषि क्षेत्रले फराकिलो ठाउँ ओगटेको छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३० प्रतिशतभन्दा बढी छ । नेपालमा प्रायः धेरै मानिसहरु कुनै न कुनै रूपमा कृषि व्यावसायसँग सम्बद्ध रहेकाछन् । नेपालको सर्न्दभमा कृषि विकास भन्नु नै मानिसको आर्थिक तथा सामाजिक विकास हो ।

नेपालमा विशेषगरी, हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजित भौगोलिक बनावटहरु छन् । पहाडी क्षेत्रमा कृषि पेशा अर्न्तगत धान, मकै, कोदो, जौं लगायत सिमित अन्नबाली उत्पादन गर्नलाईमात्र मूलरूपमा लिने गरेको पाइन्छ । पशुपालन, तरकारी खेती, फलफूल खेती, नगदेबाली लगायतका कृषिजन्य खेतीहरु यसक्षेत्रमा सहायक खेतीको रूपमामात्र लिने गरिन्छ । यस लेखको अध्ययन ती कृषि योग्य ठाउँहरूको हो- जुन ठाउँका अधिकांश जनता परम्परागत खेती धान, मकै, जौं लगायत सिमित अन्नबाली उत्पादनगर्नमा मात्र निर्भर रहेकाछन् । आधुनिक कृषि बीउवीजन र कृषि तालिमको सहज उपलब्धताको पहुँच नभएका तेह्रथुम, पान्थर, ताप्लिजोङ, भोजपुर लगायतका नेपालको मध्यपहाडी जिल्लाहरूको प्रसङ्गमा यो लेख सन्दर्भ केन्द्रित रहेकोछ । २०५५/०५६ साल यता पहाडी क्षेत्रमा कृषि उत्पादनमा लगातार ह्रास आएको कृषि विशेषज्ञहरू बताइरहेका छन् । यही क्रमले कृषि उत्पादनमा ह्रास हुँदैजाने र सरकार तथा सम्बन्धित निकायले आवश्यक पहल नगरे कृषि पेशा पूरै जोखिममा पर्ने सम्भावना छ ।

परम्परागत कृषि व्यवसायबाट साधारण परिवार चलाउन पनि पहाडी भेगका किसानहरूलाई हम्मे हम्मे परेको छ । समग्रमा नेपालको मध्यपहाडी जिल्लाहरूमा तपशीलका कारणले परम्परागत कृषि पेशा उच्च जोखिममा परेको देखिन्छ । साथमा, यहाँ वैकल्पिक उपायहरू पनि सुझाउने प्रयत्न गरिएको छ ।

**१. पानीको मुहान सुक्नु**

पहाडी भेगतिर पछिल्लो समयमा पानीका मुहानहरु सुकेर जानेक्रम अत्यधिक बढेको छ । यसबाट कृषिपेशामा आबद्ध जनतामा प्रत्यक्ष असर पर्न गएको छ । कृषि पेशाको मेरूदण्डको रूपमा काम गर्ने पानीका मुहान सालैपिच्छे सुक्दैजानाले यसक्षेत्रको मानिसका दैनिक जीवीकोपार्जनमा र उनीहरूले गर्दैआएका परम्परागत कृषि पेशासमेत जोखिममा परेकोछ । नेपाल सरकार, स्थानीय पहुँच र विभिन्न संघसंस्थाको पहलकदमीमा घरघरमा खानेपानी वितरण गरिनु; सरकारको फितलो नीति तथा जनचेतनाका कमी; वन विनास दिनप्रतिदिन बढ्दै जानु; पछिल्लो समयम वर्षा कम हुनु र खण्डवृष्टिजस्ता कारणले पानीका मुहान सुक्नेक्रमले तीब्रता पाएको देखिन्छ ।

**२. खेतीयोग्य जमिन बाँझिनु**

बदलिँदो जीवनशैली, विश्वव्यापीकरणको प्रभाव र सजिलै अवसरहरूको खोजी लगायतका कारणहरूले पहाडी क्षेत्रका अधिकांश खेतीयोग्य जमिन बाँजिन पुगेको छ । राम्रै कृषिबाली उत्पादन हुने खेत बाँझो राखेर महँगो पैसा खर्चेर चामल किन्नु परेको छ । रोजगारीका लागि लाखौं युवाशक्ति विदेश पलायन हुन बाध्य छन् । गाउँबाट बजार, पहाडबाट तराई, तराईबाट विराटनगर, काठमाण्डौं र पोखराजस्ता ठूला शहरमा बसाईं सराई बढेको छ । तुलनातमक रूपमा दैनिक उपभोग्यका वस्तु खाद्यान्न लगायतका चिजविजहरू पहिले भन्दा अहिले छिटो र सजिलै उपलब्ध छन् । यी आदि कारणले गर्दा पहाडका जमिनहरू बाँझिएका छन् ।

**३. उत्पादनमा ह्रास**

पहाडी क्षेत्रमा धान, मकै, जौ लगायतका कृषिजन्य बालीको उत्पादनमा पूरै ह्रास आएको छ । पहिला दशौं मुरी फल्ने जमिनमा अहिले पाँच/छ मुरी फलाइमा चित्त बुझाउन बाध्य छन् । घट्दो उत्पादनले गर्दा यसक्षेत्रमा परम्परागत कृषि पेशा जोखिममा परेको छ । एक दशक अघिको तुलनामा अहिले झण्डै आधामात्र उत्पादन हुन्छ । पहाडी भू-धरातल भएकाले साना

पुँजीबाट कुलो निकाल्न कठिनाई हुने कारणले सिंचाईको अभाव छ । वर्षेनी माटो क्षय भइरहेको छ । पहाडी भूभाग दूर्गम क्षेत्र भएकाले आधुनिक खेती प्रणालीबारे जानकारी कम छ । युवा पुस्तामा कृषि पेशाको आकर्षण घट्दो छ । शहरीया जीवनशैलीको सिको गर्नु कृषि उतपादन ह्रास हुनुका प्रमुख कारण हन् ।

**४. कमजोर सरकारी पहुँच**

आधुनिक बीउ, मल, तालिम तथा परामर्श लगायतका कृषिसँग सम्बद्ध सेवाहरू सरकारले सहजरूपमा प्रदान गर्न सकेको छैन । यसले गर्दा पहाडी भेगमा पुरानो शैलीमा कृषि कर्म गर्नुपरेको छ । यसकारण पनि कृषि पेशा जोखिममा परेको छ । सालैपिच्छे कृषिमल नपाउँदा अनेक सास्ती भोग्नु परेको छ । पहाड तथा दूर्गम भेगका बारे नेपाल सरकारको ठोस नीति र कार्यक्रम छैन । प्रर्याप्त पुँजीको अभाव र भौगोलिक विकटताका कारण यस क्षेत्रका मानिसले गर्दै आएको कृषि पेशा उच्च जोखिममा परेको छ । मुलुकमा विद्यमान केन्द्रीकृत शासनप्रणाली र एकात्मक चिन्तन कृषि पेशा जोखिममा पर्नुको अर्को कारण हो । नेपालमा अहिलेसम्म ३४ औं प्रधानमन्त्रीहरू भइसक्दा पनि उनीहरूले शहरकेन्द्रित विकासलाई मात्र बढी जोड दिएका छन् । वर्गीय र सर्वहारा नेता डा. बाबुराम भट्टराई समेत शहरकेन्द्रित विकासमात्र गर्न उद्यत देखिए । काठमाडौंमा ठूलो पुँजी खर्चेर रोड फराकिला बनाई छाड्ने कसम खान पछि नपरेका नेताले ग्रामीण भेगका बहुसङ्ख्यक किसानलाई बिर्सेका छन् ।

**५. कृषि वजारको अभाव**

पहाडी क्षेत्रका कृषकले उत्पादन गरेका अधिकांश कृषिजन्य चिजहरु बजारका अभावका कारण खेर गइरहेका छन् । त्यस क्षेत्रमा उत्पादित धान, चामल, तरकारी फलफूल लगायतका सामान बिक्री गर्न नपाउँदा स्थानीय किसान मार्कामा परेका छन् । आफूले वर्षदिन लगाएर उत्पादन गरेका वस्तु तेसै खेर जाँदा कृषि पेशामाथि नै दिग्दार लागेर आउने अवस्था पनि छ । मौसम अनुसार उत्पादित बस्तु बेच्न नपाउनु र भण्डारण गर्ने सुविधा नहुँदा ग्रामीण क्षेत्रमा कृषि पेशाले सङ्कटको अवस्था व्यहोरेको छ ।

**६. युवा जनशक्तिको पलायन**

हरेक साल लाखौं युवा रोजगारको सिलसिलामा विदेशिनाले पहाडी क्षेत्रमा कृषि पेशा जोखिममा परेको छ । पहाडी भेगमा कृषि व्यवसाय गर्न युवा शक्तिको आवश्यकता पर्दछ । युवा जमात विदेश पलायन हुनाले गाउँमा अहिले कृषि कार्य जनशक्तिको अभाव छ । हिजो आज गाउँघर सुनसानजसो छन् । गाउँघरमा बुढापाका बाआमा, महिला दिदी बहिनी र स-साना वालबच्चा मात्र देखिन्छन् । गाउँमा युवाशक्ति नहुँदा मर्दापर्दा समेत गाह्रो साह्रो परिरहेको छ । मुलुकमा बढ्दो बेरोजगारी समस्या, नेपाल र विदेशमा तलबमान फरक हुनु; राजनीतीक अस्थिरता रहनु र बढ्दो महँगी लगायतका कारण युवाजनशक्ति पलायनदर बढेको बढेकै छ ।

**७. आधुनिक कृषि बीउवीजनको अभाव**

मध्य पहाडी भेगमा यातायाता, सञ्चार तथा सरकारी पंहुच कम पुग्ने भएकाले यसक्षेत्रमा कृषि सम्बन्धि आधुनिक विउवीजनको मात्रा कम पुग्ने गर्छ जसले गर्दा कृषि पेशा माथिनै दीग्दारी बढेको छ ।

समयसाल र वातावरणीय परिवेश परिवर्तन भयो तर पुराना बीउवीजनको विकल्प दिन नसक्दा कृषि उत्पादनमा फराकिलो असर परेको छ । नेपाल सरकार र सम्बन्धित निकायले हावापानी सुहाउदो बीउवीजन सम्बन्धि आवश्यक अध्ययन अनुसन्धान नगर्दा परम्परागत कृषि पेशा बढि जोखिममा परेको बताउछन् जानकारहरु ।

**नेपालमा अहिलेसम्म ३४ औं प्रधानमन्त्रीहरू भइसक्दा पनि उनीहरूले शहरकेन्द्रित विकासलाई मात्र बढी जोड दिएका छन् । वर्गीय र सर्वहारा डा. नेता बाबुराम भट्टराई समेत शहरकेन्द्रित विकासमात्र गर्न उद्यत देखिए । काठमाडौंमा ठूलो पुँजी खर्चेर रोड फराकिला बनाई छाड्ने कसम खान पछि नपरेका नेताले ग्रामीण भेगका बहुसङ्ख्यक किसानलाई बिर्सेका छन् ।**

**८. परम्परागत कृषि शैली**

पहाडी क्षेत्रमा खेती किसान गर्ने प्रक्रिया, विधि र शैली पुरानो तथा श्रमप्रदत्त भएको कारण कृषि पेशा जोखिममा परेको छ । अत्यधिक श्रम लाग्ने, लामो प्रक्रिया र झन्झटिला क्रियाकलापद्वारा किसानले काम गर्नुपर्ने बाध्यता भएकाले पनि कृषि पेशामाथि निराशा छाएको छ । यसक्षेत्रमा कृषि पेशाका लागि अत्यधिक युवाशक्ति आवश्यक पर्ने तर पसिना बगाएअनुसार कृषि उत्पादन नहुँदा कृषि पेशामाथि थप जोखिम थोपरिएको हो ।

वातावरणीय परिवर्तनसँगै पहाडीभेगमा हिजोको तुलनामा अहिले विकासका आधारभुत तत्वहरूमा परिवर्तन भएको छ । विकासका आधारभुत तत्व बलियो बन्दै जाँदा नयाँ नयाँ पेशाको सम्भावना बढेर गएको छ । यी क्षेत्रमा ग्रामीण सडक, लघु जलविद्युत तथा केन्द्रीय बिजुली बत्ती, आम जनचेतना, बलियो सञ्चारको पहुँच, यातायात विस्तार, आङ्शिक बजार विस्तार, दक्ष जनशक्तिको सहज आपुर्ति, कच्चा पदार्थको उपलब्धता लगायतका आधारगत तत्वहरूमा सकारात्मक परिवर्तन भएकाले खेतीमा (धान, मकै, जौ) केन्द्रित् परम्परागत कृषि पेशालाई निम्नानुसारका पेशाहरूमा विस्तार गर्दै जाँदा यसक्षेत्रमा कृषि पेशाको जोखिमलाई न्यूनीकरण तथा प्रतिस्थापन गर्न सकिन्छ ।

**८.१. पशुपालन**

पशुपालनबाट आयआर्जन गर्नका साथै मासुको निर्यात गर्न पनि सकिन्छ । एसियामा सर्वाधिक मासु खपत हुने देश भारतपछि दोस्रो मुलुक नेपाल हो । पहाडी भेगमा अनुकूल हावापानी, घाँस, चरनका लागि वनजङ्गलको राम्रो व्यवस्था भएकाले जोखिममा परेको परम्परागत कृषि पेशालाई व्यावसायिक पशुपालनबाट प्रतिस्थापन गरिँदै लैजानु वैज्ञानिक हुनेछ । गाई-भैंसी पालन, भेडा-बाख्रापालन, सुङ्गु-बङ्गुर पालन, माछा पालन, कुखुरा पालन, मौरीपालन लगायतको सम्भावना यस क्षेत्रमा प्रवल देखिन्छ ।

**८.२. तरकारी खेती**

तरकारीजन्य चिजविजको आवश्यकता मानवीय जीवनपरन्तसम्म रहन्छ । गाउँशहर सबैतिर यसको आवश्यकता बराबर हुन्छ । नेपालको शहरीक्षेत्रमा तरकारीको माग आन्तरिक आपूर्तिकर्ताहरूबाट थेग्न हम्मे परेकाले बाह्य मुलुक भारत र चीनबाटसमेत आपूर्ति गरी जनजीवीका चलेको अवस्था छ । स्वास्थ्य जनचेतनासँगै तरकारीको माग दिनप्रतिदिन बढेर गएको छ । पहाडी क्षेत्रमा हरियो सागपात, गेडागुडी, (सिमी, केराउ, दाल), काउली बन्दा, गोलभेडा, फर्सी, लौका, स्कुसजस्ता तरकारीको उत्पादनमा जोड दिएमा परम्परागत कृषि पेशाको मार कमहुने देखिन्छ ।

**८.३. फलफूल खेती**

फलफूलको माग नेपालका गाउँशहर जताततै छ । गाउँमा भन्दा शहरमा यसको माग अझ बढी छ । फलफूल हरेक मानवीय क्रियाकलापसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । तनावपूर्ण शहरीया जीवन र मसलादार भोजनलाई सन्तुलनमा राख्ने चिज नै फलफूल भएको हो । पहाडीभेगमा कागती, जुनार,ज्यामिर, अम्बा, आरू नासपाती, भूईंकटहर, अनार, लिचि, आँप, सुन्तला, केरा र मेवाजस्ता फलफूलको खेती गर्नसके आयआर्जन बढ्नका साथै परम्परागत कृषि पेशालाई थप सघाउ पुग्नेछ ।

**८.४. लघु उद्योग**

खुला वातावरण तथा फराकिलो ठाउँ भएकाले पहाडी भेगमा लघु उद्योगको सम्भावना राम्रो छ । स्थानीय कच्चा पदार्थ तथा स्रोतसाधनको सहज उपलब्धताले यसक्षेत्रमा लघु उद्योगको लागि थप सजिलो वातावरण देखिन्छ । कृषि पेशालाई मात्र आधार बनाएर जीवीका चलाउन बाध्य ती पहाडी भेगका किसानहरूले परम्परागत पेशाका साथसाथै तानबाट ढाका र खाँडीका कपडा बुन्ने, फर्निचर बनाउने, बाँसबाट बन्ने विभिन्न सामाग्री निर्माण गर्ने, पहाडी काँचो कागज उत्पादन गर्ने र सिलाई-बुनाइँजस्ता लघुउद्योगहरू व्यापकरूपमा विस्तार गर्नसक्दा परम्परागत कृषि पेशाको जोखिमलाई धेरै कम गर्न सकिन्छ ।

**८.५. व्यापार व्यावसाय**

यातायात, शिक्षा, सञ्चार तथा बिजुली बत्तीको उपलब्धताले पहाडी भेगमा व्यापार-व्यवसायको सम्भावना राम्रो छ । यस भेगको बासिन्दाका दैनिक जीविकोपार्जनका लागि आवश्यक खाद्यवस्तु तथा लता कपडाको खरीद टाढाबाट गनुपर्ने सकस भएकाले साना व्यवसायको खाँचो छ । परम्परागत कृषि पेशाको अलावा किराना पसल, कपडा पसल, कफि सप, मासु पसल, इलेक्ट्रोनिक पसलहरू, विभिन्न मेकानिकल मर्मत पसल र औषधी पसल आदि क्षेत्रमा ध्यान जान जरूर छ । अन्यथा, ती भेगका किसानलाई जीवन निर्वाह गर्ने समस्याले पिरोली रहने देखिन्छ ।

**८.६. आपूर्तीकर्ता**

नेपालको पहाडी यसक्षेत्रमा कच्चापदार्थको राम्रो व्यवस्था भएकोले काठ-दाउरा, बाँस, ढुङ्गा, बालुवा, खानेपानी, धानचामल र अन्य कच्चापदार्थ लगायत त्यसठाउँमा सजिलै उत्पादन तथा उपलब्ध भएका तर बजारका अभाव र आवश्यक ठाउँमा पुऱ्याउन र प्रर्वद्धन गर्न नसकिएका स्रोत-साधनहरूको देश-विदेशमा आपूर्ति गर्नसके परम्परागत कृषि पेशाको जोखिम कम हुनका साथै पहाडीभेगका आम मानिसको आयआर्जन पनि बढेर जाने सम्भावना छ ।

**नेपालको कृषि व्यवसायमा देखिएका तमाम् समस्याहरूको जरा मुलुकमा सदियौंदेखि चलेको एकात्मक शासन व्यवस्था र केन्द्रीकृत राज्य संरचना पनि हो । यो संरचनालाई भत्काएर संघीय शासन प्रणाली अन्तर्गत विभिन्न स्वायत्त राज्यहरूको व्यवस्था गरी ठ्सो ठाउँमा त्यही नै नीति निर्माण र कार्यान्वयन गर्ने आधार बनाउन सके यसको स्थायी समाधान हुनेछ ।**

**८.७. पर्यटन**

पर्यटन नेपालको तीव्र विकासका लागि मेरूदण्ड नै हो । पहाडी भेगमा विविध भौगोलिक संरचना हुनाले पर्यटन प्रवर्द्धनको राम्रो सम्भाव्यता छ । जताततै हरीया चुरे पहाडहरू, निरन्तर बग्ने मनमोहक झरना र खोलानालाहरू, र लालीगुराँस लगायतका फूलहरूले झपक्कै ढाकेको मनै लोभ्याउने घना वनजङ्गलका साथै विविध सँस्कृतिहरूको माझ स्वदेशी तथा विदेशी पर्यटकहरूलाई मनोरञ्जन दिलाउन सके आयआर्जन र रोजगारी बढ्न जान्छ । यसले गरीबवर्ग र वेरोजगार युवालाई प्रत्यक्ष फाइदा पुग्ने छ । यसबाट परम्परागत कृषि पेशा पनि विस्तारै प्रतिस्थापन हुँदै जानेछ ।

**८.८. विविध**

पहाडी भेगमा हावापानीको विविधता रहेको हुँदा हावापानी र माटो सुहाउने विभिन्न खेतीको थप अरू सम्भावना छ । अलैंची, मरिच, अम्लिसो, अदुवा र चियाजस्ता आयआर्जन मुलक खेतीको प्रचुर सम्भावना रहेको छ । अलैंची, अदुवा र चियाजस्ता महँगा नगदे बालीसमेत पहाडी भेगमा सप्रिने भएकोले भौगोलिक बनावट र हावापानीको तालमेल मिलेको ठाउँमा यी खेती विस्तार गर्न सकिन्छ ।

नेपालको मध्यपहाडी भेगमा परापूर्वकालदेखि गर्दै आएको परम्परागत कृषिपेशा समयको परिवर्तन हुँदैजाँदा जोखिममा परेको छ । हिजो त्यहीखेतीबाट जीवीका चलाउन र आयआर्जन समेत गर्ने किसान अहिले परिवारमा खानलाई पनि हम्मे परेको छ । कृषि पेशामा जोखिम हुनका कारण यस अघि नै चर्चा भयो । यहीक्रमले उत्पादनमा ह्रासदर बढ्दै जाँदा ती पहाडी क्षेत्रमा बसोवास गर्ने बहुसङ्ख्यक् किसानलाई ठुलो आपत्ती आइपर्ने प्रष्ट छ । त्यसैले, यसभेगका किसानले समयमै परम्परागत कृषि पेशाको साथसाथै माथि उल्लेखित वैकल्पिक पेशाहरूलाई विस्तार गर्दै लैजान सके उक्त जोखिम कम हुनका साथै परम्परागत कृषि पेशा समयसापेक्ष रूपान्तरण हुने सम्भावना छ ।●

E-mail: rananingleku@yahoo.com

*(लेखक, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय विद्यार्थी युनियनका नेता हुन् । -सं.)*

# निर्दोष साथी



लाहाङ लिम्बू

**गाउँका साना-साना भाइ-बहिनीदेखि लिएर बुढापाकासम्मले लिम्बुवानको इतिहासको बखान गर्थे । युवापुस्ताले भोलिको लिम्बुवानको सपना यसरी देख्थे-आधुनिक, विकसित, संमृद्धशाली, समावेशी-साझा लिम्बुवान । लाजेसालाई लाग्यो- "हामीले पढिरहेको शिक्षाले हामीलाई त धेरै टाढा-टाढा पुऱ्याई सकेको रहेछ-लिम्बुवानबाट । यो शिक्षा विशाल भीमकाय पर्खाल बनेर ठडिएको रैं'छ । लाजेसा एकातिर अनि लिम्बुवान र लिम्बुवानका कुराहरू पर्खालको उतातिर । लिम्बुवान त अनौंठो अनि झन् अनौठो लाग्ने भैसकेको रहेछ ।"**

लाजेसा अलि ढिलो उठ्यो क्यारे, आज निकै हतारिएर हिँडिरहेको थियो । साढे छ बजेको पहिलो कक्षा भ्याउनु थियो, उसले । उसले कलेजमा अंग्रेजी विषय पढाउन थालेको दुई वर्ष जति भएको थियो । बिहान उठेर ओछ्यान छाडेपछि बेलुका चार बजेपख कोठामा आइपुग्ने दैनिकी थियो-उसको । लाजेसा कलेज पुग्न तीन-चारवटा चोकहरू छिचोलेर हिँड्नुपर्थ्यो । ऊ त्यो दिन, दायाँबाँया नहेरी निहुरिएर हिँडिरहको थियो । जब प्रगति चोकमा पुग्यो, एउटा आवाजले लाजेसालाई आकर्षित गऱ्यो- "बाबु, गाडीले किच्छ के !"

लाजेसा अडिएर आवाजतिर फर्केर हेऱ्यो । सानी बच्ची त्यस्तै पाँच बर्षकीले भर्खर हिँड्न थालेको भाइ त्यस्तै दुई बर्षकोलाई एक हातले सम्हाल्दै र अर्को हातमा दूधको पोको बोकेर बाटो काट्दै थिई । लाजेसाले ती सानी केटीलाई हेरिरह्यो । उनीहरू पसलबाट दूधको पोका किनेर फर्किरहेका थिए । जब उनीहरूले बाटो काटे, सानी केटीले पछि फर्केर लाजेसालाई हेरिन् । लाजेसाले उनीतिर फर्केर एकोहोरो हेरिरहेको देखेपछि उनी लजाइन् र हाँसिन् । लाजेसा पनि मुस्कुरायो र उसलाई लाग्यो- उनी कति धेरै ज्ञानी । घिउ रङ्को जामा, चप्पल लगाएकी अनि कपाल लामो तर छोडेकी । शायद उठ्ने बितिक्कै पसल आउँदा आउँदै भाइले पछ्याएको होला । पाँच वर्षकी केटीको यति ज्ञानी व्यवहार देखेपछि लाजेसा उनीसँग धेरै प्रभावित भयो । त्यसपछि, सरासर कलेजतिर लाग्यो ।

अर्को दिन, सधैंझै लाजेसा हिँडिरहेको थियो । जब ऊ प्रगति चोकबाट मोडिन लागेको थियो, तब उसलाई त्यही सानी केटीको याद आयो । अलिकति पछि फर्केर यसो आँखा डुलाएको के थियो- एउटा सानो-सानो होटल अगाडि त्यही सानी केटी त्यही ड्रेसअप्मा थचक्क टुलमा बसेर दाँत माझिरहेकी थिई । तिनी लजाउँदै उठिन् र होटलभित्र छिरिन् । तिनी खुब लजाइन् । ती सानी केटीको हेर्ने तरिका, लजाउने बानी सबैसबै ठूली, परिपक्व केटीको जस्तो लाग्न थालेको थियो- लाजेसालाई । त्यो दिन ती केटीको याद निकैबेर आइरह्यो-उसलाई ।

राजधानीमा लगभग जाडो शुरू हुँदै थियो । व्याटमिन्टन खेल्ने चलन शुरू भइसकेको थियो । प्रायको हातमा बिहान सुरू भएपछि व्याटमिन्टन हुन्थ्यो । जहाँ मैदान त्यही व्याटमिन्टन, सडकतिर व्याटमिन्टन, आँगनमा व्याडमिन्टन, जताततै व्याटमिन्टनले ठाउँ लिएको थियो । बिहानको जाडोमा शरीरलाई तातो बनाउने राम्रो माध्यमको रूपमा मानिसहरूले व्याटमिन्टन खेल्ने गर्थे । सडकमा हिँड्दा कतिपय ठाउँमा त बाटो हिँड्ने गाह्रो हुने । ती खेल्नेहरूले पनि बिहानीको खुल्ला सडकको उपभोग मज्जाले गर्न पाउने । लगभग आठ बजेपछि त जम्मै सडक गाडीहरूको हुने । एकदिन प्रगति चोकमा पहिलोपल्ट तिनी सानी केटीले पनि व्याटमिन्टन खेलिरहेकी थिई-लाजेसाले देख्यो । उही सानो भाइसँग खेलिरहेकी थिई- उनी । शायद, सबैले खेलेको देखेपछि उनलाई पनि खेल्न मन लागेको होला । शायद, बा-आमालाई निकै कर गरेर व्याटमिन्टन किनी मागी होलिन् । स्कुलमा, शायद व्याटमिन्टन खेल्ने गर्थी होलिन् । तिनीलाई पनि खेल्नुपर्ने भन्ने प्रभाव पऱ्यो होला । उनको भाइलाई व्याट उठाउनै गारो परिरहेको थियो । सानी केटीले भने फकाउँदै, हौस्याउँदै आफ्नो भाइलाई व्याटमिन्टन खेल्ने पार्टनर जबरजस्ती बनाइरहेकी थिइन् । ती दुईको खेल देखेपछि लाजेसा एकछिन् उभिएर

हेर्न थाल्यो । सुरूमा, चाहिँ ती केटीले देखेकी थिइनन् र खेल्नमै धुन दिइन् । जब तिनीले लाजेसाले आफूतिर हेरिरहेको थाहा पाइन्, तब तिनी दौडिएर होटलभित्र पसिन् । तर, भाइ सडकमै भएकोले तिन्ले पर्दा उठाएर चियाएर लाजेसालाई हेर्न थालिन् । लाजेसालाई तिन्को लजाई, मीठो लाग्यो । उनको चिहाई आनन्दको लाग्यो । पर्दा उघारेर आफूतिर हेर्दाको उनको हाँसो मिसिएको अनुहार लाजेसालाई राम्री लाग्यो । लाजेसा आफू पनि लजाएको अनुभूति गर्दै मन्द हाँस्दै आफ्नो बाटो लाग्यो ।

यसपालीको जाडो सुरू भएपछि ती सानी केटी बारम्बार सडकमा व्याटमिन्टन खेल्न निक्लने गरेकीले लाजेसाले प्रत्येक दिनजसो देख्न थालेको थियो । अब त बानी भएछिन् क्यारे- तिनी लाजेसासँग लाजले भाग्न छोडेकी थिइन् । तिनी कहिले उही सानो भाइसँग खेलिरहेकी हुन्थी । कहिले बाह्र-तेह्र वर्षकी केटीसँग, कहिले लाजेसाकै उमेरको मान्छेसँग- शायद, उनैको बुबा हुनसक्छ, । कहिले पच्चीस-छब्बीस वर्षकी आइमाईसँग- शायद, उनैको आमा हुनसक्छे । लाजेसाको भेट जब उनीसँग हुन्थ्यो, दुबैजना हाँसेर अभिवादन गर्न थालेका थिए । ती सानी केटी लाजेसालाई देख्ने बितिक्कै लाजले भाग्न छाडेकी थिइन् । यसरी भेटमा हेराहेर गर्ने अनि मुस्कुराएर छुट्टिने गर्न थालेको निकै दिन भइसकेको थियो । एकखालको माया व्यक्त गर्न थालेका थिए- दुबैका आँखाहरूले । उनीहरूको हेराइको चालीबाट प्रेमको बह सरर बगेको प्रतीत् हुन्थ्यो । लाजेसाको मनमा प्रेमको भाव उर्लिसकेको थियो । एकदिन लाजेसाले व्याटमिन्टन खेल्ने अनुमति माग्यो । त्यो दिन तिनी दश-बाह्र वर्षकी पार्टनरसँग खेलिरहेकी थिइन् । ती सानी केटीलाई पनि लाजेसासँग खेल्ने जोड ईच्छा उहिलेदेखि भएभैं पार्टनरसँग भएको व्याट मागेर लाजेसालाई दिइन् । अनि आफू खेल्न तयार भइन् । तिनी छुट्टै रौनकतामा खेल्न थालिन् । लाजेसालाई खेल्ने बानी थिएन । उसले कक्लाई निकै माथि फाल्थ्यो । तिनी भन्थिन् "ठीक्क फाल्नु न । तपाईं र म नमरी खेलौं ल ।" लाजेसा भन्थ्यो- 'ल' ।

तर, लाजेसाले ड्युटी भ्याउनु थियो । लाजेसाले खेलबाट अलग्गिनु नै पर्थ्यो । तर तिन्ले खुब खेल्न कर गरिरहेकी थिइन् । भोलि खेल्ने भन्दै ऊ त्यो दिन हिँड्यो । तिन्ले निकै परसम्म हेरिरहिन् । तिनी आमा अथवा बुबासँग खेलिरहेकी थिइन् भने लाज मान्थिन् । आँखाको सहाराले बोल्थे, आपसमा । हाँसोको सहाराले माया व्यक्त गर्थे । कतिपय दिनका भेटहरूमा लाजेसाले सोध्थ्यो- 'के गरेको ?' उनी भन्थिन्- 'खेलेको । खेल्न आउनु न ।'

कतिपय दिनहरूमा, उनी ब्रश गर्दै गरेकी हुन्थिन् । ब्रश गरी सकेर बाटोतिर फर्केर होटलकै छेउमा उभिरहेकी हुन्थिन् । लाजेसाले सोध्ने गर्थ्यो- 'आज किन नखेलेको ?' उनी भन्थिन्- 'कक् नै टुट्यो ।' लाजेसा त्यतिबेला महसुस गर्थ्यो, मेरो लागि, मलाई भेट्न बाटोतिर फर्केर ब्रश गरिरहेकी रैं'छे । मलाई कुरिरहेकी रैं'छे आदि-इत्यादि । दोस्रोपल्ट, पुनः महसुस गर्थ्यो- व्याट मिन्टनको एकसेट किनेर उनलाई उपहार दिऊँ कि ! तर, तेस्रो पटक साच्थ्यो- फेरि उनको आमा र बुबाले के भन्लान् ! चलन-चल्तीको भाषामा भनिने लेक्चरर लाजेसा र तिनी पाँच-छ वर्षकी केटी बीचको मित्रता यति नै व्यालेन्समा हुर्किँदै थियो । लाजेसाको उनन्तीस वर्षे टिठ् लाग्दो मन कता कता दोमन भएजस्तो । मनको दुनियाँमा लाजेसाको कोही त भएजस्तो । त्यही ढङ्गले, अपत्यारिलो लाग्ने तिनको मित्रता लाजेसासँग हुर्कँदै थियो ।

नेपालीहरूको क्यालेण्डरमा अड्सट्ठी सालको हिन्दूहरूको दशैं र तिहार सुरूभयो । लाजेसा एक महिने विदामा पहाड फर्क्यो । लाजेसाले सुन्ने गरेको थियो- पहाडतिर गाउँ बस्तीबाट लिम्बुवानको आन्दोलनको शङ्खनाद भइरहेकोछ रे ! लाजेसाले यसपाली प्रत्यक्ष महसुस गऱ्यो । गाउँका साना-साना भाइ-बहिनीदेखि लिएर बुढापाकासम्मले लिम्बुवानको इतिहासको बखान गर्थे । युवापुस्ताले भोलिको लिम्बुवानको सपना यसरी देख्थे-आधुनिक, विकसित, संमृद्धशाली, समावेशी- साझा लिम्बुवान । लाजेसालाई लाग्यो- "हामीले पढिरहेको शिक्षाले हामीलाई त धेरै टाढा-टाढा पुऱ्याई सकेको रहेछ- लिम्बुवानबाट । यो शिक्षा विशाल भीमकाय पर्खाल बनेर ठडिएको रैं'छ । लाजेसा एकातिर अनि लिम्बुवान र लिम्बुवानका कुराहरू पर्खालको उतातिर । लिम्बुवान त अनौंठो अनि झन् अनौठो लाग्ने भैसकेको रहेछ ।"

एक साँझपख, गाउँ घुम्ने क्रम्मा लाजेसा आफ्नो फुपू काइँलीको घरमा पुग्यो । लाजेसाको नाताले भाइ पर्ने डम्बरको छोरी आकाङ्क्षा पाँच वर्षकी भइछे । राम्री, उचालौं लाग्ने, बोर्डिङ स्कुलको युनिफर्ममा असाध्यै सुहाएकी थिई । त्यतिबेला लाजेसाले साथीले जस्तो ईशारा गर्ने उही सानी केटीको याद गऱ्यो । उसको मष्तिस्कमा थुप्रै प्रश्नहरू आए- उनी कहाँ होलिन् ? मैले जस्तै आफ्नो पहाड गई होलिन् ! व्याटमिन्टन खेल्दै होलिन् ! मलाई याद गर्दै होलिन् आदि इत्यादि ।

लाजेसाको एक महिने कलेज बिदा सिद्दियो । पहिले जसरी नै, आफ्नो ड्युटी सुरूभयो, काठमाडौंमा । विगतकै जसरी कलेज सुरूभयो । उसले बाटोमा हिँड्दा प्रगति चोकमा सानी केटीलाई हप्तादिन जस्तो देखेन । उनलाई देख्न लाजेसाको आँखाहरू हरपल लालयित थिए । उनलाई भेट्न लाजेसाको मन हत्तारिएको थियो । एकपख, लाजेसालाई भौतारिन मन लागेर कोठाबाट बाहिर निक्लदै थियो । सानी केटी र उनकी आमा छेवैको पसलमा उभिरहेका थिए । दुबैजनाका आँखा जुधे । दुबै हाँसे । हराएर भेटिएका झैं दुबै झस्के । उनले आफ्नी आमालाई हेरी । आमा पसलेसँग कुरा गर्दै थिइन् । यो मौकामा उनी दौडिँदै लाजेसातिर आइन् । उनको हातमा व्याट थियो । अर्को हातले

**'नेपालीहरूको क्यालेण्डरमा अड्सट्ठी सालको हिन्दूहरूको दशैं र तिहार सुरूभयो । लाजेसा एक महिने विदामा पहाड फर्क्यो । लाजेसाले सुन्ने गरेको थियो– पहाडतिर गाउँ बस्तीबाट लिम्बुवानको आन्दोलनको शङ्खनाद भइरहेकोछ रे ! लाजेसाले यसपाली प्रत्यक्ष महसुस गऱ्यो ।'**



लाजेसाको हात समाउन भ्याइन् । लाजेसाले पहिलो प्रश्न गऱ्यो– 'कहिले आयौ, गाँउबाट ?'

'आज बिहान'– जवाफमा उनले भनी ।

लाजेसाले दोस्रो पटक सोध्यो 'किन यो पसलमा आएको ?' 'ममी र म ब्याटमिन्टन खेल्दै थियौं । यो पसलको घरमा अल्झियो र माग्न आएको ।' लाजेसालाई उहिलेदेखि सोध्न मन लागेको तर सोध्न नभ्याएको उनको नाम सोध्यो ।

जवाफमा भनिन् 'आयश्रित'

तुरून्तै उनले पनि सोधिन् लाजेसाले प्रिन्स्टन स्कूलमा पढाउने बारेमा । त्यति नै बेला आयश्रितको ममीले बोलाइन् ।' आयश्रित, कहाँ हिँडेकी ?'

हिँडिरहेका उनीहरू रोकिए । लाजेसालाई आयश्रितको आमासँग सरम लाग्यो । त्यति नै बेला अलि ठुलो आवाजमा दोस्रो पटक कराइन्– "यता आइज ।" आयश्रित दौडिएर आमा कहाँ गइन् । लाजेसा पनि आफ्नो बाटोतिर लाग्यो । लाजेसा आफूले प्रिन्सटनमा पढाइरहेको आयश्रितको प्रश्नले अचम्मित भयो । यति सानी बच्चीले आफूले पढाउने गरेको हेक्का कसरी राख्न सक्यो होला भनेर आफूले आफूलाई खुब सतायो । आयश्रितको यो परिपक्व प्रश्न र ख्याल गराइले ऊ अझ धेरै प्रभावित भयो । लाजेसालाई आयश्रितको सम्झना चौगुणा बढेर गयो । लाजेसासँगको कुरा गर्ने धोको पूरा नभएकोले होला । एक महिना भन्दा धेरै समय देखादेख हुन नपाएर होला ! लाजेसा ड्युटीबाट फर्कंदै गर्दा आयश्रित होटलको बाहिर बसिरहेकी थिइन्– लाजेसालाई कुरेर । आयश्रित दौडिएर गइन्, लाजेसालाई देख्ने बितिक्कै । उही पाराले, उनले लाजेसाको हात समाइन् र कुरा सुरू गरिन्– "हिजो घरमा अड्केको कक् पसले दिदीले दिनुभो त । "

"होर ! त्यसपछि ममीसंग खेल्यौ होला ।" "अहँ, ममीले त पढ्नुपर्छ भन्नु भो ।"

आयश्रितले विना धकाई लाजेसालाई पछ्याई । कुराकानी गर्दै दुबैजना अघि

हिँडिरहे । उनको तीन चारवटा प्रश्नले लाजेसालाई धेरै अचम्म र मक्ख बनायो । उनले घर सोधिन् । विवाह भए नभएको सोधिन् । लाजेसाको बा-आमाको हालखबर सोधिन् । उहाँहरूलाई नमस्कार सुनाई दिनु पनि भनिन् । त्यसो त, लाजेसाले पनि उनलाई धेरै प्रश्नहरू गऱ्यो । यसरी यिनीहरूले हात समाई कुरा गर्दै हिँडेको पत्तै भएन । लाजेसाको कोठा छेउमा आइपुगी सकेका थिए । लाजेसाले आयश्रितसँग प्रस्ताव राख्यो -"मेरो कोठामा जाने ?"

आयश्रितले यसो भनिन्- "तपाई चिया पकाउनु हुन्न होला ।"

दुबैजना कोठाभित्र छिरे । लाजेसाले ढोकाको चुकुल लगायो र आयश्रितलाई ओछ्यानमा बस्न भन्यो । आयश्रितले कोठालाई घुमिफिरी हेरेर व्यक्त गरिन्-" आहा ! कति राम्रो कोठा । कति धेरै बुकहरू ।" लाजेसाले हाँसेर टाऱ्यो, आयश्रितको बखानलाई । लाजेसाले दूध-चिया राम्रै बनायो र कुकिज बिस्कुट पनि प्लेटमा खन्यायो । खान आग्रह गऱ्यो । चिया लिनु पहिले आयश्रितले भनिन्- "मैले त तपाईंलाई जिस्क्याएको पो त ।" दुबैले चिया र बिस्कुट खान थाले । खानलाई आयश्रित लजाउँदै थिई । अन्ततः खान थालिन् । बीचैमा लाजेसाले भन्यो- "आयश्रित म तिमीलाई धेरै सम्झिरहन्छु । धेरै माया गर्छु ।" माया भन्ने शब्दसँग उनी खुब लजाइन् ।

"तिमी त मेरो साथी हो- सानी साथी ।" आयश्रितले जवाफमा भनिन् - "म जस्ती सानीको तपाईंजस्तो ठूलो मान्छेसँग पनि साथी हुन्छ र !" लाजेसाले हाँस्दै भन्यो- "हुन्छनी, तिमी मेरो सानी साथी, म तिम्रो ठुलो साथी । " उसले फेरि जोड्यो- "साथी नभएको भए, अनि मलाई माया नगर्ने भए, तिमी यहाँ किन आयौ त !" आयश्रितले सुनिरहिन्- "तिमी मेरी छोरी जस्तै पनि छौ । तर तिमीलाई आयश्रित छोरी भनेर बोलाएँ भने, तिम्रो बाबा र आमा मसँग रिसाउनु हुन्छ ।"

**"जब मुन्धुमको ममी मसँग नबस्ने भनेर गई अनि तिमी जस्तै मेरी छोरी मुन्धुमलाई उतै लग्यो । मसँग बस्न मान्छेहरूले दिएनन् ।"**

अब, लाजेसालाई आत्माबाट सानी आयश्रितसँग कुरा खोल्न मन लाग्यो । उसलाई मनको बह पोख्ने साथी पाए जस्तो लाग्यो । जति आफ्नो कुरा सुनाउँदै गयो, उतिनै आयश्रितले पनि सुनी रहिन्- "तिमीजस्तै मेरी छोरी मुन्धुम छे ।" मुन्धुमको नाम तीन चार चोटी उच्चारण गर्न कोसिस गरी- आयश्रितले ।

"मुन्धुमको ममी र मेरो दुई वर्ष अघि डिभोर्स भएको हो । डिभोर्स भनेको थाहा छ ?"

"मुन्धुमको ममीसंग छुटिएर बस्नु भनेको ।" जवाफमा आयश्रितले भनी ।

लाजेसा आफ्नो कथामा अघि बढ्न चाह्यो- "जब मुन्धुमको ममी मसँग नबस्ने भनेर गई अनि तिमी जस्तै मेरी छोरी मुन्धुमलाई उतै लग्यो । मसँग बस्न मान्छेहरूले दिएनन् ।" यसरी नै लाजेसाले आयश्रितसँग कुराकानी गर्ने क्रममा छोरीलाई डाक्टर बनाउन चाहेको सुनायो । अनि उसले आयश्रितसँग भन्यो- "तिमी पछि ठूली भएर डाक्टर बन्नु ल ।"

"ल"- आयश्रितले भनी । यतिबेला लाजेसाले आयश्रितको कपाल कोरीबाटी गरिदिदैँ थियो । अनि भन्दै पनि थियो- "ठूलो मान्छे हुनु । सबैसँग राम्रो हुनू । झगडा नगर्नू । नराम्रो कहिल्यै नबोल्नु, ल ।"

जवाफमा उनी भन्थी- "ल" ।

यही तवरले कुराकानी गर्दै थिए । लाजेसाले आयश्रितको कपाल कोरीबाटी गर्दै र सुम्सुम्याउँदै पनि थियो । उनी हेर्दा हेर्दै लाजेसाको काखमा निदाइन् । अनि उसले आयश्रितलाई आफ्नो ओछ्यानमा सुतायो । उसले आयश्रितको अनुहारलाई खुब राम्ररी नियाल्यो- कपाल, निधार, आँखा, नाक, ओठ, घाँटी...... । अनि निधारमा एकपटक म्वाँई खायो । उसले आफ्नो छोरी मुन्धुमको यादले सताइरहने त्यो तिर्सना मेट्यो । मुन्धुम आफ्नो ओछ्यानमा सुतिरहेको कल्पनामा हरायो- लाजेसा । अनि उसले भोलि कलेजमा पढाउने विषयको लेसन प्लान बनाउन मात्र लागेको के थियो, जोडले बाहिरबाट कसैले ढोका ढक्ढकायो । लाजेसाले चुकुल खोल्यो । आयश्रितकी आमा रूँदै, अतालिदैं भित्र पसिन् । साथमा प्रहरी पनि थिए । एक भ्यान प्रहरीहरू लिएर आयश्रितकी आमा आएकी रैछिन् । सुतिरहेकी आयश्रितलाई समाल्दै जोड-जोडले चिच्याईन्- "प्रहरी साब्, खराब नियतले मेरी छोरीलाई यसले ल्यायो । मेरी छोरी बर्बाद भई । म बर्बाद भएँ ।" एकहोरो ढङ्गले रूँदै कराउँदै गर्न थाली । आयश्रित जुरूक्कै उठेर यता न उति भई । अनिँदोले आयश्रित बरालिन् । अत्तालिन् । प्रहरीलाई देखेपछि र आमाको रूवाई र चिच्याईले गर्दा आयश्रित अक्क न बक्क भईन् । लाजेसा केही बोल्न खोज्दै थियो । प्रहरीले उसलाई केही बोल्नै दिएन । आमाले आयश्रितलाई छातीमा टाँसेर बाहिर लगिन् । आयश्रित भने एकहोरो एक टकले हेरिरहेकी थिइन्- प्रहरीहरूले लाजेसाको कुरै नसुनी उसलाई थप्पर, मुक्का, लात बजार्न थाले; लछार-पछार गर्न थालेका थिए । तुरून्तै हतकडी लगाएर लाजेसालाई भ्यानमा कोचे ।

त्यतिन्जेल सम्ममा बाहिर मान्छेहरू धेरै भेला भइसकेका थिए । कोही हेरिरहेका थिए । कोही कानेखुशी गर्दै थिए । एकैछिनमा भ्यान गुड्यो ।●

**Email:**
lahanglimbu2010@yahoo.com

# अब पहिचान र अस्तित्ववादी गीत लिएर आउनेछु



**भिम मगर,** *कलाकार*

झापाको सतासी, दुधेमा आजभन्दा ३५ वर्षअघि बुवा टिकाबहादुर मगर र आमा स्व. मीनाकुमारी मगरको कोखबाट एक सन्तानको जन्म भयो । झापामा जन्मेर हुर्के पनि गीत-सङ्गीतको दुनियाँमा सङ्घर्ष र कर्म भने काठमाडौंमा गर्दै आइरहेका एक कलाकार भिम मगरले पछिल्लो पटक 'भूल भए माफ गरिदेऊ' भन्ने तेस्रो गीति एल्वम लिएर आएका छन् । 'मैना चरीलाई' लोक-आधुनिक तथा दोहोरी गीति एल्वमबाट आफूलाई स्थापित गराइसकेका भिमले भारतको इलाहावादबाट सङ्गीतमा स्नातकोत्तर एम.म्यूज्. गरेका छन् । स्कुल पढ्दा र गाउँमा सानोमा साथीहरूलाई रहरैरहरमा गीत सुनाउने गर्दागर्दै गीत-सङ्गीतलाई करियरको रूपमा लिन थालेका **कलाकार भिम मगर**सँग **संघीय मासिक**ले गरेको कुराकानी प्रस्तुत छ ।

**अहिले के गर्दै हुनुहन्छ ?**
मेरो आफ्नै 'सर्जक म्युजिक प्रा. लि.' छ । मेरो तेस्रो एल्वम 'भूल भए माफ गरी देऊ' को भिज्युअल गरिसकेर एल्वम र कम्पनीको बजार व्यवस्थापन गर्दैछु ।

**तपाइँको 'भूल भए माफ गरी देऊ' कस्तो एल्वम हो ?**
आधुनिक, अलिअलि लोक, रक र क्लासिकल गीतहरूको मिश्रण भएको एल्वम हो ।

**कति भयो साङ्गीतिक दुनियाँमा प्रवेश गर्नुभएको ?**
१९, २० वर्ष जति भयो ।

**साङ्गीतिक हिसाबले कतिको व्यस्त हुनुहुन्छ ?**
लोकप्रियताको हिसावले त्यति व्यस्त नभएपनि सृजना र साङ्गीतिक गुरूको हिसाबले व्यस्त नै छु ।

**खासमा, गीत केको लागि गाउने हो ?**
गीत राज्य र राष्ट्रको लागि गाउनुपर्छ ।

**'सातै मूल फर्काएर_ सान्नानी' बोलको गीत कुन विद्याको गीत हो ?**
लोक र रक गीतको संयोजन हो । यो लोकगीत संस्कृति र रकगीत युवा जगतलाई जोड्ने कन्सेप्टमा तयार भएको गीत हो ।


**तपाईं सङ्गीतकार कि गायक ?**
'सङ्गीतकार, गीतकार पनि र अलि बढीचाहिँ गायक नै हुँ' भन्न रूचाउँछु ।

**तपाईं आफूलाई कस्तो गायक हो, लाग्छ ?**

सङ्गीत गुरूको नाताले र लोकगीतबाट यो क्षेत्रमा प्रवेश गरेर दोहोरी गीतहुँदै आधुनिक गीत गाउने भएँ । अनि, क्लासिकल गायकहरूसँग सङ्गत गरी जमानाले पप गाउन सिकायो । यसो हुनाले म एक भर्सटायल गायक हुँ ।



वर्ष : १, अङ्क : ८, माघ-फागुन २०६९




सयौं वर्षदेखि राज्यबाट त्यहाँका जनताहरूलाई उत्पीडनमा पारिएको छ । हक–अधिकार खोसिएको छ । त्यसैले, मुक्तिको लागि भइरहेको लिम्बुवानको आन्दोलन सतप्रतिशत सही छ ।

**त्यति धेरै त चल्नुभएको छैन नि ?**
साधनामा बढी समय बिताइरहेको छु । मिडियामा गएको छुइन । जनसम्पर्कमा पनि त्यति छुइन । अनि, आर्थिक कम्जोरीले पनि खास चल्न सकिरहेको छुइन । तर, निरन्तर कोसिसमा छु ।

**तपाईँले बुझ्नु भएको सङ्गीत के हो ?**
यो लालित्यकला हो । सुमधुर ध्वनिहरूको सङ्गम हो । यो कर्णप्रिय हुन्छ । परम्परासँग जोडिएको हुन्छ । यसले आत्मसन्तुष्टी प्रदान गर्दछ ।

**नेपाली गीत–सङ्गीतको अवस्था कस्तो छ ?**
भारतीय सङ्गीतले नेपाली सङ्गीतलाई दबाएको छ । अवस्था अझै दयनीय छ । "नेपालीपनको गीत गाऊँ, संस्कृति जोगाऊँ, देश बचाऊँ", भनेर सबैसँग आग्रह चाहन्छु ।

**तपाईंको जिल्ला लिम्बुवान राज्यमा पर्छ भन्छन् । लिम्बुवानको आन्दोलनप्रति तपाईंको प्रतिक्रिया के छ ?**
म जातिले मगर । खाँटी आदिवासी जनजाति हुँ । त्यही भएरमात्र लिम्बुवानको आन्दोलन ठीक हो भन्दिन । सयौं वर्षदेखि राज्यबाट त्यहाँका जनताहरूलाई उत्पीडनमा पारिएको छ । हक–अधिकार खोसिएको छ । त्यसैले, मुक्तिको लागि भइरहेको लिम्बुवानको आन्दोलन सतप्रतिशत सही छ ।

**अब पहिचानवादी र अस्तित्ववादी गीतहरू गाउन र सङ्गीत गर्न कतिको सम्भव र सम्भावना देख्नुहुन्छ ?**
सम्भव छ र सम्भावना पनि छ । मैले यो लाइनको गीत लेखेको पनि छु । अब चाडै नै यस्तो गीत समेटिएको एल्वम लिएर आउनेछु ।

**अन्त्यमा, पाठक–स्रोताहरूलाई के भन्न चाहनुहुन्छ ?**
धेरै लामो सङ्घर्षबाट यो फिल्डको यो लेवलमा आएको छु । 'भूल भए माफ गरी देऊ' निकै लामो समयपछि ल्याएको मेरो तेस्रो एल्वम हो । एकपटक सुनी दिनुहोस् भनी आग्रह गर्दछु । स्रोताहरूको माया पाइरहेँ भने सृजनाहरु ल्याइरहने बाचा गर्दछु ।

# आदिवासी जनजाति परिभाषा/पहिचान र सूची

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को परिच्छेद १ धारा २ को (क) अनुसार आदिवासी जनजाति भन्नाले** :

- आफ्नो मातृभाषा भएको,
- परम्परा रीतिरिवाज भएको,
- छुट्टै साँस्कृतिक पहिचान भएको,
- छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको निम्न अनुसूची वमोजिमको जाति वा समुदायलाई सम्झनुपर्दछ ।

| | | | |
|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिया | ४. कुसुण्डा |
| ५. गन्गाई | ६. गुरूङ | ७. चेपाङ | ८. छन्त्याल |
| ९. छैरोतेन | १०. जिरेल | ११. झांगड | १२. डोल्पो |
| १३. ताङ्वे | १४. ताजपुरीया | १५. तामाङ | १६. तिनगाउँले थकाली |
| १७. तोक्पेगोला | १८. थकाली | १९. थामी | २०. थारु |
| २१. थुदाम | २२. दनुवार | २३. दराई | २४. दुरा |
| २५. धानुक | २६. धिमाल | २७. नेवार | २८. पहरी |
| २९. फ्रि | ३०. वनकरिया | ३१. बरामु | ३२. बाह्रगाउँले |
| ३३. बोटे | ३४. भुजेल | ३५. भोटे | ३६. मगर |
| ३७. माझी | ३८. मार्फाली थकाली | ३९. मुगाल | ४०. मेचे |
| ४१. याक्खा | ४२. राई | ४३. राउटे | ४४. राजवंशी |
| ४५. राजी | ४६. लार्के | ४७. लिम्बू | ४८. लेप्चा |
| ४९. ल्होपा | ५०. ल्होमी (शिङ्सावा) | ५१. वालुङ | ५२. ब्याँसी |
| ५३. शेर्पा | ५४. सतार (सन्थाल) | ५५. सियार | ५६. सुनुवार |
| ५७. सुरेल | ५८. हायू | ५९. ह्योल्मो | |

नेपाल सरकार
**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**
जावलाखेल, ललितपुर
फोन नं. ५५५३१७५, फ्याक्सः ५५५३१४८
वेभसाइटः nfdin.gov.np

▪ कविता

# लाखौं मानिसहरूलाई सडकमा उत्रन आह्वान



माया एन्जेलु

रात अझ लम्बिँदै गइरहेको छ
अन्यायको पीडाहरू झन दुख्दै गइरहेका छन्
खाडलहरू झन कालो हुँदै गहिरिँदै गएको छ
असमानताको पर्खालहरू अझ अग्लिइरहेका छन्

पर नीलो आकाश टुङ्गिने क्षितिजमा
कुनै साधारण मानिस पुग्न नसक्ने त्यो ठाउँमा
कुनै आत्मिक ज्ञानले मलाई बिस्तारै त्यहाँ पुऱ्यायो
जहाँ,
तिम्रा हातहरू बाँधिएका थिए,
तिम्रा मुखहरू बन्द गरिएका थिए
तिमीले मेरो नाम पनि उच्चाहरण गर्न सक्दैनथ्यौ
तिमी बेसहरा थियौ र म पनि त्यस्तै थिएँ
र, दुर्भाग्यवस इतिहासको पानाभरि तिमीले
अपमानको बिल्ला लगाएर उभिनु परेको थियो ।

रात अझ लम्बिँदै गइरहेको छ
अन्यायको पीडाहरू झन दुख्दै गइरहेका छन्
खाडलहरू झन कालो हुँदै गहिरिँदै गएको छ
असमानताको पर्खालहरू अझ अग्लिइरहेका छन्

तर आज,
हाम्रा पुर्खाका हजारौं वर्ष पुराना आत्माहरूले
गहिरो शब्दमा हामीहरूलाई भनिरहेका छन्
सयौं महासागरहरू, सयौं समुन्द्रहरूलाई पार गर्दै
हाम्रा पुर्खाका पुराना आत्माहरूले भनिरहेका छन्–
"एकापसमा नजिक आऊ
र, आफ्नो समुदायको रक्षा गर
हामी पुर्खाहरूले. विभिन्न समयमा त्याग गरेकाछौं
तिमी सन्ततीहरूको मुक्ति र स्वतन्त्रताको लागि
हामी पुर्खाहरूले पटक पटक वलिदान दिएका छौं"

त्यसैले,हामी पुर्खाहरू भन्छौं–
"जाग, एक आपसमा नजिक आऊ
र, आफ्नो समुदायको रक्षा गर"

रात अझ लम्बिँदै गइरहेको छ
अन्यायको पीडाहरू झन दुख्दै गइरहेकोछ
खाडलहरू झन कालो हुँदै गहिरिँदै गएको छ
असमानताको पर्खालहरू अझ अग्लिइरहेका छन्

त्यो अन्याय र अत्याचारको नर्क
जहाँ हामी बस्नुपऱ्यो र अझै बसिरहेका छौं
त्यो पीडाले हाम्रो चेतना तिखारिएको छ
र, ईच्छाशक्ति अझ दृढ भएको छ
अर्कोतिर,
अन्यायको रात अझै लम्बिँदै गइरहेको छ
त्यसैले, आफ्नो पीडा र आक्रोशयुक्त आँखाले
आफ्नै आत्मालाई हेर
त्यहाँ मुक्तिको चाहना सलबलाइरहेको छ

र, मलाई थाहा छ–
एकापसको निकटताले हामीमा ठूलो एकता ल्याउनेछ
र, जब म तिम्रो शरीर
र, तिम्रो इतिहासको उत्तार-चढावहरूलाई आँखा चिम्लेर हेर्छु
र, पाउँछु कि,
तिम्रो आँखा वरिपरि तिम्रो समुदाय र तिम्रो अस्तित्वप्रतिको

प्रेम नाचिरहेको हुन्छ
तिम्रो आँखामा तिम्रो समुदायप्रतिको प्रेम नाचिरहेको हुन्छ ।

त्यसैले, म जोडले भन्छु-
ताली बजाउँदै सबैजना यो बैठकहलमा आऊ
ताली बजाऊ र यो अपमानको बस्तीबाट मुक्त हुने प्रयास गर
एकसाथ ताली बजाऊ
एकापसमा अझ नजिक होऊ र आफ्नो मुटुलाई पुनः दह्रो बनाऊ
एकापसमा नजिक आऊ र आत्माभित्रको कमजोरीहरूलाई पुनः मूल्याङ्कन गर
एकापसमा अझ नजिक आऊ र आफ्नो आत्माहरू सफा गर
ताली बजाऊ र नयाँ यात्राको लागि तयारी होऊ
र, आफ्नो इतिहासमाथि अरूहरूद्वारा हुने अपमान
र, आफ्नोद्वारा हुने गद्दारी रोक
ताली बजाऊ,
र, नयाँ यात्राको लागि सानातिना ठाउँमा अल्झेका आत्माहरूलाई आह्वान गर
ताली बजाऊ, जोडले ताली बजाऊ
(एकत्रित होऊ र लाखौं मानिसहरू सडकमा उत्रेर कराऊ )
उत्साहपूर्ण आवाज निकालेर कराऊ र कराउँदै ताली बजाऊ
आफ्नो बोलीहरू मा उत्साह र जाँगर ल्याऊ
आफ्नो सुत्ने, खाने र काम गर्ने तरिकाहरूमा उत्साह र सुधार ल्याऊ

किनकि, पुर्खाहरूले हामीहरूलाई भनिरहेका छन्-
'अहिले हाम्रो जीवन र हाम्रो इतिहासहरू पीडायुक्त भएपनि
हामी भनेको अघि बढिरहने समुदायहरू हौं
जो एकदिन अवश्य पुनः ब्यूँझनेछ
जो एकदिन अवश्य पुनः ब्यूँझनेछ
हामी एकदिन अवश्य ब्यूँझनेछौं ।

**(भावानुवाद : कुमार लिङदेन 'मिराक')**

*(अफ्रिकन-अमेरिकन **माया एन्जेलु** अप्रिल ४, १९२८ मा  मिस्सोरी, अमेरिकामा जन्मिएकी हुन् । उनी कवयित्री, मानवअधिकारकर्मी, नृत्यकार, चलचित्र निर्मात्री, टेलिभिजन कार्यक्रम उत्पादक, नाटककार, चलचित्र निर्देशक, लेखिका, नायिका र प्राध्यापक हुन् । उनका ६ वटा जीवनी, ५ वटा निबन्ध र दर्जनौं कविता कृतिहरू प्रकाशित छन् । उनले दर्जनौं अवार्ड र ३० भन्दा धेरै सम्मानित डक्टरल डिग्रीहरु प्राप्त गरेकीछिन् । एन्जेलुका जीवनी तथा आत्मावृत्तान्तका सेरिजहरूले उनी चर्चितछिन् । जसमा उनको वाल्यकाल र प्रारम्भिक युवाकालको अनुभवहरु सङ्गालिएका छन् । एन्जेलुको पहिलो कृति 'मलाई थाहा छ किन पिंजडाको चराले गीत गाउँछ' (१९६९) ले उनको १७ वर्षसम्मको जीवनलाई बताउँछ । यसै कृतिले उनलाई प्रथमपटक अन्तर्राष्ट्रियस्तरसम्म चिनाएको पनि हो । - स.)*


Gov. Licence No. 741/064/065
वैदेशिक रोजगारीका लागि
साउदी अरब, कतार, दुवई(UAE),
कुवेत, मलेशिया, बहराइन
जानु परेमा भरपर्दो सेवाका
लागि हामीलाई सम्झनुहोस् ।
I.S. WARISAN OVERSEAS PVT. LTD.
I.S. WARISAN OVERSEAS PVT. LTD.
(Power House Overseas Concern)
Stupa, Chabahil-7, Kathmandu, Nepal
Tel No. : +977-1-4486579, 4485368
Email : is.warisan@yahoo.com
Bhulan Kumar Kurumbang
Managing Director
Mob. : +977-9851064220
Email : kurumbang@yahoo.com

Laxmi Prasad Budhathoki
Director
Cell: 9851089724

Gov. Lic. No.:548/062/63

बैदेशिक रोजगारीका लागि साउदी अरब, कतार, दुवई (यूएई), कुवेत, मलेसिया, बहराइन जानु परेमा भरपर्दो सेवाका लागि हामीलाई सम्झनुहोस् ।

€uro - Asia
Emplayment Service Pvt. Ltd.

G.P.O. Box: 8553
Airport-9, Kathmandu, Nepal
Tel. :+977-1-4494197
Fax: +997-1-4492404

Email: euro-asia2005@hotmail.com
euroasia71@yahoo.com(Online)

इटहरीमा हामी छौं
मुनलाइट रेष्टुरेण्ट एण्ड बार



प्रोप्राइटरः लक्ष्मी बुढाथोकी

सेवा र खानाको परिकारहरूः
लोकल कुखुरा र हुक्का,
इण्डियन, चाइनिज, कन्टिनेन्टल

सम्पर्क
मुन लाइट रेष्टुरेण्ट एण्ड बार
इटहरी १
फोन ०२५ ५८४३७३
अन्यसम्पर्कः ९८४१९१७०३६ ,९८५२०५४५८३,
९८५२०५४०२१



